news 24 दैनिक

वर्ष १३ अंक १८ राष्ट्रिय दैनिक | ७ भदौ २०८२, शनिबार भदौ कृष्ण औंशी | नेपाल संवत् ११४५ | Saturday 23 August 2025 | www.news24dainik.com | पृष्ठ ८ | मूल्य १० रुपैयाँ

### युनिटी लाइफ प्रकरण

# ठगिएकालाई रकम फिर्ता

- युनिटी लाइफमा रकम जम्मा गरिएको भौचर पेश गरे फिर्ता
- रकम फिर्ताका लागि जिल्ला अदालतमा निवेदन दिनुपर्ने



**भाषा शर्मा**
**काठमाडौं।**

तपाईं युनिटी लाइफको नेटवर्किङ व्यवसायमा ठगिनुभएको थियो ? ठगिएको कुनै प्रमाणसहित पेश गर्न सके, तपाईंको रकम अब फिर्ता हुने भएको छ। अब पैसा फिर्ता पाउन आफ्नै जिल्ला अदालतको तहसिल शाखामा निवेदन दिन सकिने भएको छ।

कुनै पनि व्यक्तिले युनिटी कम्पनीमा रकम जम्मा गरेको प्रमाणसहित दाबी गर्न आए, बिगो रकम फिर्ता दिन सर्वोच्च अदालतले आदेश दिएको छ। सर्वोच्च अदालतले २०७० को दशकमा निकै चर्चित नेटवर्किङ व्यवसायसँग सम्बन्धित युनिटी लाइफ इन्टरनेशनलको मुद्दा सल्टाउँदै ठगिएकाहरूको पैसा फिर्ता दिने गरी फैसला गरेको हो।

युनिटीको नाममा शेयर सदस्य वचतकर्ताको नामबाट रकम जम्मा गरिएको कम्पनीको नाममा रहेको चल अचल सम्पत्तिबाट नै रकम जम्माकर्ताको बिगो रकम भराइपाउने ठहर अदालतले गरेको हो। यो मुद्दाको फैसला कार्यान्वयनका लागि ललितपुर जिल्ला अदालतका तहसिलदारलाई जिम्मेवारी सर्वोच्च अदालतले तोकिदिएको छ।

प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत र न्यायाधीश तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले २०७४ सालमा सर्वोच्च अदालतमा प्रवेश गरेको ११५ जनाविरुद्धको मुद्दा गत वैशाख २ गते टुंग्याएको थियो।

सर्वोच्चले फैसलाको पूर्ण पाठ भने हिजो सार्वजनिक गरेको हो। फैसलाको पूर्ण पाठमा युनिटीमा सदस्य बनाउने र सदस्य बन्ने दुवै वर्गका व्यक्ति कम्पनीको काम कारोबारबाट ठगिएको ठहर गरेको छ। ठगिने व्यक्तिहरू किटान गर्नु अदालतको क्षेत्राधिकारको विषय परेन तर कम्पनीको योजनामा सदस्य बनी रकम जम्मा गर्ने सर्वसाधारण सबैलाई आ-आफ्नो बिगो रकम भराइ पाउने अवसर अदालतले दिएको छ।

पिरामिड शैलीमा सर्वसाधारणको रकम ठगी गरको भन्दै युनिटीविरुद्ध २०६५ सालमा जिल्ला अदालतमा ठगी मुद्दा दर्ता भएको थियो। जिल्ला अदालतले युनिटी लाइफसँग जोडिएका कतिपय व्यक्तिलाई थुनामा पठाएको थियो भने कतिपयलाई सफाइ दिएको थियो। युनिटीसँग सम्बन्धित १६ वटा मुद्दा सर्वोच्च अदालतले एकै पटकमा फैसला गरेको हो। सर्वसाधारणको अर्बौं रकम इजाजतबिना बैंकिङ प्रणालीअन्तर्गत जम्मा गरी ठगेको आरोप लागेको युनिटी लाइफ इन्टरनेसनल प्रकरणमा विभिन्न जिल्ला अदालतमा मुद्दा दर्ता भई फैसला भएका थिए।

बिगो रकमको कसबाट भराई पाउने र त्यसका लागि कस्ता प्रक्रिया अपनाउने भन्ने प्रश्नमा अदालतले स्पष्ट पारिदिएको छ। रकम जम्माकर्ताले आफूहरू शेयर सदस्य भएबापतको रकम युनिटी लाइफको नाममा जम्मा गरेका थिए। तर, केही सञ्चालक सदस्यहरूले कम्पनीको सम्पत्ति आफ्ना लगानी गरी आफ्नो नाममा बनाएको सम्पत्ति पनि कम्पनीकै हुने भएको छ। २०६५ साल चैत ४ मा सञ्चालक अध्यक्ष काशीराम गुरुङको नाममा काठमाडौं महानगरपालिकाको तत्कालीन वडा १५ को कित्ता नम्बर ५०, ५८, २०, ५२, ५३ र १७ का जग्गा खरिद गरेका थिए। कम्पनीको नाममा विभिन्न सम्पत्ति, कम्पनीकै नाममा विभिन्न बैंक खातामा रहेको नगद रकमसमेत मुद्दा दर्ता भएपछि रोक्का भएको थियो। *बाँकी पृष्ठ २ मा...*




**युनिटी-लाइफ इन्टरनेशनलसँग सम्बन्धित १६ वटा मुद्दालाई सर्वोच्च अदालतले एकै पटक फैसला गरेको हो**



शिक्षा विधेयक आफूहरूको हित विपरीत रहेको भन्दै निजी विद्यालयहरूले शुक्रबार काठमाडौंको चक्रपथ सडकमा विरोधस्वरूप स्कूल बस परिक्रमा गरेका छन्। देशका अन्य शहरमा पनि निजी विद्यालयहरूले कालो ब्यानर टाँसेर सडकमा बस उतारे। *तस्बिरः नेपाल फोटो लाइब्रेरी*

# शिक्षा विधेयकमा शिक्षक र विद्यालय दुवै असन्तुष्ट

- ५६ वर्षपछि पहिलो पटक शिक्षा विधेयक परिवर्तन
- माओवादी केन्द्र, रास्वपा र राप्रपाको फरक मत

**news 24**
**काठमाडौं, भदौ ६**

निजी विद्यालयका सञ्चालक सडकमा रहेको बेला विद्यालय शिक्षासम्बन्धी विधेयकको प्रतिवेदन प्रतिनिधिसभामा पेस गरिएको छ। शुक्रबार प्रतिनिधि सभाको बैठकमा प्रतिनिधि सभा अन्तर्गतको शिक्षा, विज्ञान तथा प्रविधि समितिका सभापति अम्मरबहादुर थापाले विधेयकको प्रतिवेदन पेस गरेका हुन्। बिहीबारको प्रतिनिधि सभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठकले विद्यालय शिक्षा विधेयक बहुमतले पारित गरेको थियो।

विद्यालय शिक्षा विधेयक झण्डै ५४ वर्षपछि बन्न लागेको हो। प्रतिनिधिसभाले विधेयकलाई समितिमा पठाएको थियो। समितिले छलफलसहित संशोधन गरी प्रतिवेदन पेश गरेको हो। शिक्षा विधेयकमा १५ वटा परिच्छेद १६३ वटा दफा राखिएका छन्। समितिले विधेयकसँग सम्बन्धित सरोकारवाला, निजी विद्यालय, अभिभावक, संघ, संगठनलगायतसँग छलफल गरेको थियो। विधेयकमा १६१ जना सांसदले १७५८ वटा बुँदामा संशोधन पेश गरेका थिए।

सरकारले शिक्षकहरूसँग गरेको सम्झौतालाई आधार मानी छलफल भएको सभापति थापाले बताए। विद्यालय शिक्षा विधेयकमा ४६ वटा बैठक बसेर समितिले छलफल गरेको थियो। 'समितिले ५८ वटा दफा परिमार्जन गरेको बताइएको छ। साथसाथै १३ वटा नयाँ दफा थपिएका छन्। ३ वटा दफा हटाइएका छन्। ६५ वटा दफा भने सरकारले पारित गरेकै राखिएका छन्। १७३ वटा दफा कायम गर्दै विधेयक परिमार्जित गरिएको छ,' थापाले बताए।

विधेयकमा निजी लगानीका विद्यालय सार्वजनिक गुठीमा समाहित हुन चाहेमा बाटो खुला गर्दै विधेयकको प्रतिवेदन तयार पारिएको हो। भौगोलिक विकटतालाई ध्यानमा राख्दै विद्यालय स्थानान्तरण वा गाभ्न सकिने व्यवस्था गरिएको छ। विद्यालयलाई हेरी सरकारले अनुदान रोक्नसक्ने गरी विधेयकमा राखिएको छ।

विद्यालयको नाम राख्दा नेपालीपन झल्किनुपर्ने विधेयकमा व्यवस्था गरिएको छ। विदेशी नाम परिवर्तन गर्न सक्ने व्यवस्था पनि रहेको छ। 'सार्वजनिक विद्यालयले विद्यार्थीसँग शुल्क लिन नपाउनेगरी व्यवस्था गरिएको छ,' सभापति थापाले भने। निजी विद्यालय सेवामूलक र लोककल्याणकारी रुपमा सञ्चालन गर्नुपर्ने व्यवस्था छ। त्यस्तै निजी विद्यालय विस्तारै गैरनाफामूलक हुनुपर्ने बताइएको छ। संसद्मा बोल्दै सभापति थापाले लामो समयपछि परिवर्तन हुन लागेको ऐनले विद्यालय शिक्षाको क्षेत्रमा उल्लेख्य सुधार हुने दाबी गरे।

**फरक मत पनि**

सभामा पेस भएको विधेयकमा प्रतिपक्षी दलहरू नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले फरक मत राखेका छन्। माओवादी केन्द्रले निजी विद्यालयले प्रदान गर्ने छात्रवृत्तिसम्बन्धी व्यवस्था संसदीय उपसमितिको प्रस्तावअनुसार गर्नुपर्ने लगायत पाँचबुँदे फरक मत राखेको छ। रास्वपाले पूर्ण छात्रवृत्ति आवास सहितको व्यवस्था हुनुपर्ने लगायत तीन बुँदे फरक मत राखेको छ।

यता राप्रपाले निजी विद्यालयलाई गैरनाफामूलक बनाउने भन्नेमा फरक मत राखेको छ। *बाँकी पृष्ठ २ मा...*

**भित्री पृष्ठमा**



**चीन-भारत व्यापार सम्झौता र नेपाल**
*चीन र भारतबीच भएको सीमा व्यापार मार्ग पुनः सञ्चालन गर्ने सहमतिले नेपालका लागि गम्भीर चुनौती सिर्जना गरेको छ*
*(खिमलाल देवकोटाको विचार)*

- विश्वासको मत नलिएकामा सरकारसँग सर्वोच्चले माग्यो जवाफ
- तीन पटक म्याद थपिए पनि फिर्के खोला पुल अधुरै
- गाजामा अनिकाल घोषणा
- तल्लो अप्सुवा जलविद्युत्का लागि ८ अर्ब ८४ करोडको लगानी स्वीकृत
- 'माग्ने राजा' कस्तो छ ?

# नागरिकतामा अब आमा पनि वंश

**news 24**
**काठमाडौं, भदौ ६**

राष्ट्रियसभाले नयाँ व्यवस्थाअनुसार आमा वा बाबुको नाम राखेर सन्तानले नागरिकता प्रमाणपत्र प्राप्त गर्न सक्नेगरी बनाइएको विधेयक शुक्रबार सर्वसम्मतिले पारित गरेको छ। संविधानमा हरेक नागरिकलाई नागरिकताको सुनिश्चिता गरे पनि व्यवहारिक कठिनाइ भएकाले विधेयक दोस्रो पटक संशोधनका लागि संसद्मा पुगेको थियो।

नागरिकता विधेयक गत असार १४ गते प्रतिनिसिधाबाट पारित भएको थियो। राष्ट्रियसभामा शुक्रबारको बैठकमा गृहमन्त्री रमेश लेखकले विधेयक प्रस्तुत गरेका थिए। अब नागरिकता विधेयक राष्ट्रियसभाले पुनः सन्देशसहित प्रतिनिधिसभामा पठाउनेछ। २०८१ माघ १५ गते गृहमन्त्री लेखकले प्रतिनिधिसभामा नागरिकता विधेयकलाई दोस्रोपटक संशोधनका लागि दर्ता गराएका थिए।

गृहमन्त्री लेखकले विधेयकमाथिको छलफलमा सांसदहरूले उठाएका प्रश्नका जवाफ दिएका थिए। आमाको नामबाट पनि नागरिकता पाउनसक्ने व्यवहारिक समस्यालाई समाधान गरी सुनिश्चित गरिएको उनले बताए। नागरिकता वितरण सम्बन्धमा ऐतिहासिक फड्को मारेको बताए।

'विधेयकले आमा पनि वंश हो भनेर व्यावहारिक रूपमा सुनिश्चित गरेको छ। कानून अभावका कारण आमाको नामबाट नागरिकता दिनसक्ने अवस्था थिएन। अब आमाको नामबाट वंशजको नागरिकता प्राप्त गर्न सकिनेछ,' गृहमन्त्रीले भने, 'नेपालको संविधान अनुसार कुनै पनि नागरिकलाई नागरिकता प्राप्त गर्नबाट वञ्चित नगर्ने भन्ने उद्देश्य हो।'

विधेयकलाई अझै परिस्कृत, वैज्ञानिक र व्यवहारिक र सरलीकृत गरेर पारित गरेको भन्दै मन्त्री लेखकले राष्ट्रियसभालाई धन्यवाद दिएका थिए। संवैधानिक व्यवस्थाअनुसार आम नेपाली नागरिकलाई नागरिकता पाउने झण्झटबाट मुक्ति दिनका लागि विधेयक ल्याइएको दाबी छ।



# विश्वासको मत नलिएकामा सरकारसँग सर्वोच्चले माग्यो जवाफ

news24
**काठमाडौं, भदौ ६**

सर्वोच्च अदालतले प्रधानमन्त्री केपी शर्मा ओलीले जनता समाजवादी पार्टीले समर्थन फिर्ता लिँदा पनि विश्वासको मत नलिएकोमा कारण देखाऊ आदेश जारी गर्दै सरकारसँग लिखित जवाफ मागेको छ। न्यायाधीश सुनिलकुमार पोखरेलको एकल इजलासले शुक्रबार प्रारम्भिक सुनुवाइपछि दुवै पक्षलाई छलफलमा बोलाउँदै सरकारसँग कारण माग गरेको हो।

कांग्रेस र एमालेकोसहितको सरकारमा सहभागी जनता समाजवादी पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि विश्वासको मत नलिएको दाबी गर्दै सर्वोच्च अदालतमा बिहीबार निवेदन दर्ता भएको थियो। प्रधानमन्त्री ओलीले सरकारमा रहन विश्वासको मत लिनुपर्ने माग निवेदनमा गरिएको छ। अधिवक्ता विरेन्द्र केसी संविधानअनुसार प्रधानमन्त्रीले विश्वासको मत लिनुपर्ने आदेश माग्दै सर्वोच्च अदालत पुगेका हुन। सो निवेदनउपर अब सर्वोच्चका दुई न्यायाधीश सम्मिलित संयुक्त इजलासमा



सुनुवाइ हुनेछ। त्यसपछि प्रधानमन्त्री ओलीले विश्वासको मत लिनुपर्ने वा नपर्ने भन्ने विषयमा निर्णय दिनेछ।

जनता समाजवादी पार्टी नेपालले २०८२ असार ३२ मा सरकारलाई दिएको समर्थन फिर्ता लिएको घोषणा गरेको थियो। त्यसको केहीदिन पछि सरकारलाई दिएको समर्थन समेत फिर्ता लिएको थियो। सरकारलाई दिएको समर्थन फिर्ता लिएको महिना दिन पुगिसक्दा पनि प्रधानमन्त्री ओलीले विश्वासको मत नलिएको निवेदनमा उठाइएको छ। निवेदकले विश्वासको मत लिनुपर्ने आदेश जारी हुनुपर्ने माग गर्दै प्रधानमन्त्री ओली, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सभामुख देवराज घिमिरे, संघीय संसद सचिवालय र राष्ट्रपति कार्यालय, शितल निवासलाई विपक्षी बनाएका छन्। नेपालको संविधानको धारा १०० मा विश्वास र अविश्वासको मतसम्बन्धी व्यवस्था गरिएको छ। प्रधानमन्त्रीले कुनै पनि बखत आफूमाथि प्रतिनिधिसभाको विश्वास छ भन्ने कुरा स्पष्ट गर्न आवश्यक वा उपयुक्त ठानेमा विश्वासको मतका लागि प्रतिनिधिसभा समक्ष प्रस्ताव राख्न सक्ने व्यवस्था छ। 'प्रधानमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा वा सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा ३० दिनभित्र प्रधानमन्त्रीले विश्वासको मतका लागि प्रतिनिधिसभा समक्ष प्रस्ताव राख्नुपर्नेछ,' संविधानमा उल्लेख छ।

प्रतिनिधिसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतबाट पारित हुन नसकेमा प्रधानमन्त्री आफ्नो पदबाट मुक्त हुनेछन्। 'प्रतिनिधि सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरू मध्ये एक चौथाइ सदस्यले प्रधानमन्त्रीमाथि सदनको विश्वास छैन भनी लिखित रूपमा अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछन्', संविधानमा भनिएको छ, 'तर, प्रधानमन्त्री नियुक्त भएको पहिलो दुई वर्षसम्म र एक पटक राखेको अविश्वासको प्रस्ताव असफल भएको एक वर्ष भित्र अविश्वासको प्रस्ताव पेश गर्न सकिने छैन।' प्रधानमन्त्री ओलीले दुई ठूला दलसहितको बहुमत सरकार भएकाले विश्वासको मत लिनुनपर्ने बताएका थिए।

# बिपी राजमार्गको आकस्मिक सूचना प्रणाली प्रयोगविहीन

काभ्रेपलाञ्चोक। गतवर्ष असोजमा आएको बाढीपहिरोले बिपी राजमार्गअन्तर्गत भकुण्डे-सिन्धुली सडकखण्ड क्षतविक्षत बन्यो। सयौं सवारीसाधनका हजारौं यात्री अलपत्रमा परे। राजमार्गको विभिन्न स्थानमा बाढीपहिरोले सडक अवरुद्ध हुँदा अलपल परेका यात्रीलाई स्थानीय तह र जिल्ला प्रशासन कार्यालयको पहलमा हवाइ उद्धार नै गर्नुपरेको थियो।

उक्त राजमार्गमा राखिएको आकस्मिक सूचना प्रणाली (इआइएस) बोर्डमा सूचना अद्यावधिक गरिएको भए ठूलो संख्यामा यात्री अलपत्र पर्ने थिएनन्। सिन्धुलीबाट काठमाडौंतर्फ आउने र काठमाडौंबाट त्यसतर्फ जाने यात्रीलाई सडक अवरुद्ध एवं जोखिमपूर्ण रहेको सूचना दिएको भए हजारौं यात्रीले त्यसबेला सास्ती खेप्नुपर्ने थिएन। संघीय राजधानी काठमाडौंलाई मध्यपहाडसँगै पूर्वी तराईसँग जोड्ने छोटो दूरीका रूपमा रहेको बिपी राजमार्गमा इआइएस बोर्डमा करिब पाँच वर्षदेखि आवश्यक सूचना अद्यावधिक गरिएको छैन।

तीन वर्षअघि उक्त प्रणालीबारे अध्ययन गरिए पनि आवश्यक सूचना दिन नसकिएको सडक डिभिजन कार्यालय भक्तपुरले जनाएको छ। राजमार्गको धुलिखेल-सिन्धुली-बर्दिबास सडकखण्डमा तात्कालिक अवस्थाबारे जानकारी दिने उद्देश्यले काभ्रेपलाञ्चोकको धुलिखेललगायत सिन्धुलीको बर्दिबाससम्म पाँच स्थानमा दशकअघि सडक हस्तान्तरणलगत्तै विभिन्न स्थानमा डिजिटल सूचना बोर्ड राखिएको थियो। राजमार्ग प्रवेशस्थल काभ्रेपलाञ्चोकको धुलिखेलस्थित बोर्डमा पनि मौसमअनुसारको सूचना अद्यावधिक हुन सकेको छैन। उक्त बोर्डमा तीन वर्षअघिसम्म सामान्य सूचना डिस्प्ले हुँदै आएको थियो।

सडक हस्तान्तरणपछि कन्सल्ट्यान्टद्वारा ब्यवस्थित गरिएको इआइएसको समयावधि सकिएपछि केही समय सञ्चालन भएपछि अपडेटसहित निरन्तरता दिन नसकिएको कार्यालयका प्रमुख सिनियर डिभिजनल इञ्जिनियर सुमन योगेशले बताए। उनका अनुसार यस वर्ष मर्मत गरी उक्त प्रणाीलाई सञ्चालन गरिनेछ। 'इआइएस् मर्मत र सञ्चालन निकै चुनौतीपूर्ण छ, जनशक्ति र आवश्यक बजेटसहित यस वर्ष सञ्चालन गर्ने प्रयास गर्नेछौं', योगेशले भने। बिपी राजमार्ग अरनिको राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको धुलिखेलबाट दायाँतर्फबाट सुरु हुन्छ।

इआइएस व्यवस्थित गरिएको सात वर्षपछि २०७९ मा सञ्चालन गर्न चासो राखेको विभागले पनि बजेट र जनशक्ति अभावका कारण निरन्तरता दिन नसकेको जनाएको थियो। दुई वर्षअघिसम्म धुलिखेल र खुर्कोटको डिजिटल बोर्डमा 'सवारी चलाउँदा सचेत रहनुस्', 'ट्राफिक नियमको पालना गरौं' जस्ता सामान्य सूचनामात्रै 'डिस्प्ले' हुने गर्दथे। हाल यी बोर्ड राखिएको स्थानमा सरसफाइसमेत नुहँदा घाँस र रुख उम्रिएर बोर्ड छोपिने अवस्थामा छन्।

उक्त प्रविधिलाई पूर्णता दिई सञ्चालनमा ल्याउन सडक विभागले जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)को एक्सपोर्ट टिमलाई अध्ययन स्वीकृति दिएको थियो। उसको प्रतिवेदनपछि प्रणालीलाई निरन्तरता दिने योजना बनाइए पनि बजेट र जनशक्ति नहुँदा मर्मत गरी सञ्चालन गर्न नसकिएको विभागले जनायो। विभागले सडक निर्माणकर्ता जाइकाले सडकसँगै उक्त प्राणालीको विकास गरेको तर केही समयपश्चात उक्त प्रविधिलाई जनशक्ति अभाव तथा अन्य प्राविधिक समस्याका कारण निरन्तरता दिन नसकिएको जनाउँदै आएको छ। उक्त मार्गलाई नेपालकै नमूना बनाउन यस्तो प्रणालीको विकास गरिएको आयोजनाले जनाएको थियो।

यस्तो प्रणालीले राजमार्गको अवस्था तथा आकस्मिक घटनामा तत्काल उद्धार गर्न सकिने संयन्त्र निर्माण गर्न सकिने अपेक्षा गरिएको थियो। बिपी राजमार्गलक्षित संघीय राजधानी काठमाडौंबाट अरनिको राजमार्ग प्रवेशक्षेत्र कोटेश्वरमा समेत एउटा सूचना बोर्ड राखिएको थियो। यस प्रणालीअन्तर्गत चारवटा केन्द्रमा स्थापना भएका 'अटोमेटिक रेनफेल अब्जर्भेसन सिस्टम'ले निरन्तर रूपमा वर्षातको मापन गरेर सडक विभागस्थित 'डाटा सेन्टर'मा सूचना पठाउँछ। उक्त प्रणालीअन्तर्गत डाटा सेन्टरमा निरन्तर आउने प्रकोपका विवरण जिपीआरएस मोडेममार्फत मोबाइल, वेभसाइट र सडक सूचना बोर्डमा आफैँ अपडेट हुन्छ। यी विवरणहरू 'एलइडी डिस्प्ले' बोर्डहरूमा नेपाली र अंग्रेजी दुवै भाषामा उपलब्ध हुने डिजाइन गरिएको थियो। चौबिसै घण्टा विवरण अपडेटमा लोडसेडिङले समस्या हुनसक्ने जनाउँदै सबै केन्द्रमा सौर्यशक्ति (सोलार)मार्फत विद्युत् आपूर्ति हुने व्यवस्था पनि मिलाइएको थियो।

राजमार्गमा वर्षा, बाढीपहिरो जस्ता प्राकृतिक प्रकोप तथा सडक दुर्घटनाबारे तत्काल मोबाइल, वेबसाइटमा जानकारी आउने व्यवस्था मिलाइने योजना बनाइएको थियो। यही जानकारी राजमार्गको वेबसाइट तथा कोटेश्वर, धुलिखेल, खुर्कोट, सिन्धुली र बर्दिबासमा रहको डिजिटल सूचना बोर्डमा पनि हेर्न सकिने प्रविधि जडान गर्ने आयोजनाको लक्ष्य थियो। राजमार्गको अवस्थाबारे मोबाइल तथा वेबसाइटमा जानकारी लिनसक्ने गरी १० वर्षअघि उक्त प्रविधि जडान गर्न सडकखण्डको विभिन्न स्थानमा सूचना प्रविधिका भौतिक पूर्वाधारलगाययत संरचना निर्माण तथा व्यवस्थापन गरिएको हो। *रासस*

# शुक्लाफाँटामा विश्वकै दुर्लभ १९ प्रजातिका चरा

कञ्चनपुर। हरिया फाँट, घना सालका जंगल र सिमसार क्षेत्रले सजिएको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज केवल बाघ, गैँडा र बाह्रसिङ्गाकै लागि मात्र चिनिएको छैन। यो राष्ट्रिय निकुञ्ज चराचुरुङ्गीका दृष्टिकोणले पनि अद्वितीय मानिन्छ। निकुञ्जमा चार सय ६५ प्रजातिका चरा पाइने भए पनि तीमध्ये १९ प्रजाति विश्वमै दुर्लभ श्रेणीका छन्।



विश्वमै दुर्लभ सीमतित्रा, सारस, भुँडीफोर गरुड, खर मजुर, सानो खरमजुर, सेतो गिद्ध, डंगर गिद्ध, सानो खैरो गिद्ध, सुन गिद्ध, बोक्सी चिल, जीवहारा महाचिल, लघु महाचिल, सानो बौडाइ, राज लहाँचे, सेतो कण्ठे धिप्सी, कासेघाँसे, बरी, नरक भ्याकुर, सुनौलो तोप चरा, बगाल बगेडीलगायत चरा निकुञ्जमा पाइन्छन्।

नेपाल पन्छी संरक्षण संघ (विसिएन)का चराविज्ञ हिरूलाल डगौराका अनुसार ती दुर्लभ प्रजातिमध्ये सबैभन्दा संकटापन्न अवस्थामा खरमजुर रहेको छ। निकुञ्जमा यस चराको संख्या निकै कम छ। घाँसेमैदानमा बासस्थान बनाउने यो चरा शुक्लाफाँटाको पहिचानसँगै जोडिएको छ।

सुनौलो तोप चरा त शुक्लाफाँटामा मात्र पाइन्छ। घाँसेमैदानदेखि लालपानी, मोहनपुर, सिंहपुरजस्ता क्षेत्रमा यसको उपस्थिति देखिन्छ। घाँसेमैदान र सिमसार क्षेत्र नजिकका काँटेदार रुखहरूमा यस चराले गुँड लगाउने गर्छ। एउटै रुखमा यस चराका दर्जनौं गुँड रहने गर्दछन्।

ठूलो धनेस र राजलहाँचेजस्ता प्रजाति भने निकुञ्जको घना सालको जंगलमा पाइने चराविज्ञ डगौरा बताउँछन्। हिउँदमा बसाइँ सर्ने क्रममा आउने सेतो कण्ठे धिप्सी, ताल-तलाउ वरिपरि बस्ने सारस तथा विभिन्न किसिमका गिद्धहरू पनि यहाँ पाइन्छन्।

निकुञ्जमा गिद्धका आठ प्रजाति पाइन्छन्। जसमध्ये चार प्रजाति डंगर गिद्ध, सानो खैरो गिद्ध, सुन गिद्ध र सेतो गिद्ध अति संकटापन्न अवस्थामा छन्। डंडर गिद्धको संख्या केही बढेको भए पनि बाँकी प्रजातिहरूको संख्या अत्यन्तै न्यून रहेको चराविज्ञ डगौरा बताउँछन्। निकुञ्जमा पाइने गिद्धका प्रजाति अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघ (आइयुसिएन)को रातो सूचीमा सूचीकृत छन्।

शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज हिउँदमा बसाइँ सारेर आउने चराहरूको गन्तव्य पनि हो। टाउके हाँसजस्ता दुर्लभ जलपन्छी हिउँदयाममा यहाँको तालतलाउमा आउने गर्दछ। नेपाल पन्छी संरक्षण संघले गरेको पछिल्लो सर्वेक्षणअनुसार निकुञ्ज र आसपासका सिमसार क्षेत्रमा करिब पाँच हजार ८८२ जलपन्छी पाइएका थिए। हिउँदयाममा सिमसार क्षेत्र चराले भरिभराउ हुने हुँदा यो निकुञ्ज पन्छी अवलोकनकर्ताका लागि पनि आकर्षण केन्द्र बनेको छ। तीन सय पाँच वर्गकिलोमिटरमा फैलिएको निकुञ्जमा ७१ प्रतिशत भाग वनले ढाकेको छ, जसमा सालको वन ८० प्रतिशतभन्दा बढी छ। यिनै वन र घाँसेमैदान चराको मुख्य बासस्थान हुन्।

चराविज्ञ डगौराका अनुसार तालतलाउ जलकुम्भी र नरकटले ढाकिँदै गएर चराको खेल्ने ठाउँ साँघुरिँदै गएको छ। घाँसेमैदानमा चराको प्रजनन हुने बेला वैशाख-जेठतिर डढेलो लाग्दा गुँड र बासस्थान नष्ट हुने गर्दछन्। निकुञ्ज बाहिरका सिमसार क्षेत्र अतिक्रमण, खेतीपाती र संरचनात्मक विकासका कारण झन् संकुचित बन्दै गएका छन्।

सामुदायिक वनमा हुने वृक्षरोपण पनि अर्को चुनौती बनेको छ। विज्ञहरूका अनुसार घाँसे फाँटमै प्रजनन गर्ने चरालाई यो कार्यले नोक्सान पुऱ्याइरहेको छ। 'घाँसको फाँटमै धेरै चराले गुँड बनाउँछन्, त्यहाँ रुख लगाइएपछि उनीहरूको बासस्थान हराउँछ', डगौराले भने।

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृत पुरुषोत्तम बाग्लेका अनुसार निकुञ्जभित्र दुर्लभ चराको संरक्षणका लागि कार्य अगाडि बढाइँदै आएको छ। घाँसेमैदानमा बासस्थान भएका चराको बासस्थानलाई डढेलोले बढी क्षति पुऱ्याउने गरेको देखिएको छ। कहिलेकाहीं हुरीबतासले गर्दा लाग्ने ठूलो डढेलोले रुखमा गुँड बनाउने चरालाई पनि समस्यामा पार्ने गरेको छ। चोरी-सिकारी नियन्त्रण गर्न १४ वटा निकुञ्ज पोष्ट र नेपाली सेनाका १९ वटा पोष्ट स्थापना गरिएको छ।

अहिलेसम्म दुर्लभ चराको चोरी-सिकार भएको आधिकारिक तथ्यांक नभएको उनको भनाइ छ। स्थानीय बासिन्दालाई चरा संरक्षणसम्बन्धी तालिम, गोष्ठी र छलफलमार्फत संघसंस्थाको सहयोगमा तथा निकुञ्ज आफैंले पनि चेतना फैलाउने कार्य गर्दै आएको छ। चराको प्राकृतिक बासस्थानमा खलल नपुगोस् भन्ने लक्ष्यसहित स्थानीय सरोकारवाला र निकुञ्ज प्रशासनले सहकार्य गर्दै आएका छन्।

शुक्लाफाँटा केवल चरामात्र होइन, पाटेबाघ, एकसिंघे गैँडा, जंगली हात्ती, बाह्रसिंघा, नीलगाई, घडियाल गोही, चितुवालगायत दुर्लभ वन्यजन्तुको बासस्थान पनि हो। यही जैविक विविधता र चराचुरुङ्गीको समृद्धिले गर्दा यो निकुञ्ज विश्वभरिका अनुसन्धानकर्ता र पर्यटकको आकर्षणको केन्द्र बन्दै गएको छ।

*रासस*

## शिक्षा विधेयकमा...

समितिले बिहीवारको बैठकबाट विधेयक पास गरेको थियो। प्रतिवेदन पेस गर्दै सभापति थापाले सरोकारवाला सबै पक्षसँग औपचारिक तथा अनौपचारिक रुपमा छलफल गर्दै विधेयकलाई समृद्ध बनाइएको बताए।

यता, बिहीबारदेखि निजी विद्यालय सञ्चालकले माइतीघरमा प्रदर्शन थालेका थिए। उनीहरू शुक्रबार संसद् भवन अगाडि विरोध प्रदर्शन गरेका थिए। निजी विद्यालयलाई क्रमशः गैरनाफामूलक बनाउने प्रावधान र पूर्ण छात्रवृत्तिबाट आवास सुविधा हटाउन उनीहरूले माग गरेका छन्। कम्पनीमा रहेर गैरनाफामूलक हुन नसक्ने उनीहरूको माग छ। निजीले आवास सुविधासहितको पूर्ण छात्रवृत्ति दिन नसकिने मागसहित प्रदर्शन थालेका हुन्।

आफ्नो असन्तुष्टि रहेका प्रावधानहरू नसच्याए भदौ ११ देखि आन्दोलन गर्ने शिक्षक महासंघले घोषणा गरेको छ। २०७५, २०७८, २०८० र २०८१/८२ मा सरकारसँग भएका सहमति कार्यान्वयन नभएको महासंघले जनाएको छ। महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले प्रतिनिधिसभा र राष्ट्रिय सभामा सच्याउन प्रयत्न गर्ने बताएका छन्। नसच्चिए गएको चैतमा काठमाडौंमा देशभरिका शिक्षकहरू भेला गरी गरिएको आन्दोलनभन्दा ठूलो आन्दोलन गर्ने चेतावनी उनले दिए।

विद्यालय शिक्षा विधेयकमा पाठयक्रमलाई समयानुकूल परिमार्जन गर्नुपर्नेसहित प्रतिनिधिसभामा प्रतिवेदन पेश गरिएको छ। कृषि, पर्यटन, उद्यमशीलता, सूचना प्रविधि, खेलकूद, संगीत, योग, शिक्षा, वातावरण संरक्षण, जलवायु परिवर्तन, विपद व्यवस्थापन, सामाजिक न्याय र मानवअधिकार, आधारभूत जनस्वास्थ्य, नागरिकको शिक्षा, शासन प्रणाली तथा परिवर्तित सन्दर्भसमेत समावेश हुनेगरी व्यवस्था गरिएको छ। पाठयपुस्तकमा नेपाली समाज, संस्कृति, इतिहास र भूगोलसहित व्यवसायिक र व्यवहारिक जीवनपयोगी सदाचारका विषयहरू राख्नुपर्ने भएको छ। यदि विधेयक दुवै सदनबाट यी बुँदासहित पारित भएमा पाठयक्रम, पाठयपुस्तकमा व्यापक परिमार्जन गर्नुपर्ने देखिएको छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**पुष्पाञ्जली फेसन एण्ड इभेन्ट प्रा.लि.को २०८२/०५/०१ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंको प.सं. ८२/८३, च.नं. कम्पनी प्र./३३५७३, मिति २०८२/०५/०३ को पत्र अनुसारको निर्णयबाट साविकको पुष्पाञ्जली फेसन एण्ड इभेन्ट प्रा.लि.को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम पुष्पाञ्जली इभेन्ट प्रा.लि. कम्पनीले सकार्ने व्यहोर्ने गरी साबिकको नाम परिवर्तन गर्न स्वीकृती प्राप्त भए बमोजिम यस कम्पनीको नाम पुष्पाञ्जली इभेन्ट प्रा.लि. (Pushpanjali Event Pvt Ltd) कायम गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

## ठगिएकालाई रकम...

अब यिनै सम्पत्ति बेचेर सर्वसाधारण र शेयर सदस्यको रकम फिर्ता हुनेछ।

'सम्पत्ति र कम्पनीको कोष रकम लगानी गरी बढे बढाएको सम्पत्ति परिचालन गरी सोही सम्पत्तिबाट सम्पूर्ण सदस्यहरूको शेयर रकम भरी पाउने ठहर्छ,' अदालतले भनेको छ। ठगीको कसूर सार्वजनिक प्रकृतिको रहेको र कम्पनीमा रकम जम्मा गर्ने सबै व्यक्ति पीडित भएको अदालतको ठहर छ।

फैसला पाएको पन्ध्र दिनभित्र कम्पनीको नाममा रकम जम्मा गरेका सबै व्यक्तिलाई आ-आफ्नो बिगो रकम दाबी गर्ने प्रयोजनका लागि एक महिनाको म्याद दिएर सूचना प्रकाशित गर्नुपर्नेछ। पहिलो पटक सूचना प्रकाशित भएको मितिले सात/सात दिनको फरकमा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा एक महिनाको म्याद दिई दोस्रो र तेस्रो पटक सूचना प्रकाशन गर्नुपर्नेछ। त्यसपछि रकम जम्मा गरेकाहरूले आफ्नो बिगो रकमको दाबी तोकिएको म्यादभित्र कुनै पनि जिल्ला अदालतको तहसिलदारसमक्ष पेस गर्न सक्नेगरी व्यवस्था गरिएको छ। 'दाबी गरिएका निवेदनहरू म्याद समाप्त भएको १५ दिनभित्र सबै जिल्ला अदालतले ललितपुर जिल्ला अदालतको तहसिलदारसमक्ष पठाउन सक्नेछन्,' फैसलामा भनिएको छ। बिगो रकम दाबी गर्दा आफूसँग भएको प्रमाणसहित दाबी गर्न आह्वानको बाटो खोलिएको छ। दाबी बिगो रकम भराउँदा कम्पनीको नाममा रोक्का रहेको चल अचल सम्पत्ति र कम्पनीको सम्पत्ति प्रयोग गरी सञ्चालकका नाममा खरिद गरिएको सम्पत्तिबाट भराइ दिनेगरी सर्वोच्चले बाटो खुला गरिदिएको छ।

बिगो भराउने प्रयोजनका लागि कुनै रोक्का रहेको सम्पत्ति बेचबिखन गर्नुपर्ने भएमा तहसिलदारको अनुमतिमा रोक्का फुकुवा गरी बेचबिखन गर्न सकिनेछ। कुनै सम्पत्ति बेचबिखन हुन नसक्ने भएमा प्रचलित कानूनबमोजिम लिलाम गरी भराइ दिने पनि उपाय सर्वोच्चले दिएको छ। कम्पनीको नाममा रहेको वा कम्पनीको कोष प्रयोग गरी सञ्चालकको नाममा खरिद गरिएको सम्पत्तिबाट सबै जम्माकर्ताको बिगो रकम भराइ दिन नसकिएमा रकम जम्मा गरेको अनुपातमा बिगो रकम भराइदिन भनिएको छ। २०६२ सालमा यो संस्था प्राइभेट कम्पनीको रुपमा दर्ता भएकोले प्रति सदस्य १० हजार रुपैयाँ उठाइएको थियो। पछि पब्लिक लिमिटेडमा परिणत गरी सदस्य शुल्क बढाइएको थियो। युनिटी लाइफ इन्टरनेशनल लिमिटेडमा मुद्दा दर्ता हुँदासम्म सदस्यको संख्या ४ लाख रहेको दाबी थियो।

युनिटी लाइफ इन्टरनेसनलका सञ्चालकहरू काशीराम गुरुङ, भीमबहादुर गुरुङ, इन्द्रबहादुर विक, नेत्र राजवंशी, कृष्णबहादुर क्षेत्री, महेन्द्र केसी, विष्णुबहादुर क्षेत्रीलाई जनही दुई वर्ष ६ महिना कैद र जनही २५ हजार जरिबाना तोकिएको छ। काशीराम, भीमबहादुर, इन्द्र, नेत्र, कृष्ण यसअघि नै जेल बसेर निस्केकाले उनीहरूको कैद र जरिवाना दुवै मिनाहा भैसकेको छ। महेन्द्रको हकमा भने कैद र जरिवाना दुवै बाँकी छ। कतिपय यस अघि नै जेल बसिसकेकाले अब बस्नुपर्ने छैन।

विष्णुबहादुर क्षेत्रीको यसअघि नै मृत्यु भएकाले उनको हकमा कैद र जरिवानाको लगत कट्टा हुनेगरी फैसला भएको छ। क्षेत्रीको हकमा 'अदालतबाट कसुरदार ठहरी सजाय पाएको व्यक्तिको मृत्यु भएमा मृत्यु हुँदाका बखतसम्म कार्यान्वयन हुन बाँकी रहेको सम्पूर्ण कैद सजाय वा जरिबाना स्वतः मिनाहा हुने' व्यवस्था छ।

युनिटीका महाप्रबन्धक शिशिर योगीलाई एक वर्ष कैद र १० हजार रुपैयाँ जरिवाना ठहर भएको छ। योगी पनि यस अघि नै थुनामा बसिसकेकाले कैद र जरिवाना कट्टा भैसकेको छ। त्यसैगरी निर्देशक विश्वनाथ गौतमलाई एक वर्ष कैद र १० हजार रुपैयाँ जरिबाना ठहर भएको छ। विश्वनाथको पनि कैद र जरिवाना दुवै कट्टा भैसकेको छ।

युनिटी सुरुमा २०६२ फागुन १७ मा इन्स्युरेन्स युनिटी लाइफ इन्टरनेसनलका नाममा कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता भएको थियो। त्यसपछि २०६४ सालको भदौमा नाम परिवर्तन गरी युनिटी लाइफ इन्स्युरेन्स बनाई बिमालगायत गैरकानुनी काम थालिएको थियो। २०६७ फागुन २८ मा युनिटीविरुद्ध संगठित रूपमा ठगी गरेको भन्दै पीडितले ललितपुर जिल्ला अदालतमा ठगी मुद्दा दर्ता गरेका थिए। नेपालभित्र र बाहिर गरी युनिटीले तीन लाख ६८ हजार सात सय १० जनालाई सदस्य बनाएको अनुसन्धानमा भेटिएको थियो।

तीमध्ये ४ हजार १४४ जनाले युनिटीले नेटवर्किङका नाममा ठगी गरेको भन्दै उजुरी गरेका थिए। उजुरीपछि सरकारी वकिलले एक सय १२ जनाविरुद्ध ठगी मुद्दा दायर गरेको थियो। त्यसपछि ८१ जना फरार थिए भने ३१ जनालाई अभियोगसँगै अदालतमा पेस गरिएको थियो। युनिटीले सुनसरी, कास्की, बागलुङ, चितवन र रूपन्देहीमा शाखा कार्यालय नै खोलेर सर्वसाधारणसँग रकम उठाएको थियो। २२ वटा विभिन्न कम्पनी र संस्थामार्फत अस्पताल, सपिङ सेन्टर, ट्राभल्स, रियल स्टेट, डिपार्टमेन्टल स्टोर, विज्ञापन एजेन्सी, डेरी उद्योग, हाइड्रोपावर कम्पनी खडा गरेर लगानीका नाममा रकम संकलन गरेका थिए। कम्पनीले नेटवर्किङ व्यवसाय गरे पनि स्वीकृति लिएको थिएन। कम्पनीको महत्वपूर्ण पदमा बसेकाहरूले ठेक्कापट्टा, जग्गा खरिदबिक्री जस्ता काम गरेको भेटिएको थियो।

आव २०६२/६३ देखि २०६६/६७ को अवधिमा तीन लाख ६८ हजार जनालाई सदस्य बनाएर युनिटीले तीन अर्ब ८३ करोड ४ लाख रूपैयाँ उठाएको थियो। संकलित रकमबाट एक अर्ब ८३ करोड ७ लाख ५० हजार रूपैयाँ कमिसन बाँडेको अनुसन्धानमा खुलेको थियो। सञ्चालकहरूले ३७ वटा संस्था दर्ता गरी लगानी गरेको भेटिएको थियो। अनुसन्धानका क्रममा युनिटीले एक अर्ब १५ करोड रूपैयाँ घरजग्गामा लगानी गरेको, ४१ करोड २८ लाख रूपैयाँ बैंक मौज्दात राखेको भेटिएको थियो। मुद्दा दर्ता हुनुअघि युनिटीका नाममा विभिन्न बैंकमा ४१ करोड २८ लाख सात सय ८३ रूपैयाँ मौज्दात थियो।

अदालतमा युनिटी प्रकरणसँग सम्बन्धित इजाजत नलिइकन कारोबार तथा ठगी र राजस्व चुहावटसहित तीन छुट्टाछुट्टै विषयमा मुद्दा दर्ता भएका थिए। युनिटी लाइफले ठगी गरेको बताउँदै चार हजार एक सय ४० जनाले प्रहरीमा उजुरी दिएका थिए। २०७० चैत १८ गते ललितपुर जिल्ला अदालतले 'संगठित अपराध' भएको ठहर गरेको थियो। शुरुमा युनिटीका अध्यक्ष काशीराज गुरुङ र अन्य ११ सञ्चालकलाई जनही तीन वर्ष कैद र १२ करोड ७५ लाख जरिवाना तथा सोहीबराबर जरिबाना भराउने फैसला सुनाइएको थियो। त्यसपछि जिल्लाको फैसलामा चित्त नबुझाई तत्कालीन पुनरावेदन (हालका उच्च) अदालतमा पुनरावेदन मुद्दा दर्ता गरिएका थिए। ती सबै मुद्दमा चित्त नबुझी सर्वोच्चमा पुनरावेदन गरिएको थियो। सर्वोच्चले ८ वर्षपछि फैसला गरेको हो।

## आजको राशिफल

**मेष**
आजको दिन उत्साहजनक रहनेछ। रोकिएका काम अघि बढ्नेछन्। पारिवारिक सहकार्यले मन खुशी बनाउनेछ। खर्चमा थोरै संयम आवश्यक।

**वृष**
थोरै मानसिक तनाव हुन सक्छ। आत्मविश्वासमा कमी महसुस होला। काममा ढिलासुस्ती हुन सक्ने भएकाले धैर्य राख्नुहोला।

**मिथुन**
सामाजिक मान-सम्मान बढ्नेछ। व्यापार वा नोकरीमा फाइदाको योग छ। साथीभाइसँग सहयोग र सल्लाहले निर्णय सजिलो हुनेछ।

**कर्कट**
आज कुनै महत्त्वपूर्ण जिम्मेवारी हातमा पर्न सक्छ। आत्मबलले सफल बनाउनेछ। वरिष्ठ व्यक्तिको सहयोग मिल्नेछ।

**सिंह**
यात्राको सम्भावना छ, तर सावधानी अपनाउनुहोस्। अनावश्यक विवादमा नपर्नुहोस्। सोचेर मात्रै बोल्नु राम्रो हुन्छ।

**कन्या**
नयाँ योजना बनाउन अनुकूल समय छ। आर्थिक पक्ष सुधार हुनेछ। प्रियजनसँग सुमधुर सम्बन्ध बन्नेछ।

**तुला**
कामको प्रशंसा हुनेछ। तर, आलस्यले केहि अवरोध ल्याउन सक्छ। घरमा सानो मतभेद हुनसक्छ, धैर्य राख्नुहोला।

**वृश्चिक**
दिन मध्यम छ। शारीरिक थकान र आलस्य बढ्न सक्छ। आर्थिक कारोबारमा होसियारी आवश्यक छ।

**धनु**
आज नयाँ अवसर आउने सम्भावना छ। प्रतिस्पर्धीलाई हराउन सकिने दिन हो। प्रेम र सम्बन्धमा मिठास आउनेछ।

**मकर**
काममा फुर्तिको खाँचो महसुस हुनेछ। अरूको कुरामा धेरै ध्यान नदिनु राम्रो हुन्छ। स्वास्थ्यमा सुधार देखिनेछ।

**कुम्भ**
पुराना कामहरू पूरा हुने संकेत छ। धनलाभको अवसर मिल्नेछ। दाम्पत्य जीवनमा सन्तुलन आवश्यक।

**मीन**
दैनिक क्रियाकलापमा सफलता मिल्नेछ। अध्ययन, अध्यापन वा अनुसन्धानमा लाभ हुनेछ। मन प्रसन्न रहनेछ।

# फिर्के खोला पुल छ वर्षमा तीन पटक म्याद थपिए पनि अधूरै

**सुमन ढुंगाना/राजु गिरी**
**पोखरा, भदौ ६**

गण्डकी प्रदेशको पहिलो ६ लेनको भूपी शेरचन राजमार्ग (पोखराको जिरो किलोमिटरदेखि हरिचोकसम्मको चार किलोमिटर) प्रदेशकै गौरवको परियोजनाका रूपमा चिनिन्छ। यही सडक खण्डको बीचमा पर्ने फिर्के खोलाको पुलको निर्माण शुरु भएको छ वर्ष बित्दा पनि अधूरै छ। तीनपटक म्याद थपेर पनि काम नसकिएपछि सडक डिभिजन, पोखराले निर्माण कम्पनीको ठेक्का रद्द गरिसकेको छ। ठेक्का रद्द भएसँगै अब यो पुल कहिले बन्ने भन्ने अन्योल पनि थपिएको छ।

फिर्के खोलाको पुल नबन्दा समस्या केवल निर्माणको ढिलासुस्तीमा सीमित छैन। दुवैतर्फ छ लेनको फराकिलो सडक भए पनि बीचको पुल केवल दुई लेनको भएकाले दैनिकजसो सवारी दुर्घटना हुने गरेको छ। स्थानीय प्रशासनका अनुसार यसै क्षेत्रमा हालसम्म करीब एक दर्जन व्यक्तिले ज्यान गुमाइसकेका छन् भने प्रायः हरेक दिन साना-ठूला दुर्घटनाहरू भइरहन्छन्।

पोखराको वडा नम्बर ४ र ५ जोड्ने यो पुल आधुनिक शहरका लागि अत्यन्तै आवश्यक पूर्वाधार हो। तर यसरी अलपत्र रहँदा गण्डकी प्रदेशको नमूना सडक पनि



कुरुप बनेको छ।

पुल निर्माणको ठेक्का २०७५ असोज ८ गते काठमाडौंस्थित शान्ति-आरोग्य जेभी नामक निर्माण कम्पनीले १२ करोड ३२ लाख रुपैयाँमा पाएको थियो। सम्झौता अनुसार २०७७ चैत ३० गते काम सम्पन्न गर्नुपर्ने थियो। तर, पटक-पटक गरेर तीन पटक म्याद थप्दा पनि काम नसकिएपछि २०७८ सालको असार २० का लागि तोकिएको अन्तिम म्याद पनि गुज्रिसकेको छ।

काम नगर्ने, तर पैसा लिने प्रवृत्तिमा उत्रिएको कम्पनीले झन्डै तीन करोड रुपैयाँ भुक्तानी लिइसकेको तथ्य सार्वजनिक भएको छ। सडक डिभिजन कार्यालय पोखराका इन्जिनियर ध्रुव पोखरेल भन्छन्, 'काम गर्न नसकेपछि ठेक्का सम्झौता गएको वैशाख १० गते रद्द गरिएको हो।'

ठेक्का रद्द भए पनि शान्ति जेभी पछि हटेको भने छैन। कम्पनीले 'काम गर्न दिनुपर्छ' भन्ने मागसहित उच्च अदालत पाटनमा मुद्दा दायर गरेको छ। अब यो मुद्दा टुंगिएपछि मात्र सरकारले पुनः नयाँ ठेक्का प्रक्रिया अगाडि बढाउन सक्छ। त्यसमा पनि पहिले शान्ति जेभीसँग असुल-उपर गर्नुपर्ने अनि अर्थ मन्त्रालयबाट बजेट सुनिश्चित गर्नुपर्ने हुन्छ। यी सबै प्रक्रिया सकिएपछि मात्र पुनः निर्माणको कार्य शुरु गर्न सकिने अवस्था छ।

सडक डिभिजनका इन्जिनियर पोखरेल भन्छन्, 'कम्पनीले वातावरण नपाएको भन्दै अदालत पुगे पनि डिभिजनको तर्फबाट ठेक्का प्रक्रिया भने कानूनी आधारमा अघि बढिसकेको छ।'

पुल नबन्दा स्थानीय जनजीवनमा प्रत्यक्ष असर परेको छ। नेपाल उद्योग वाणिज्य महासंघ गण्डकीका संस्थापक अध्यक्ष सञ्जीवबहादुर कोइराला भन्छन्, 'फराकिलो सडकमा साँघुरो पुल हुँदा सवारी आवागमन अत्यन्तै जोखिमपूर्ण भएको छ। दुर्घटना र जाम त सामान्य भइसकेको छ।'

उनी थप्छन्, 'शहरकै बीचमा यस्तो अवस्था हुनु भनेको चरम लापरबाही र विफलता हो। हरेक वर्ष बजेट आउँछ, ठेक्का लाग्छ, तर काम हुँदैन। जनताले निरन्तर सास्ती खेप्नुपरेको छ।'

फिर्के खोलाको ५० मिटर लामो पुल चार लेनको बनाइनुपर्ने भए पनि अहिले त्यो आवश्यकता केवल कागजमै सीमित छ। ठेकेदारको मनोमानी, सरकारी कमजोरी र ढिलासुस्तीको मारमा परेका पोखरेलीहरू छ वर्षदेखि एउटै पुल नबनेको अवस्थालाई टुलुटुलु हेर्न बाध्य छन्।

स्थानीयहरू भने आफूहरूले बारम्बार आवाज उठाए पनि दण्डहीनताको संस्कारले गर्दा यस्ता समस्यामा सुधार नआएको बताउँछन्। पुल बन्ने कहिले हो कहिले भन्दै एक स्थानीय भन्छन्, 'सरकारी काम कहिले जाला घाम भन्ने उखान ठ्याक्कै यहाँ मिलेको छ।'

# लुम्बिनीमा नवप्रवर्तनका लागि सात स्थानीय तहसँग साझेदारी

**बिमल पुरी**
**बुटवल, भदौ ६**

लुम्बिनी प्रदेश सरकारले आर्थिक विकास, रोजगारी सिर्जना र सुशासन प्रवर्द्धन गर्ने लक्ष्यसहित सात स्थानीय तहसँगको साझेदारीमा नवप्रवर्तन कार्यक्रम लागू गरेको छ। संघीयता सुदृढीकरणलाई आधार मानेर कार्यक्रम सञ्चालन गरिएका छन्। यी सबै स्थानीय तहको आवश्यकताअनुसार फरक-फरक परियोजना कार्यान्वयनमा छन्।

बर्दियाको ठाकुरबाबा नगरपालिकामा दिगो विकास र हरित अर्थतन्त्रलाई लक्षित कृषिको रूपान्तरण कार्यक्रम, पाल्पाको तानसेन नगरपालिकामा पर्यटन तथा उद्यमशीलता प्रवर्द्धन कार्यक्रम र रुपन्देहीको मायादेवी गाउँपालिकामा स्मार्ट सेवा प्रवाह प्रणाली कार्यान्वयनमा छन्। यस्तै, प्युठानको सरुमारानी गाउँपालिकामा डिजिटल विद्यालय कार्यक्रम, नवलपरासी पश्चिमको रामग्राम नगरपालिकामा होमस्टे पर्यटन र उद्यम प्रवर्द्धन, गुल्मीको छत्रकोट गाउँपालिकामा सूचना प्रविधिमैत्री शिक्षा तथा रुपन्देहीकै शुद्धोधन गाउँपालिकामा ई-सिफारिस सेवा केन्द्र सञ्चालनमा छ।

प्रदेश सरकार र स्थानीय तहबीचको सहकार्यमा अगाडि बढाइएका कार्यक्रमहरू नवप्रवर्तन साझेदारी कोषमार्फत सञ्चालित छन्। यस्ता योजनाहरूले प्रदेशमा नवीन प्रयोगका




माध्यमबाट विकासको गतिलाई अघि बढाउने लक्ष्य लिइएको छ।

प्रदेश तथा स्थानीय तहका प्रतिनिधिहरूको सहभागिता रहेको प्रादेशिक निर्देशक समितिको हालै सम्पन्न बैठकमा बजेट तथा कार्यक्रमहरू संघीयताको मर्मअनुसार बनाउने, सेवा प्रवाहलाई प्रभावकारी बनाउने, सामाजिक समावेशीकरण र लैंगिक समानता प्रवर्द्धन गर्ने विषयमा सहमति जुटाइएको थियो।

मुख्यमन्त्री चेतनारायण आचार्यले नवप्रवर्तन कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै प्रदेशको समृद्धि नयाँ उचाइमा पुऱ्याउन सकिने बताए। उनले संघीयता सुदृढीकरणसँगै प्रदेश र स्थानीय तहबीचको समन्वयलाई अझ मजबुत बनाउनुपर्नेमा जोड दिए।

कार्यक्रमले स्थानीय उद्यम, स्टार्टअप र युवा उद्यमशीलता प्रवर्द्धन गर्दै निजी क्षेत्रसँग सहकार्यमा व्यवसायिक अवसर सिर्जना गर्ने लक्ष्य राखेको छ। आर्थिक वर्ष २०८२/८३ का लागि प्रादेशिक सहयोग इकाई र प्रदेश सुशासन केन्द्रका बजेट तथा कार्यक्रम स्वीकृत भइसकेका छन्।

योजना कार्यान्वयन सुदृढ बनाउन गुणस्तरीय तालिम, डाटा पोर्टलको प्रयोग, परियोजना बैंक सञ्चालन, साझा वेबसाइट निर्माण, डिजिटल गुनासो व्यवस्थापन, र नतिजामूलक नीति निर्माणजस्ता पहलहरू लुम्बिनी प्रदेश सरकारको प्राथमिकतामा परेका छन्।

प्रदेश सरकारले नवप्रवर्तन कार्यक्रमलाई संघीय अभ्यासको सफल नमूना बनाउने दिशामा अगाडि बढाइएको स्पष्ट पारेको छ।

# सत्र वर्षीया किशोरीले जन्माइन् मृत जुम्ल्याहा

हुम्ला – हुम्ला जिल्लाको चंखेली गाउँपालिका-६, मेल्छाम गाउँकी १७ वर्षीया सीता बुढाले मृत जुम्ल्याहा शिशुको जन्म दिएकी छन्।

मेल्छाम स्वास्थ्यचौकीका संयोजक हर्क बुढाका अनुसार गर्भवती बालिकालाई गाउँमै सुत्केरी गराउने प्रयास गरिएको थियो। तर आवश्यक स्वास्थ्य उपकरणको अभावमा सफल हुन नसकेपछि उनलाई गाउँपालिका केन्द्रमा रहेको पिप्लाङ स्वास्थ्यचौकीमा लगिएको थियो।

स्वास्थ्यचौकीमा पनि सुत्केरी गराउन कठिनाइ भएपछि हेलिकोप्टरमार्फत सुर्खेत वा गाडीमार्फत जिल्ला अस्पताल लैजाने तयारी भइरहेको अवस्थामा, अन्ततः स्वास्थ्यकर्मीको सहयोगमा उनी सुत्केरी भइन्। तर जन्मिएका दुवै शिशु मृत अवस्थामा थिए।

बालिका बुढा हाल मेल्छामस्थित हिमालय माविमा कक्षा १० मा अध्ययनरत छन्। उनको स्थायी घर सोही गाउँपालिका-३ मेखाला गाउँमा भए पनि अध्ययनका क्रममा माइतीमा बस्दै आएकी थिइन्। हाल आमाको स्वास्थ्य अवस्था सामान्य रहेको स्वास्थ्यचौकीका संयोजक बुढाले जानकारी दिए।

कर्णालीका दुर्गम क्षेत्रहरूमा स्वास्थ्य सेवा, सुत्केरी सहायताजस्ता आधारभूत संरचनाको अभावले गर्दा गर्भवती महिलाहरूले अकालमै ज्यान गुमाउनु परिरहेको छ। पछिल्ला वर्षहरूमा राष्ट्रपति महिला उत्थान उद्धार कार्यक्रममार्फत केही राहत मिल्दै आए पनि सानै उमेरमा विवाह तथा गर्भधारणका कारण किशोरीहरू अझै पनि जोखिममा रहेको जनस्वास्थ्यकर्मीहरू बताउँछन्। *रासस*

# लिपुलेक प्रयोगबारे भारत–चीन सम्झौताको विरोध




**काठमाडौं, भदौ ६**

भारत र चीनबीच लिपुलेक नाका प्रयोग गरी व्यापार गर्ने विषयमा भएको सहमतिविरुद्ध राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) नेपालका १२ वटा जनवर्गीय संगठनले आपत्ति जनाएका छन्।

रिपोर्टर्स क्लब नेपालमा पत्रकार सम्मेलन गर्दै ती संगठनहरूले त्रिदेशीय सीमामा पर्ने लिपुलेक क्षेत्र नेपालको भूमिभित्र पर्ने भएकाले नेपाल सरकारको सहमति बिना भएको कुनै पनि सम्झौता अस्वीकार्य भएको स्पष्ट पारेका छन्।

राप्रपा नेपालका उपाध्यक्ष तेजकुमार कुरुङ्वाङले लिम्पियाधुरा, कालापानी, गुन्जी, लिपुलेक लगायतका क्षेत्रहरूमा भारतले अनधिकृत रुपमा कब्जा गर्दै आएको बताउँदै 'लिम्पियाधुरा क्षेत्रमा सीमा निर्धारण नहुनुका कारण करिब ४ सय वर्गकिलोमिटर नेपाली भूभाग भारतीय अतिक्रमणमा परेको छ। यो विषय राष्ट्रिय सार्वभौमिकतासँग प्रत्यक्ष सम्बन्धित रहेको' जनाए।

**चीन र भारत दुवैको कदमप्रति आपत्ति**

वक्ताहरूले भारतले लिपुलेकलाई विवादास्पद क्षेत्रको रूपमा स्वीकार गर्दै आएको भए पनि नेपाललाई बेवास्ता गर्दै चीनसँग मिलेर व्यापारिक सहमति गर्नु आपत्तिजनक रहेको बताए। उनीहरूको भनाइमा, चीन र भारत दुवैले नेपालको कानूनी र कूटनीतिक अधिकारमाथि हस्तक्षेप गरेका छन्।

राप्रपा नेपालका सहायक महामन्त्री राजाराम बर्तौलाले लिपुलेकको रणनीतिक, पर्यटकीय र व्यापारिक महत्व अत्यन्तै उच्च रहेको उल्लेख गर्दै त्यस क्षेत्र नेपालको सार्वभौमिक अधिकारमा आधारित रहेकाले त्यसमा नेपालको स्पष्ट र कडाभन्दा कडा दाबी कायम रहनुपर्ने बताए।

**प्रधानमन्त्रीलाई दबाब**

पत्रकार सम्मेलनमा राप्रपाका जनवर्गीय संगठनहरूले प्रधानमन्त्री केपी शर्मा ओलीलाई भारत र चीनका राजदूतहरूलाई तत्काल बोलाएर विरोध जनाउन, र आगामी चीन तथा भारत भ्रमणका क्रममा उच्च तहमा यसबारे सशक्त रूपमा कुरा उठाउन माग गरेका छन्।

त्यस्तै, कालापानीमा रहेको भारतीय मिलिटरी ब्यारेक हटाउन माग गर्दै सो क्षेत्रलाई नेपाली सेनाले उच्च हिमाली युद्धकला प्रशिक्षण केन्द्रका रूपमा विकास गर्नुपर्ने उनीहरूको माग छ।

**१२ वटा संगठनको संयुक्त विरोध**

विरोधमा उत्रने जनवर्गीय संगठनहरूमा राष्ट्रिय प्रजातान्त्रिक महिला संगठन, विद्यार्थी संगठन, युवक संगठन, युवा मोर्चा, सनातन धर्म संस्कृति परिषद, पूर्व प्रहरी परिषद, ट्रेड युनियन महासंघ (टुकोन), बैंक तथा वित्तीय संस्था पीडित संगठन, अपांगता संगठन, मुस्लिम संगठन, किसान संगठन र खेलकुद संगठन नेपाल रहेका छन्।

उनीहरूले संयुक्त विज्ञप्ति जारी गर्दै लिपुलेकसहितका नेपाली भूभागमा विदेशी गतिविधिलाई कूटनीतिक र संवैधानिक माध्यमबाट रोक्न सरकारलाई दबाव दिने चेतावनी दिएका छन्।

# गफ र भाषणले युवा पलायन रोकिँदैनः पूर्वमन्त्री गुरुङ



**स्याङ्जा, भदौ ६**

पूर्वमन्त्री तथा नेपाली कांग्रेस उपसभापति धनराज गुरुङले नेताका गफ र भाषणले मात्रै युवा पलायन नरोकिने बताएका छन्।

शुक्रबार श्री कालिका पुस्तकालयको आयोजनामा भिरकोट नगरपालिका ७ मा आयोजना भएको जिल्ला स्तरीय खुल्ला तीज गीत प्रतियोगिता एवम् दर खाने कार्यक्रममा बोल्दै उनले देशमा विकास नहुँदा युवा विदेश पलायन हुनुपरेको प्रसंग जोड्दै नेताको भाषण मात्रै युवा पलायन नरोकिने दाबी गरे। देश समृद्धि बनाउन एक नेताले अर्को नेतालाई गाली गरेर मात्र नहुने उनको भनाइ थियो। उनले भने, 'हामी माइक पाउन साथ एक नेताले अर्को नेतालाई गाली गर्ने प्रवृत्ति बढेको छ। यसले गर्दा देश विकासमा पनि अवरोध गरेको छ।'

देशलाई समृद्ध बनाउन सके मात्रै युवा पलायन रोकिने बताउँदै जडिबुटी, पर्यटन, कृषि क्षेत्र लगायतमा जोड दिनुपर्नेमा जोड दिए। उनले भने, 'बुबा, आमा, भर्खर बिहे गरेकी श्रीमती छोडेर रुँदै विदेशिने रहर कसैलाई हुँदैन, युवालाई नेताहरूको भाषण भन्दा पनि रोजगारीको खाँचो छ।'

कार्यक्रमलाई सम्बोधन गर्दै पूर्वमन्त्री गुरुङले सिद्धार्थ राजमार्गको स्तरउन्नति गर्ने तयारीको काम अन्तिम चरणमा पुगेको बताए। उनले भने, 'सिद्धार्थ राजमार्ग डेडिकेटेट डबल लेनमा स्तर उन्नति गर्ने प्रक्रिया छिट्टै शुरु हुन्छ। यसको काम द्रूत गतिमा अगाडि बढेको छ।'

स्याङ्जाका ग्रामीण भेगमा रहेका जोखिमयुक्त सडकलाई जोखिममुक्त बनाउने अभियान निरन्तर चलिरहेको बताउँदै उनले विकास एउटा व्यक्तिले मात्रै गर्न नसक्ने भने। 'सबै राजनैतिक दल, नेता, नागरिक, सरकार सबै मिलेर देशको विकास गर्ने हो, त्यसैले विकास यो नेताले, ऊ नेताले गरेको हुँदैन,' उनको बताए।

# विष्फोटक पदार्थ बरामद

**दिलीप सहनी**
**सिरहा, भदौ ६**

सिरहा भन्सार कार्यालय माडरले बुधबार राति विष्फोटक पदार्थसहित ठूलो परिमाणमा अवैध सामान बरामद गरेको छ।

भन्सार अधिकृत तथा सूचना अधिकारी बिमलकुमार श्रेष्ठका अनुसार बुधबार राति करिब २:३० बजे सिरहा नगरपालिका-११ पदमपुरस्थित इलाकाबाट भन्सार छली गरी ल्याइएका सामग्रीहरू नियन्त्रणमा लिइएको हो। बरामद सामग्रीहरूको अनुमानित मूल्य रु. दुई लाख २४ हजार आठ सय रहेको श्रेष्ठले जानकारी दिए।

उनका अनुसार नियन्त्रणमा लिइएका अवैध वस्तुहरूमा विशेष रूपमा विष्फोटक पदार्थ (पटाका) रु. ६८ हजार बराबर, बिँडी रु. १० हजार बराबर र नम्बर प्लेट नभएको होण्डा कम्पनीको मोटरसाइकल रु. १ लाख ५० हजार बराबर मूल्यांकन गरिएको छ।

प्रारम्भिक अनुसन्धानले यी सामग्रीहरू भारतको सीमा नाका इटाटार हुँदै नेपाल भित्र्याइएको पुष्टि भएको बताइएको छ।

विष्फोटक पदार्थ तस्करीले सामान्य भन्सार छलीभन्दा गम्भीर सुरक्षा जोखिम उत्पन्न गर्ने भएकाले भन्सार कार्यालयले यसलाई जनसुरक्षासँग प्रत्यक्ष सरोकार



राख्ने विषयका रूपमा लिएको जनाएको छ। भन्सार कार्यालय माडरका अनुसार, 'यसरी विष्फोटक पदार्थ तस्करी हुनु गम्भीर अपराध हो। यो विषयमा कानूनी कारबाही कडाइका साथ अघि बढाइनेछ।'

भन्सार कार्यालयले सामान्य वस्तु तस्करीभन्दा विष्फोटक पदार्थको कारोबार अत्यन्तै संवेदनशील र राष्ट्रहित विपरीत छ। यस्तो प्रवृत्तिलाई समुचित निगरानी र कानूनी कठोरतामार्फत रोक्नु अहिलेको प्राथमिकतामा राखेको जनाएको छ।

सिरहा जिल्लाको विभिन्न भन्सार नाकाहरू विशेषतः इटाटार, भवानीपुर, कर्जन्हालगायत स्थानहरू हुँदै हुने विष्फोटक पदार्थ, लागू औषध, मदिरा र खैनीजस्ता वस्तुको तस्करी विगतदेखि नै चुनौतीपूर्ण बन्दै आएको छ।

# एम्बुलेन्स चालकको असन्तुष्टि चुलियो

**काठमाडौं, भदौ ६**

स्वास्थ्य सेवा क्षेत्रमा देखिएको समस्याको समाधानको माग गर्दै देशभरका एम्बुलेन्स चालकहरूले आज एकैपटक ४० जिल्लामा ज्ञापनपत्र बुझाएका छन्। संयुक्त एम्बुलेन्स चालक सङ्घ नेपालको आह्वानमा चितवनसहित विभिन्न जिल्लाका प्रमुख जिल्ला अधिकारीमार्फत स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेललाई ज्ञापनपत्र बुझाइएको हो।

संघका केन्द्रीय अध्यक्ष नवराज लामिछानेका अनुसार, स्वास्थ्य सेवा ऐन, २०७५ संशोधन गर्नुपर्ने, एम्बुलेन्स सञ्चालनमा स्वास्थ्य संस्थालाई मात्र दिने व्यवस्था खारेज गर्नुपर्ने, क, ख र ग वर्गमा रहेका एम्बुलेन्सहरूलाई सहजै नवीकरण गर्न दिनुपर्ने जस्ता प्रमुख मागहरू संघले अघि सारेको छ। देशभर करिब ६ हजार एम्बुलेन्समध्ये ८० प्रतिशतभन्दा बढी एम्बुलेन्सहरू हालको कानूनका कारण नवीकरण हुन सकेका छैनन्।

संघले एम्बुलेन्स चालकलाई आधारभूत स्वास्थ्य तालिम दिनुपर्ने, सबै अस्पतालमा एम्बुलेन्स पार्किङको व्यवस्था हुनुपर्ने, साथै चालकलाई आवश्यक स्वास्थ्य सामग्री, औषधि र सुरक्षा पोसाक उपलब्ध गराउनुपर्ने मागसमेत राखेको छ।

'हामीले यसअघि नै मन्त्रीलाई ज्ञापनपत्र बुझाइसकेका थियौं, तर सरकारले सकारात्मक प्रतिक्रिया नदिएपछि देशभरका चालकहरूमार्फत पुनः दबाव सिर्जना गर्न बाध्य भयौं,' अध्यक्ष लामिछानेले बताए।

# म्याग्दीका गाउँ रित्तिँदै, विद्यालय खाली हुँदै



म्याग्दी - पछिल्ला वर्षहरूमा म्याग्दी जिल्लाबाट अन्यत्र बसाइँसराइ गर्ने परिवारको संख्या वर्षेनि बढ्दो क्रममा रहेको देखिएको छ। स्थानीय तहका अभिलेखअनुसार आर्थिक वर्ष २०८१/८२ मा मात्रै २४७ परिवारले म्याग्दी छाडेर अन्य जिल्लातर्फ बसाइँसराइ गरेका छन्। सोही अवधिमा जिल्लाभित्र अन्यत्रबाट आएर बसोबास गर्ने परिवारको संख्या भने ८९ मात्र रहेको छ।

त्यस्तै, अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा २५२ परिवारले बसाइँसराइ गर्दा केवल १०० परिवार मात्र जिल्लाभित्र आएर बसोबास गरेका थिए। यसरी जानेको संख्या दोब्बरभन्दा बढी हुनु जिल्लाको जनसंख्या सन्तुलन, सामाजिक संरचना र विकासक्रममै चुनौतीको रुपमा देखा परेको छ।

गत वर्ष बसाइँसराइ गरेर आउनेहरू सबैभन्दा धेरै बेनी नगरपालिकामा ४५ परिवार थिए। धवलागिरिमा तीन, मालिकामा आठ, मंगलामा १९, रघुगंगामा चार र अन्नपूर्णमा १० परिवार बसाइँसराइ गरेर आएका थिए।

तर, त्यही अवधिमा बेनी नगरपालिकाबाट ६५, धवलागिरिबाट २३, मालिकाबाट ३९, मंगलाबाट ५५, रघुगंगाबाट २१ र अन्नपूर्णबाट ४४ परिवारले स्थायी ठेगाना परिवर्तन गरेका थिए।

बसाइँसराइको प्रत्यक्ष असर ग्रामीण भेगका विद्यालयमा देखिन थालेको छ। विद्यार्थीको संख्या घट्दा कतिपय विद्यालय बन्द हुने अवस्थामा पुगेका छन्। अन्नपूर्ण गाउँपालिका-७ स्थित टिकोट माविका प्रधानाध्यापक प्रदीप पुनका अनुसार विद्यालयमा अहिले कक्षा १० सम्म पढाइ हुन्छ तर विद्यार्थी संख्या जम्मा ५० जनामात्र छ। उनका अनुसार, ग्रामीण भेगका अभिभावकको आर्थिक हैसियत बढेपछि छोराछोरीलाई राम्रो शिक्षा दिन बजार झर्ने क्रम तीव्र बनेको हो।

धवलागिरि गाउँपालिका-४ का चित्र पुन भन्छन् 'गाउँमा अब जन्ती, मलामी पनि वृद्धहरू मात्र देखिन्छन्। उत्पादनशक्ति भएका युवा शहर पसिसके। खेत बाँझा छन्, अर्मपर्मको चलन हरायो, आयातित खाद्यान्नमा निर्भरता बढेको छ।'

म्याग्दी बहुमुखी क्याम्पसमा समाजशास्त्र पढाउने प्राध्यापक गोरखबहादुर जिसीका अनुसार म्याग्दी, स्याङ्जा र पर्वत जिल्लामा बसाइँसराइ उल्टो ढंगले भइरहेको छ। सडक, खानेपानी, विद्युत् र सञ्चार पुगे पनि रोजगारी र आयआर्जनको अवसर नभएपछि मानिस शहर वा सुविधा भएका ठाउँतर्फ पलायन भइरहेका छन्।

उनले भने, 'शिक्षालाई रोजगारी र उत्पादनसँग नजोड्ने हो भने बसाइँसराइ अझै बढ्छ, जनसंख्या घट्दै जान्छ।'

बेनी नगरपालिकाका प्रमुख सुरत केसीले जनशक्ति पलायन हुनु चुनौतीपूर्ण अवस्था भएको स्वीकार गर्दै स्थानीय तहले कृषि, पर्यटन र विकास आयोजनामार्फत रोजगारी सिर्जनामा जोड दिएको जानकारी दिए।

२०७८ सालको जनगणना अनुसार म्याग्दीमा २९ हजार २४२ परिवारमा एक लाख सात हजार ३७२ जनसंख्या रहेको छ। तर, २०६८ सालमा यो संख्या एक लाख १३ हजार ६४१ थियो। पछिल्लो एक दशकमा करिब छ हजार जनसंख्या घट्नु पनि बसाइँसराइको प्रत्यक्ष परिणाम मानिएको छ। *रासस*

# चीन–भारत सीमाव्यापार सम्झौता र नेपाल



खिमलाल देवकोटा

प्रारम्भः

नेपाली सिमा क्षेत्र पूर्वमा टिस्टा र पश्चिममा कांगडासम्म फैलिएको नेपाल सुगौली सन्धिको विरासत स्वरुप पूर्वमा मेची र पश्चिममा महाकालीमा सिमित हुन पुगेको हो। नेपाल र बेलायतको बीचमा सन् १८१६ मा सिगौली सन्धिमा हस्ताक्षर भएको थियो। यो सन्धिले अंग्रेजसंगको युद्ध (१८१४-१८१६) को अन्त्य गऱ्यो। यस सन्धिका प्रमुख शर्तहरूमा नेपालले आफ्नो कुल क्षेत्रफलको लगभग एक तिहाइ भूभाग गुमाउन पर्ने भयो। त्यसमा पश्चिममा कालीनदीको पारीको कुमाउँ, गढवाल र नैनीताल; पूर्वमा सिक्किमको भूभाग; र दक्षिणको उब्जाउ भुमिसहितको तराई क्षेत्र समावेश थियो। नेपालको पश्चिमी सीमा कालीनदी नै हुने निर्धारण भयो। साथै, नेपालले बेलायती दुत राख्न स्वीकार गर्यो र बेलायती सेनामा गोर्खा सिपाहीहरू भर्ना गर्न दिन सहमत भयो। यसको साथै, नेपाल र सिक्किम बीच कुनै विवाद भएमा बेलायतले मध्यस्थता गर्ने व्यवस्था भयो। युद्धका कारण विस्थापित भएका नेपाली सेनाहरूलाई वार्षिक २ लाख रुपैयाँ पेन्सन दिने प्रावधान पनि थियो।

यो सन्धि नेपालको लागि अपमानजनक र हारस्वरूप सम्पन्न भएको थियो। यसले नेपाली मनोविज्ञानमा पारेको प्रभाव आज पर्यन्त पनि कायम छ भने नेपालको भूगोल र विदेश नीतिमा दीर्घकालीन प्रभाव पार्यो। सन् १८५७ को भारतीय विद्रोहमा नेपालले बेलायतलाई गरेको सहयोग वापत बाँके, बर्दिया, कैलाली, कञ्चनपुर (जसलाई नयाँ मुलुक पनि भनिन्छ) नेपाललाई फिर्ता गरिदियो। यो ऐतिहासिक पृष्ठभुमिमा नेपाल-भारत सीमाविवादको केन्द्रमा १८१६ को सुगौली सन्धि रहेको छ, जसले कालीनदीलाई सीमानदीको रूपमा परिभाषित गरेको थियो। तर भारतले नक्कली कालीनदी तयार गरेर पनि नेपालको भुभाग खासगरी कालापानी लिपुलेक लिम्पियाधुरा आफना अधिनमा राख्न विभिन्न प्रयत्न गरिरहेको छ।

### चुच्चे नक्शाको सन्दर्भ

यसै पृष्ठभुमिमा नेकपाको झण्डै दुईतिहाइको सरकारका पालामा नेपालले ऐतिहासिक नक्सा र दस्तावेजहरूको आधारमा यी क्षेत्रहरू आफ्नो भूभाग भएको घोषण गर्दै संसदको सर्वसम्मतीले चुच्चे नक्शा पारित गरेको अवस्था हो। सोही चुच्चे नक्शाभित्र पर्ने लिपुलेक क्षेत्रलाई मुख्य विन्दु मानेर चीनले आजभन्दा दश वर्ष अघि नै अर्थात सन् २०१५ मा भारतसँग गरेको सम्झौतामा नेपालले कूटनीतिक रूपमा आपत्ति जनाएको थियो।

मामला दुईपक्षीय वा त्रिपक्षीय ढंगले कुटनैतिक माध्यमवाट हल गर्न पर्ने थियो तर देश भित्रको राजनीति कुर्सी केन्द्रित भयो भने देश बाहिरको राजनीति पर्ख र हेरमा सीमित भयो। यो मामला भने जस्ताको तस्तै मात्रै रहेन अझ अघि वढेर सन् २०२० मा सडक मार्ग उद्घाटन गर्ने काम भयो भने अगष्ट १६/१७ २०२५ मा भारत र चीनले तीनवटा परम्परागत सीमाव्यापार बजार पुनःखोल्ने सहमति सहमति गरे। यसले नेपालमा गम्भीर चिन्ता सिर्जना गरेको छ। यसको प्रमुख कारण भनेको पुलान-गुञ्जी मार्गमा गुञ्जी नेपाली भूभागमा पर्दछ। यसले नेपाली संप्रभुतालाई ठाडै चुनौति दिएको छ।

नेपालको स्पष्ट बुझाइ छ कि भारत र चीनले नेपाली भुमिमा दुई देशका विचको व्यापार सन्धी गरेर नेपाललाई बेवास्ता गरेका छन्। नेपाली भुमिमा द्विपक्षीय रूपमा व्यापार गर्ने निर्णयहरू गरिरहदा नेपाललाई सोध्ने सम्म पनि आवश्यकता ठानेनन्। यसले नेपालको संप्रभुतालाई खतरामा पार्ने र यो क्षेत्रमा नेपालको भू-राजनीतिक महत्वलाई कमजोर पार्ने अवस्था खडा भएको छ।

### आर्थिक कुटनीति

जतिसुकै सुचकहरू सकारात्मक छन् भनेर डिङ हाँके पनि नेपाल हाल गम्भीर आर्थिक सङ्कटको सामना गर्दैछ। अमेरिकी आर्थिक सहयोग रोकिएपछि आजका मितिसम्ममा सार्वजनिक ऋण कुल ग्राहस्थ्य उत्पादनको ४५.७७% पुगेको छ। सावा र व्याज तिर्न सरकारले हरेक वर्ष खर्च गर्ने विकास वजेटको अंकभन्दा बढी छुट्याउन पर्ने अवस्था आइपरेको छ। सरकारले नागरिकबाटै ऋण सङ्कलन गर्न बाध्य भएको छ। दुवै छिमेकीसंग चर्को व्यापार घाटा असन्तुलनको मारसँगै आफ्नै आर्थिक कमजोरीकाकारण नेपाल चीन र भारतप्रति नै बढी निर्भर हुन बाध्य पनि छ।

### भुराजनीतिक सवेदनशिलत

केही समय यता व्यापार, व्यवसाय, लगानी वा पर्यटनसँगै सामरिक महत्वका हिसावले पनि नेपालमा चीनको प्रभाव बढ्दो क्रममा छ। नेपाल २०१७ मा वेल्ट एण्ड रोड इनिसियटिभमा सामेल भएको थियो। चिनसँगको विआरआइ र अमेरिकासँगको एमसिसि नेपाली राजनीतिलाई विभाजन र तनाव दिने माध्यम बनेका छन्। नेपाल विआरआइमा सहभागी हुँदा अमेरिकाले हिन्द प्रसान्त रणनीतिमा सामेल हुन दवाव दिने स्थिति पनि नवनेको हैन। तर भुराजनीतिक परिदृश्यहरू जे सुकै भए पनि नेपालले आफनो व्यापार विविधिकरण गर्न र विस्तार गर्न चिन र भारतसंगको सम्वन्ध सुमधुर वनाउनको विकल्प छैन। दुवै देशका आफना स्वार्थको प्रतिस्पर्धामा छँदैछन् तथापि नेपालको हितमा समेत वेवास्ता गर्ने हालैका क्रियाकलापले नेपाललाई पाठ सिकाएको हुनुपर्दछ।

### संवैधानिक र कानुनीतर्क

नेपालले आफ्नो संविधान संशोधन गरी लिपुलेक, लिम्पियाधुरा र कालापानी समावेश गरिएको नयाँनक्सा सार्वजनिक गरिसकेको छ। यसले नेपालको दाबीलाई संवैधानिक रूपमा मजबूत बनाएको छ। तर भारतले यसलाई मान्यता दिएको छैन र यो विवादको विषय बनेको छ। केही विदेशी तथा केही नेपाली विद्वानहरूले अन्तर्राष्ट्रिय अदालत आइसिजेमा मुद्दा दायर गर्ने सुझाव दिएका छन्। तर सिमा विवादमा अन्तराष्ट्रिय अदालतमा जानका लागि मुलुकहरूले यस अदालतको क्षेत्राधिकार स्वीकार गर्न धारा ३६ (२) वमोजिम गर्न जरुरी छ। जो नेपालले आजसम्म त्यसो क्षेत्राधिकार स्वीकार गरेको छैन भने भारतले १९७४ मा स्वीकार गरेको भए पनि सन् २०१९ आएर केही फिर्ता र केही रिजरभेसन राखेको अवस्था छ। नेपाल भारत दुवैको क्षेत्राधिकार नपर्ने अवस्थामा छ। साथै, संयुक्त राष्ट्र सङ्घलाई समेत समस्या बुझाउनु पर्ने माग गरिएको छ। तर नेपाल सरकारले अहिलेसम्म यस्तो कदम चालेको छैन।

### त्रिदेशीय सम्वन्धको खाँचो

चीन, भारत र नेपालबीच त्रिपक्षीय व्यापार सम्झौताको उदाहरण औपचारिक रूपमा अहिलेसम्म छैन। यद्यपि, हालैको चीन-भारत सहमतिले रेनचिङगाङ-चाङ्गु, पुलान-गुञ्जी र जिउबा-नाम्म्या जस्ता सीमाव्यापार केन्द्रहरू पुनःखोल्ने सम्झौता गरेका छन् जसले नेपालको भूमी प्रयोग हुने कुराले नेपालको संलग्नता स्वतः माग गर्दछ। यो अवस्थाले त्रिपक्षीय सहकार्यको खाँचो र सम्भावना एकै पटक वढाएको छ। नेपालले यसबाट आर्थिक लाभ लिन चाहन्छ, तर कालापानी जस्ता सीमा विवादले गर्दा सावधानी अपनाउनु आवश्यक छ। अन्तर्राष्ट्रिय उदाहरणहरू जस्तै अमेरिका-मेक्सिको-क्यानडा ले तीन देशबीच सफल व्यापार मञ्च स्थापना गर्न सकिन्छ भन्ने देखाउँछ। नेपालको लागि चीन र भारतसंग कूटनीतिक सन्तुलन कायम गर्दै आफ्नो सम्प्रभुता र अर्थतन्त्रलाई सुरक्षित गर्ने चुनौती रहेको छ।

### आगामी वाटो

भविष्यका लागि सुझाव र सम्भावना भनेको सक्रिय कूटनीतिक पहल नै हो। नेपालले आफ्नो भूमी बचाउन सक्रिय र प्रभावकारी कूटनीतिक पहल गर्नुपर्ने आवश्यकता छ। यसका लागि ऐतिहासिक प्रमाणहरू संकलन गरी अन्तर्राष्ट्रिय समुदाय अगाडि प्रस्तुत गर्नुपर्ने छ। यसका साथै क्षेत्रीय सहयोगमा संतुलन अर्को उपाय हो तर लामो समय सार्कको अध्यक्ष भैकन पनि सार्क सम्मेलन सम्पनन गर्न नसक्दा सो संगठन निकम्मा हुन पुगेको अवस्था छ। जस्तो सुकै परिस्थितिमा पनि नेपालले आफ्नो भू-राजनीतिक स्थितिको लाभ लिँदै चीन र भारतबीच संतुलन कायम गर्न सक्छ। यसले नेपाललाई आर्थिक लाभ मात्र होइन, राजनीतिक रूपमा पनि फाइदा हुन सक्छ। यसै गरी आन्तरिक एकताको आवश्यकता सदैव खटकिने विषय हो। नेपाली राजनीतिक दलहरूले सीमाविवादमा एकजुट रूपमा अगाडि बढ्नुपर्ने आवश्यकता छ। आन्तरिक कलहले नेपालको कूटनीतिक स्थितिलाई कमजोर बनाउने खतरा रहिरहेको छ।

### अन्त्यमा,

चीन र भारतबीच भएको सीमाव्यापार मार्ग पुन संचालन गर्ने सहमतिले नेपालका लागि गम्भीर चुनौती सिर्जना गरेको छ। नेपालले आफ्नो संप्रभुता र क्षेत्रीय अखण्डता बचाउन ऐतिहासिक प्रमाणहरूको आधारमा कूटनीतिक, कानूनी र राजनीतिक पहल गर्नुपर्ने आवश्यकता छ। साथै, क्षेत्रीय शक्तिहरूबीच संतुलन कायम गर्दै आर्थिक विकासका अवसरहरूको पनि उपयोग गर्नुपर्ने छ। नेपालको सफलता वा असफलताले निकट भविष्यमा सम्पूर्ण क्षेत्रको भू-राजनीतिमा महत्वपूर्ण प्रभाव पार्न सक्नेछ। प्रधानमन्त्रीको आसन्न चीन र भारतको भ्रमणको पुर्वसन्ध्यामा घटित यी परिघटनाले नेपाल र नेपालीको हितमा योगदान पुऱ्याओस्।

*संविधानसभा सदस्य तथा वरिष्ठ अधिवक्ता*

# तीज महिलाको जीवनशैली र आत्मअनुभूतिको पर्व



डा. नम्रता पाण्डे

*चौतारीमा जम्मा भई चेलीबेटी नाच्नलाई*
*मादल अनि तीजे भाका घन्क्यो बरिलै*
*छम्म छम्म आफ्नै शुर आफ्नै ताल तीजको*
*संस्कृति र अध्यात्मको शृंगार बरिलै ॥*

हिन्दू चाडपर्वहरू सबै नै मानव जीवन विकासक्रम, संस्कृति, परम्परा, प्राकृतिक जीवनशैली, धार्मिकता, आध्यात्मिकता, सकारात्मक सोच अनि श्रद्धा र आत्मीयताले पूर्ण छन्। यी पर्वहरूले जीवनमा वैज्ञानिकता, व्यवहारिकता र समग्र जीवनशैलीलाई प्रस्तुत गरेका हुन्छन्। विशेष गरी तीज, सांस्कृतिक रूपमा समृद्ध परम्परा हो। तीजलाई मात्र व्रत वा नाचगानको पर्व भनेर सीमित गर्न सकिँदैन।

महिलाहरूका लागि तीजले जीवनका विविध आयामहरूमा स्पर्श गर्छ, जस्तैः शारीरिक, मानसिक र आध्यात्मिक। तीज आउँदा केवल घर, आँगन मात्र रंगिन्छन् भन्ने होइन, मन र आत्मा पनि उज्यालो हुन्छन्। बिहानको पूजामा बोलिएका मन्त्र, दिदीबहिनीको हाँसो, र भक्ति गीतको मिठास, यी सबै मिलेर महिलाको अन्तर्मनमा अद्भुत शान्ति भरिन्छ। पर्व भनेको बाहिरको धूमधाम मात्र होइन, भित्रको नीरवता पनि हो। नृत्य गर्दा शरीर हल्लिन्छ, तर मन शान्त हुन्छ। गीत गाउँदा स्वर बज्छ, तर आत्मा स्थिर हुन्छ। यही त पर्वको मर्म हो जहाँ रमाइलो र मौनता दुवै भेटिन्छन्।

### नयाँ अध्यायको स्वागत

तीज पर्वको पौराणिक मान्यता, धर्म, व्रत, विश्वास र सामाजिक मनोभावना जसरी प्रस्तुत गरे पनि विशेष गरी महिलाहरूको लागि प्रत्येक वर्षको नयाँ अध्यायको शुरूवातको रूपमा लिन सकिन्छ। दर खाने परम्परा, स्थानीय परिकार र आमाको हातले पकाएको मिष्ठान्न, आमाछोरी र चेलिबेटीको जमघट, दाजुभाईको प्रेम र श्रद्धा, माइती र चेली एउटा गहन पारिवारिक र सामाजिक समृद्धि झल्किन्छ। तीजे भाकाको सृजनामार्फत, शब्दहरू र भावहरूमा लुकेका वर्ष दिनभरीका सुख, दुःख, उपलब्धि, गुनासा र जीवनको अध्याय समेटिएको एउटा अनुभव सृजना हुन्छ। यी सबै प्रक्रियाले विगतका अनुभवलाई सम्झेर उपलब्धि र चुनौतीहरूको मूल्याङ्कन गर्ने अवसर दिन्छ। विगतका राम्रा पक्षलाई आत्मसात गर्दै सुधार्नु पर्ने चिजलाई सुधार्दै, आगामी दिनमा अझ सशक्त भएर अघि बढ्न प्रेरणा दिन्छ।

*शान्ताकारं भुजगशयनं पद्मनाभं सुरेशं।*
*विश्वाधारं गगनसदृशं मेघवर्णं शुभाङ्गम् ॥*

जसको स्वरूप शान्त छ, जसले विश्वलाई थामेका छन्, जसको काया आकाश जस्तै विशाल छ, त्यस्ता भगवान शिवलाई म नमन गर्दछु। तिनै भगवान शिवको शिवशक्ति अर्थात् शिवत्वलाई आफूभित्र समाहित गरेर, सर्वत्र शान्ति, श्रद्धा, प्रेम र भक्तिभाव विकास गर्ने जीवनशैलीको अध्याय शुरू गर्नुछ।

### शारीरिक स्वास्थ्य र सकारात्मकता

तीज भन्नासाथ भगवान शिवको आराधना गर्ने, व्रत बस्ने, नाचगान गर्ने, मन्दिर दर्शन गर्ने र सामूहिक रूपमा भेटघाट गर्ने परम्परा छ। यसले महिलाहरूलाई सक्रिय जीवनशैलीतर्फ प्रेरित गर्छ। स्वस्थ आहार, अनुशासन र शारीरिक सक्रियता तीजपश्चातको जीवनशैलीमा निरन्तरता दिन पनि मद्दत गर्दछ। भगवानको नाम स्मरण, सेवा र भक्ति आफैंमा स्वस्थ र सकारात्मक ऊर्जा विकसित गर्ने माध्यम हो। मन्दिर दर्शन र पूजा अर्चनामा अवधिमा नै किन नहोस् मानसिक शान्ति र सकारात्मकताको भाव वृद्धि हुन्छ। व्रतले सात्विक भोजनको महत्व दर्शाउँछ र सहज ऊर्जालाई कायम राख्दछ। माइती र चेली, दिदीबहिनीका कयौं दिनसम्मको भेटघाट र खानपानले गरिष्ठ बनेको शरीरलाई नाचगानले स्फूर्त र मानसिक रूपमै हल्का र स्वस्थ महसुस गराउँछ। त्यसमाथि महिलाहरूको रातो पहिरन र सौभाग्यको शृंगारले अरू ऊर्जा थपेको हुन्छ। यसले शरीरका निष्क्रिय चक्रहरूलाई पनि उर्ध्वगमन गराउन मद्दत गर्दछ। व्रत कसरी बस्ने, सात्विक भोजन ग्रहणको कला लगायत सबै वैज्ञानिक र स्वस्थ छन् तर यसलाई रुढिवादी नबनाएर शारीरिक हिसाबले स्वस्थ, मानसिकरूपले स्फुर्त र प्रसन्न अनि भावनात्मक रूपमा श्रद्धा र प्रेमले भरिएको पर्व बनाउनमा स्वयोगदान रहन्छ। भए पुगे मिठो खाने र राम्रो लाउने हाम्रो संस्कृति हो तर अरूलाई देखाउनकै लागि पर्वको महत्व हाम्रो संस्कार र धार्मिकता होइन। अनावश्यक देखासिकी बढ्दै जानुले पर्वको महत्व र भावनामा नै आंच आउन सक्छ। हाम्रा पर्व, हाम्रा खानपान, पहिरन, संस्कार र प्रचलन स्वस्थ हुनुपर्दछ, प्रतिस्पर्धी र होडबाजीको होइन।

### मानसिक शान्ति र आध्यात्मिक अभ्यास

तीज केवल बाहिरी उत्सव मात्र नभई आन्तरिक शान्तिको अभ्यास पनि हो। ध्यान, सतर्कता र प्रार्थनामार्फत महिलाले आफ्ना भावनाहरूलाई सम्हाल्ने अवसर पाउँछन्। भगवान शिवको व्रतलाई "साक्षीभाव" अर्थात् आफ्नो मनका प्रक्षेपणलाई निरपेक्ष रूपमा हेर्ने अभ्यास पनि हो। कसैप्रति रिस, राग, द्वेष र कलहको भावना नरहोस्, सामूहिक एकता र मित्रता कायम रहोस् यो तीज पर्वको मर्म हुनुपर्दछ र यसले नै महिलालाई आफ्नो जीवनप्रति सन्तुलन र शान्ति दिन्छ। प्रार्थना, भक्ति गीत, र ध्यानजस्ता अभ्यासले महिलालाई आफ्नै भित्रको शक्ति पहिचान गर्न मद्दत गर्छ। महिलालाई बाहिरी चुनौतीभन्दा बढी आन्तरिक शान्ति र शक्तिमा निर्भर रहन सिकाउँछ। वर्षभरीको महिला दिदीबहिनीको आफ्नो दैनिकीको व्यस्तता, परिवार र समाजका जिम्मेवारीबाट केही समय अलग भएर आफ्ना दिदीबहिनीहरूसँग भेटघाट हुनुले भावनात्मक हल्कापन ल्याउँछ। सामाजिक सम्बन्ध बलियो बनाउँछ, र तनाव कम गर्न मद्दत गर्छ। मन हल्का हुँदा महिलाहरूले आफ्नो जीवनमा आत्ममूल्य र आत्मविश्वासको अनुभूति गर्छन्। तीजमा हुने दिदीबहिनीहरूको भेटघाटबाट अनुभव साटासाट हुन्छ र परिवार एवं समाजमा सहजीवन र एकताको भावना बलियो बनाउँछ। महिलाले एकअर्काबाट सिक्ने, सहयोग गर्ने र भविष्यका लागि नयाँ संकल्प लिने वातावरण सृजना हुन्छ। यहि भावनाले नै सामुदायिक एकता, सुमधुर सम्बन्ध र सहजीवनको महत्व बढाउँछ। सकारात्मकताबाट नै भावनात्मक शुद्धिको विकास हुन्छ। मनमा संचित पिडा, दुःख वा तनाव हराएर आनन्द, हास्य र आत्मीयताको ऊर्जा प्रवाहित हुन्छ।

'चित्तप्रसादः सुखमूलं सुखस्य च परं धनम्।' चित्तको प्रसन्नता नै सुखको मूल हो, र यही नै जीवनको सर्वोत्तम सम्पत्ति हो। मन प्रसन्न भए जीवन स्वाभाविक रूपमा आनन्दमय हुन्छ। तीज पर्व यही प्रसन्नता जगाउने माध्यम हो।

### जीवनलाई अर्थपूर्ण बनाउने अवसर

महिलाको जीवन बहुआयामी हुन्छ, घरव्यवहार, पारिवारिक जिम्मेवारी, सामाजिक भूमिकाहरू, पेशागत करियर, र आफ्नै व्यक्तिगत चाहना अनि आकांक्षा। तीजले भने महिलालाई यिनै विविध पक्षलाई आत्मसात् गर्दै जीवनलाई अर्थपूर्ण र सन्तुलित बनाउन प्रेरित गर्ने अवसर दिन्छ। शारीरिक सक्रियता र अनुशासनबिना जीवनमा सहजता सम्भव हुँदैन। तीजमा गरिने सबै प्रक्रिया र सामूहिक गतिविधिले महिलालाई शरीरमा ऊर्जा र ताजगी दिन्छ। स्वास्थ्यको यो अभ्यासले दीर्घकालीन जीवनशैलीमा सकारात्मक प्रभाव पार्छ, जसले महिलालाई आफ्नो दैनिकीमा अझ सबल र आत्मविश्वासी बनाउँछ। जीवनमा बाहिरी जिम्मेवारीसँगै आन्तरिक शान्ति पनि अनिवार्य हुन्छ। तीजका प्रार्थना, गीत, ध्यान र साक्षीभावको अभ्यासले महिलालाई आफ्नै भित्रको शक्ति पहिचान गर्न प्रेरित गर्छ। जब महिलाले आफ्नो आत्मबललाई अनुभूत गर्छिन्, तब जीवनका चुनौतीलाई सहर्ष स्वीकार्ने क्षमता बढ्छ। महिलाले जीवनमा दुईवटा प्रमुख भूमिका निर्वाह गर्नुपर्छ, व्यक्तिगत र पारिवारिक। तीजले यी दुई पक्षलाई सँगै अघि बढाउने सन्देश दिन्छ। एकातिर महिलाले आफ्नो स्वास्थ्य, आत्मबल र व्यक्तिगत सपना जोगाउन सक्छिन् भने अर्कोतिर परिवार अनि समाज र संस्कृतिलाई निरन्तरता दिन सक्ने सक्रिय भूमिका पनि निर्वाह गर्छिन्। यही सन्तुलनले जीवनलाई सम्पूर्णता दिन्छ।

समग्रमा, तीजले हामीलाई व्यक्तिगत र सांस्कृतिक रमाइलो दिन्छ, तर मानवता सधैं पहिलो प्राथमिकता हो। हामी परिवार, दिदीबहिनी र समुदायसँग रमाउँछौं, गीत गाउँछौं, नाच्छौं, तर संसारका अन्य पीडित, असहाय र सहयोगको आवश्यक परेका व्यक्तिलाई पनि सम्झनु हाम्रो कर्तव्य हो। जहाँ करुणा छ, त्यहाँ मानवता बाँच्छ् जहाँ मानवता बाँच्छ, त्यहाँ समाज उज्यालो हुन्छ। सबैमा हाँसो र खुसी बाँड्न सक्ने महिला नै दया र प्रेमको वास्तविक साक्षी हुन्छन्। तीजको सन्देश केवल रमाइलो र उत्सव होइन, यो प्रेम र दयाको अभ्यास पनि हो, जुन जीवनभर फैलाउनु पर्छ। शिव-पार्वतीको उपदेशले सिकाउँछ, समान दृष्टि राख्नु, प्रेम र करुणा फैलाउनु। के हाम्रो एकछाक दर ती समुदायको लागि अर्पण गर्न सक्छौं जसलाई वास्तवमै आवश्यक छ?

# पर्यावरणीय पुनरोदयका लागि रैथाने ज्ञान

मैले २०१६ सालमा बीएस्सी सकेर वनस्पति विभागमा काम थालेपछि मेरो व्यावसायिक जीवन नेपालको वनस्पति र वनजंगलमै व्यतीत भयो। कामको क्रममा जतिजति गाउँठाउँ डुल्दै गएँ, त्यतित्यति नेपाली समुदायको शक्तिको बलमा टिकेको रहेछ भन्ने भेउ पाउँदै गएँ।

नेपाली समाजमा समुदाय मिलेर काम गर्ने पर्म लगायतको सामुदायिक श्रम विनिमयको प्रथा परम्परादेखि चलिआएकै थियो। तर, सरकारी योजना र विकास प्रयासमा कृषि मन्त्रालयले पहिलो पटक पोखरा मत्स्य विकास केन्द्रले फेवा तालको माछा संरक्षण गर्न तथा माछा मारेर जीविकोपार्जन गर्ने समुदायको दिगो जीविकाको लागि सामुदायिक प्रयास थालेको थियो। यसले माछाको पनि संरक्षण भयो र स्थानीय समुदायले आयआर्जनको दिगो बाटो पनि पाए।

नेपालको विकास पहलमा समुदायलाई संलग्न गराउनुपर्छ भन्ने अवधारणा विहारीकृष्ण श्रेष्ठले जुम्लाका स्थानीयले कुलो संरक्षण गरेको अनुभवका आधारमा सिकेको कुरा केन्द्रीय योजनाहरूमा लागू गराउनुभएको हो। त्यसपछि नेपालमा सामुदायिक वनको अवधारणा आयो। वनको जिम्मा समुदायलाई नै दिँदा वन हराभरा मात्र भएन सामुदायिक वन समितिहरूले जडिबुडी खेती, दुना टपरी उद्योग लागयतका वैकल्पिक विधिमार्फत आय आर्जन पनि गरे।

२०१४/२०१५ सालमा वनलाई सरकारीकरण गरिसकेपछि नेपालको मध्यपहाडबाट धमाधम रूख काटिए र केही वर्षमै पहाडी क्षेत्रका वन मासिए। वन पाल्यो भने जग्गा सरकार लाग्ने अवस्था आयो। तर, भात पकाउन पनि वन, घाँस दाउरा गर्न पनि वन, घर बनाउन पनि वन मासिँदा वैज्ञानिकहरूले नेपाल विनासको बाटोमा लम्किएको भविष्यवाणी गरे। वृक्षरोपण नगरी भएका रूख धमाधम काटिँदा नांगो पहाडका मोटो बगेर जानेछ र नेपालको पहाडी क्षेत्र ध्वस्त हुनेछ भन्ने उनीहरूको चेतावनी थियो। उनीहरूको तर्क के भने नेपालमा मनसुनमा ठूलो पानी पर्छ त्यसरी पानी परेपछि पहाडीमाटो जति सबै बगेर बंगालको खाडीमा पुग्छ। त्यतिखेर चेतावनी दिनेमा नेपाल डुलेका टोनी हागेन पनि थिए।

जब नेपालले नीति परिवर्तन गरेर समुदायलाई नै संलग्न गराएर नांगो पहाडमा वृक्षरोपण थाल्यो त्यस बखत धेरैजसो ठाउँमा सल्लाका रूख लगाइए। त्यो किन भने नाङ्गो सुक्खा ठाउँमा हुने रूख सल्लाबाहके अरु थिएन। वृक्षरोपण गर्दा नेपाली सल्ला पनि लगाइए र अस्ट्रेलियाबाट झिकाइएका सल्ला पनि लगाइए।

अस्तिसम्म पनि मान्छेहरूले सल्ला लगाएर गल्ती भयो भनिरहेका छन्। सल्ला रोपेपछि अरु वनस्पति भएन, जीवजन्तु पनि भएन, चराचुरुङ्गी पनि भएन, अरु त अरु बाँदरसम्म नहुने जंगल बन्यो भन्ने गुनासो आयो। गुनासो गर्ने समूह अहिलेसम्म सक्रिय छ। धेरै ठाउँमा सामुदायिक वनले आफ्नो दक्षता, क्षमता र स्रोतले भ्याएसम्म राम्रो गरिरहेको छ। वनका स्रोत काठ, दाउरा, स्याउला मात्रै होइन केही सामुदायिक वनले नर्सरी र जडिवुडी खेतीबाट पनि लाभ हासिल गरिरहेका छन्।

> **पानीभित्रको माछाले पानीको परख गर्न नसकेजस्तै हामीली हाम्रो पुख्यौंली रैथाने ज्ञानको परख गर्नै जानेनौं। विकासको बाटोमा उहिलेका कुरा खुइलिए भयो, जबकि ती कुरा जोगाउनु पर्ने थियो। हाम्रो चौंरी चराउने युवा ऊँट चराउन गए। युवा विदेशिएको पीर सबैलाई छ तर रैथाने ज्ञान गयो भन्ने पीर कसैलाई छैन।**
>
> 
>
> **– डा. तीर्थबहादुर श्रेष्ठ**

हामीले झण्डै ५० वर्ष पहिले सन् १९७४/५ तिर रसुवादेखि रक्सौलसम्मको वनजंगलको अध्ययन गर्दा र अहिलेको अवस्था हेर्दा दृश्य अर्कै छ। नागार्जुनकै वनमा पनि माथिको टुप्पोबाहेक तलतिर जताततै सल्लाकै जंगल थियो। अहिले त्यही जंगललाई कटुस रचिलाउनेको जंगलले ढाकिसक्यो। सिन्धुपाल्चोक तिर पनि त्यस्तै देखिन्छ।

यहाँनेर हामीले प्रकृतिबाट पाएको वरदानलाई सम्झनुपर्ने हुन्छ। त्यो के भने विज्ञानको भाषामा 'क्लाइमेटिक क्लाइमेक्स' भनिने नेपालको मध्यपहाडको वनको उच्च विन्दु भनेको चिलाउने र कटुसको जंगल हो। अब विस्तारै नेपाली मध्य तथा पूर्वी पहाडका जंगल कटुस र चिलाउनेको जंगलमा रूपान्तरण भइरहेको छ। यो प्रकृति आफ्नो गतिमा अघि बढिरहँदा हुन पाएको हो। अर्थात हामीले जंगललाई व्यवधान नपुऱ्याउँदा उसले आफ्नो गतिलाई अघि बढाएको अवस्था हो। सुइरे पात हुने कोनिफर फरेस्ट चौडा पात हुने ब्रोड लिफ फरेस्टमा रूपान्तरण हुन सल्लाको वृक्षरोपणको योगदान छ। यसलाई समुदायले गरेको कामलाई प्रकृतिले दिएको साथको रुपमा हेनुपर्छ। यसरी हेर्दा वनको सन्दर्भमा पर्यावरणीय पुनरोदय पनि भयो, सामुदायको पनि पुनरोदय भयो। यो प्राकृतिक परिवर्तनको एउटा पाटो हो।

नेपाललाई धान्ने अर्को शक्ति भनेको निर्वाहमुखी किसान वा साना किसानहरूको खेती प्रणाली हो। पहाडी क्षेत्रका नेपाली किसानले गरा, कान्ला बनाउने जुन सीप हासिल गरेका छन्, त्यो अद्वितीय छ। नेपालमा काम गरेका स्वीसहरूले त्यो विधिलाई इथोपियामा अभ्यास गराएको थाहा पाउँदा म झसङ्ग भएको थिएँ। एउटा सेमिनारको लागि इथोपिया पुग्दा नेपालमा काम गरेका स्वीस पनि भेटिए। त्यहाँ उनीहरूले माटो जोगाउन नेपालमा यसो गर्ने गरिएको छ भन्दै सिकाएको देखेपछि मलाई लाग्यो गरा, कान्ला बनाउने नेपाली रैथाने सीप त धेरै महत्वपूर्ण रहेछ अनि मैले यसमा विशेष ध्यान दिन थालें।

मैले संखुवासभा जिल्लामा मकालु वरुण राष्ट्रिय निकुञ्ज स्थापनार्थ सम्भाव्यता अध्ययन गर्दा अमेरिकी विज्ञ जोन क्रेगहेडसँग त्यहाँ गएको थिएँ। हेलिकोप्टर उडाएर एक डेढ घण्टा घुमेपछि मैले उनलाई सोधें, 'कस्तो लाग्यो त नेपाल ?'

उनी त नेपालका बारेमा अध्ययन गरेरै आएका थिए। नेपाल हिमालको देश, शेर्पाहरूको देश, गोर्खाहरूको देश भन्ने उनले पढेका रहेछन्। उनले म नेपालको बारेमा एउटा कुरा थप्छु भने। के कुरा मैले सोधें। उनले भने, नेपाल इज द ल्यान्ड अफ बिलियन टेरेसस, अर्थात् नेपाल करोडौं गरा, कान्लाहरूको देश हो। पानीभित्रको माछाले पानीको परख गर्न नसकेजस्तै हामी पनि हाम्रो रैथाने सीपबारे अनभिज्ञ रहेछौं। उनले हेलिकोप्टरबाट देख्दा नेपाली किसानले औजार लगाएर गरा बनाएको भन्ठानेका रहेछन् जब उनले त्यो सबै काम हातैले गरेको थाहा पाए तब उनी चकित परे। पाखुरीकै बलले यत्रो पहाड ताछ्ने आँट नेपालीले कहाँबाट पाए भनेर उनी आश्चर्यमा परेका थिए। अनि पो म झल्याँस भए। जोनले विद्यार्थीलाई नेपालको स्थलगत अध्ययन गर्न पठाए। उनका विद्यार्थीले त्यहाँका स्थानीय किसानसँग १५ दिनजति स्थानीय सीप, प्रविधि, ज्ञान सिकेर गए।

एउटै गरा पनि उकालो र ओरालो बनाउने अनौठो विधि नेपाली किसानले जानेका छन्। पानी पर्दा एकातिर पानी जम्ने अर्कोतिर पानी नअडिने उकाली। किन यस्तो गरेको भनी सोध्दा एक स्थानीय किसानले मलाई बताए, 'गहिरो तिर धान रोप्ने बावु। उकालीतिर कोदो लगाउने।'

कोदो भन्दा त धान नै लगाए हुन्थ्यो होला भनेर मैले सोधें। 'सबैमा धान लगाए हुन्न बा ?'

उनले भने, 'हुन त हुन्थ्यो बावु। तर पानी परेन भने के गर्ने नि ?'

पानी नपरे त धान हुँदैन। पानी नपरेको अवस्थामा मकै र कोदोले गर्जो टर्ने भयो। यो संखुवासभाको कुरा, सन् १९८६ तिरको।

मैले उहाँलाई फेरि सोधें, 'पानी पऱ्यो भने के गर्ने नि ?'

'बाबु पानी पऱ्यो भने धानको भात खाने, कोदोको जाँड,' उनले भने।

कस्तो गजबको काइदा। खाद्य सुरक्षाको वैज्ञानिक विधि। धान खान नपाउँदा कोदो र मकै भए पनि खान पऱ्यो।

समुदायले जोगाउँदै आएको यस्तो रैथाने उदाहरण गाउँठाउँमा अनेकौं छ। तर हाम्रो आधुनिक विकासले यस्तो रैथान ज्ञान हराउँदै गयो।

समुदायले जोगाएको रैथाने ज्ञान हामीले जोगाउनुपर्ने थियो, सकेनौं। अहिले चौंरी चराउने युवाहरू ऊँट चराउन गए। अनि त हाम्रो संस्कृति, संस्कार पनि गयो। युवा विदेशिए भन्ने पीर सबैले लिएको देखिन्छ तर रैथाने ज्ञान गयो भन्ने पीर कसैले लिएको देखिँदैन।

# श्रीलंकाका पूर्वराष्ट्रपति विक्रमसिंघे पक्राउ

**एजेन्सी, भदौ ६**

श्रीलंकाका पूर्वराष्ट्रपति रानिल विक्रमसिंघे सरकारी कोष दुरुपयोगको आरोपमा पक्राउ परेका छन् । उनीमाथि सन् २०२३ को सेप्टेम्बरमा बेलायतको निजी भ्रमणका क्रममा सरकारी ढुकुटीबाट खर्च गरेको अभियोग लागेको हो ।



शुक्रबार श्रीलंकाको आपराधिक अनुसन्धान विभाग (सीआईडी)ले ७६ वर्षीय विक्रमसिंघेलाई कोलम्बोस्थित आफ्नै कार्यालयबाट पक्राउ गरेको हो। अनुसन्धानका क्रममा उनलाई प्रारम्भिक सोधपुछपछि न्यायिक प्रक्रियाका लागि कोलम्बोको फोर्ट अदालतमा पेश गरिने बताइएको छ ।

विक्रमसिंघे सन् २०२३ को सेप्टेम्बरमा क्युबाको हवानामा आयोजित विकासशील राष्ट्रहरूको शिखर सम्मेलनमा भाग लिएर फर्कँदै गर्दा बेलायत गएका थिए। उनी आफ्नी पत्नी, प्रोफेसर मैत्री विक्रमसिंघेको वुल्भरह्याम्प्टन विश्वविद्यालयमा आयोजित दीक्षान्त समारोहमा सहभागी भएका थिए ।

श्रीलंकाको सीआईडीका अनुसार सो यात्राका क्रममा प्रयोग गरिएको सुरक्षा टोलीको तलब, आवास र अन्य खर्च सरकारी कोषबाट व्यहोरेको प्रारम्भिक प्रमाण भेटिएको छ ।

# गाजामा अनिकाल घोषणा

**एजेन्सी, भदौ ६**

संयुक्त राष्ट्रसंघले गाजा क्षेत्रमा आधिकारिक रूपमा अनिकाल घोषणा गरेको छ। मध्यपूर्वमा पहिलोपटक घोषित यो अनिकालले करिब पाँच लाखभन्दा बढी मानिसलाई 'विनाशकारी भोकमरी'को संकटमा पारेको चेतावनी दिइएको छ। संयुक्त राष्ट्रका विभिन्न निकायहरूका अनुसार गाजाको मानवीय अवस्था विगत केही महिनादेखि गम्भीर रूपमा बिग्रिएको छ ।

खाद्य सुरक्षासम्बन्धी अन्तर्राष्ट्रिय मूल्यांकन संस्था 'इन्टिग्रेटेड फुड सेक्युरिटी फेज क्लासिफिकेसन इनिसियटिभ (आईपीसी)' ले सन् २०२५ अगस्ट १५ सम्म संकलन गरिएको तथ्यांकका आधारमा गाजामा अनिकाल पुष्टि गरेको हो ।

आईपीसीको परिभाषाअनुसार कुनै क्षेत्रमा २० प्रतिशतभन्दा बढी घरधुरीमा अत्यन्त चरम खाद्य अभाव देखिँदा र प्रत्येक १० हजार जनसंख्यामध्ये दुई जनाको दैनिक मृत्यु भोकमरी वा कुपोषणका कारण हुँदा त्यसलाई अनिकाल मानिन्छ ।

गाजामा अहिले पाँच वर्षमुनिका करिब ३० प्रतिशत बालबालिका गम्भीर कुपोषणबाट पीडित छन्। जुलाई महिनामात्रै १२ हजारभन्दा बढी बालबालिकामा कुपोषणको लक्षण देखिएको छ। युनिसेफका अनुसार बालबालिकाको शरीर कमजोर भइसकेको छ र उनीहरू भोक, रोग र उपचारको अभावमा ज्यान गुमाउने स्थितिमा छन् ।

संयुक्त राष्ट्रका अधिकारीहरूले इजरायलले मानवीय सहायता वितरणमा सुनियोजित अवरोध गरेको आरोप लगाएका छन्। गाजामा खाद्यान्न, औषधि र इन्धनको अभाव गहिरिंदो छ। मार्चदेखि सहायता आपूर्तिमा गरिएको पूर्ण प्रतिबन्ध र मेको अन्त्यमा दिइएको अति सीमित पहुँचले अवस्थालाई थप जटिल बनाएको छ ।



इजरायलको विदेश मन्त्रालयले भने अनिकालको घोषणा 'निहित स्वार्थयुक्त संस्थाहरू'द्वारा हमासको प्रचारका आधारमा गरिएको भन्दै गाजामा अनिकाल नरहेको दाबी गरेको छ।

आईपीसीको रिपोर्टअनुसार अनिकाल सेप्टेम्बरसम्म देइर अल-बालाह र खान युनिस प्रान्तसम्म फैलिने खतरा छ। यसले गाजाको कुल जनसंख्याको तीन चौथाइ अर्थात् झण्डै ६ लाख ४१ हजार जनालाई असर पार्नेछ ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटारेसले गाजामा तत्काल युद्धविरामको आह्वान गर्दै, इजरायलद्वारा नियन्त्रणमा रहेका सबै बन्धकको रिहाइ र पूर्ण मानवीय सहायता सुनिश्चित गर्न आग्रह गरेका छन्। 'हामी यो अवस्थालाई दण्डहीन रूपमा जारी रहन दिन सक्दैनौं,' उनले भने ।

संयुक्त राष्ट्रका मानवअधिकार प्रमुख भोल्कर तुर्कले भोकमरीलाई युद्धको हतियारको रूपमा प्रयोग गर्नु गम्भीर युद्ध अपराध भएको बताएका छन् ।

आईपीसीका अनुसार गाजाको करिब ९८ प्रतिशत खेतीयोग्य जमिन नष्ट भएको छ। पशुधन नष्ट गरिएको छ भने माछा मार्न प्रतिबन्ध लगाइएको छ। स्वास्थ्य सेवा प्रणाली धराशायी भएको छ, पिउने पानीको अभाव र सरसफाइको कमजोर अवस्थाले संकटलाई थप गम्भीर बनाएको छ।

गाजाको उत्तरी प्रान्तमा अवस्था अझ भयावह हुन सक्ने अनुमान गरिएको भए पनि पर्याप्त तथ्यांक आइनपुगेको जनाइएको छ।

# भारतमा अनलाइन जुवा प्रतिबन्धित

**एजेन्सी, भदौ ६**

भारतको संसद्ले बिहीबार अनलाइन जुवा खेलाउने अनलाइन खेलहरूमा पूर्ण प्रतिबन्ध लगाउने विधेयक पारित गरेको छ। यो विधेयकसँगै भारतमा पोकर, तास र फ्यान्टासी खेलजस्ता एपहरू बन्द हुने भएका छन् ।

सरकारले यस्ता खेलहरूले आर्थिक क्षति, कुलत र सामाजिक असन्तुलन निम्त्याएको भन्दै यसविरुद्ध कडा कदम चालेको बताएको छ ।

भारतभर हाल करिब ४५ करोड मानिस अनलाइन जुवाका खेलमा संलग्न छन्। यी खेलबाट प्रत्येक वर्ष २.३ अर्ब अमेरिकी डलर बराबरको आर्थिक घाटा भइरहेको छ। यही तथ्यांकका आधारमा संसद्ले नयाँ कानून पारित गरेको हो। 'अनलाइन गेमिङ प्रवर्द्धन तथा नियमन विधेयक २०२५' नाम दिइएको यो विधेयक अब राष्ट्रपतिको अनुमोदनपश्चात लागू हुनेछ। यसपछि पैसामार्फत अनलाइन खेल सञ्चालन, प्रचार वा लगानी गर्नेलाई तीन वर्षसम्मको कैद वा जरिवाना हुनसक्ने छ ।

यो निर्णयसँगै भारतको लोकप्रिय एपहरू ड्रिम ११, मोबाइल प्रिमियर लिग (एमपीएल), गेम्स २४/७, जुपे, वीनजो लगायतका प्लेटफर्महरू संकटमा परेका छन् ।

ड्रिम ११ को मूल्यांकन मात्रै ८ अर्ब डलर रहेको अनुमान छ। उता एमपीएलको मूल्यांकन २.३ अर्ब डलर रहेको पिचबुकले जनाएको छ ।

यी एपहरूमा विश्वका ठूला लगानीकर्ता टाइगर ग्लोबल, पिक एक्सभी पार्टनर्स्जस्ता कम्पनीहरूको ठूलो लगानी थियो। अब यो निर्णयले विदेशी लगानीकर्तामा विश्वासको संकट र हजारौं रोजगारी गुम्ने खतरा पैदा भएको विशेषज्ञहरूले बताएका छन् ।

संघीय सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवका अनुसार यो कानूनले 'लत लाग्ने, झुटो आशा देखाउने, आर्थिक र मानसिक संकट निम्त्याउने अनलाइन जुवालाई नियन्त्रण गर्ने' उद्देश्य राखेको छ ।



उनले संसद्मा भने, 'सरकारको कर्तव्य नै समाजमा बारम्बार देखा पर्ने विकृति र धोखाधडीविरुद्ध कठोर कदम चाल्नु हो ।' सरकारले ई-स्पोर्ट्स, शैक्षिक गेमिङ र सामाजिक उद्देश्यका खेलहरूलाई भने यस प्रतिबन्धको दायराबाट बाहिर राखेको छ ।

प्रधानमन्त्री मोदीले भने 'नयाँ कानूनले जिम्मेवार डिजिटल मनोरञ्जनलाई प्रवर्द्धन गर्ने र अनलाइन जुवाको गलत प्रभावबाट समाजलाई जोगाउने' बताएका छन् ।

गेमिङ उद्योगसँग सम्बद्ध संघसंस्थाहरूले भने सरकारसँग पूर्ण प्रतिबन्धको सट्टा नियमन र कर प्रणालीमार्फत समाधान खोज्न आग्रह गरेका थिए। उनीहरूले यस किसिमको प्रतिबन्धले अवैध विदेशी प्लेटफर्मतर्फ सामान्य भारतीयहरू मोडिन सक्ने खतरा रहेको बताएका छन् ।

पोकर वा फ्यान्टासी खेलहरू कौशलमा आधारित खेल भएकाले तिनीहरूलाई जुवा वा कुलत बसाल्ने खेलका रूपमा हेर्न मिल्दैन । कानूनमा यस्ता खेललाई छुट दिनुपर्ने उनीहरूको माग छ ।

केही ठूला गेमिङ कम्पनीहरूले नयाँ कानूनविरुद्ध सर्वोच्च अदालतमा चुनौती दिने तयारी गरिरहेको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन् ।

भारतको यस कदमले अनलाइन खेल मनोरञ्जन हो कि समाजमा लत फैलाउने विकृति ? भन्ने बहसलाई पुनः चर्काएको छ। एकातर्फ डिजिटल अर्थतन्त्रको तीव्र विकास, अर्कोतर्फ मानसिक र सामाजिक असरको चिन्ता पनि देखिएको छ। यता सरकार भने आर्थिक नोक्सानी, झूटो नाफाको लोभ र सामाजिक अस्थिरता ल्याउने भएकाले यी खेलहरूलाई नियन्त्रण नगरी नछोड्नेमा स्पष्ट देखिन्छ।

# अमेरिका साढे पाँच करोड आप्रवासी फर्काउने प्रक्रियामा



**एजेन्सी, भदौ ६**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकामा आधिकारिक भिसा लिएर बसिरहेका पाँच करोड ५० लाख विदेशीहरूका लागि खतराको घण्टी बजाएका छन् ।

अमेरिकी विदेश मन्त्रालयले पाँच करोड ५० लाख भिसावाहकहरूको रेकर्डको समीक्षा भइरहेको बताइएको छ। अब भिसावाहक व्यक्तिहरूले आप्रवासन नियम उल्लंघन गरेका छन् कि छैनन् भनेर जाँच गरिने छ। उल्लंघन गरेको भेटिएमा सम्भवतः उनीहरूको भिसा रद्द गरिनेछ। साथै, उनीहरूलाई उनीहरूको मूल देशमा फिर्ता पठाइने बताइएको छ।

अमेरिकी विदेश मन्त्रालयले सबै अमेरिकी भिसावाहकहरूको निरन्तर जाँच भइरहेको जनाएको छ। उनीहरू भिसाका लागि अयोग्य छन् कि छैनन् भनेर हेरिने बताइएको छ। यदि यस्तो जानकारी भेटिएमा उनीहरूको भिसा रद्द गरिनेछ। भिसावाहक विदेशी व्यक्ति अमेरिकामा भएमा उनीहरूलाई फिर्ता पठाइने छ।

विदेश मन्त्रालयले भिसा अयोग्यताका मापकहरू बनाइरहेको बताएको छ। यसमा भिसाको अवधिभन्दा बढी समय अमेरिकामा बस्नु, आपराधिक गतिविधिमा संलग्न हुनु, सार्वजनिक सुरक्षाका लागि खतरा हुनु, कुनै पनि प्रकारको आतंकवादी गतिविधिमा संलग्न हुनु वा आतंकवादी संगठनलाई सहयोग गर्नु जस्ता कुराहरू समावेश छन् ।

मन्त्रालयले भनेको छ, 'हामी हाम्रो जाँचका लागि उपलब्ध सबै सूचनाहरूको समीक्षा गर्छौं। यसमा प्रहरी वा आप्रवासन रेकर्ड वा भिसा जारी भएपछि सम्भावित अयोग्यताको संकेत दिने कुनै पनि अन्य जानकारी समावेश छ।' ट्रम्प प्रशासनले अमेरिकामा अवैध रूपमा बसिरहेका आप्रवासीहरूका अतिरिक्त विद्यार्थी र पर्यटन भिसामा रहेकाहरूलाई समेत निष्कासन गर्ने नीतिमा जोड दिएको छ।

गृह सुरक्षा मन्त्रालयका अनुसार गत वर्ष अमेरिकामा एक करोड २८ लाख ग्रीन कार्डवाहक र ३६ लाख अस्थायी भिसावाहक थिए। माइग्रेसन पोलिसी इन्स्टिच्युटकी जुलिया गेलाटले पाँच करोड ५० लाखको तथांकले अमेरिकाबाहिर रहेका र विभिन्न रुपमा प्रवेश भिसा भएका व्यक्तिहरू पनि यस समीक्षामा परेको बताएकी छिन्।

अमेरिकाले सबै विदेशी ट्रक चालकहरूका लागि भिसा जारी गर्न तत्काल रोक लगाएको छ। अमेरिकी विदेशमन्त्री मार्को रुबियोले बिहीबार यो घोषणा गरेका हुन्। रुबियोले सामाजिक सञ्जाल एक्समा लेखका छन् 'हामी तत्कालदेखि लागुहुने गरी व्यावसायिक ट्रक चालकहरूका लागि वर्कर भिसा जारी गर्न रोक लगाइरहेका छौं।'

वर्कर भिसा रोक्नुको पछाडिको कारण भारतबाट अवैध रूपमा अमेरिका गएका हरजिन्दर सिंहको घटनालाई लिइएको छ। जसको आफ्नो एक गल्तीले ठूलो दुर्घटना निम्त्यायो र त्यही कारण तीनजनाको ज्यान गएको थियो।

अमेरिकी सडकहरूमा ठूला ट्याक्टर-ट्रेलर ट्रक चलाउने विदेशी चालकहरूको संख्या बढ्दै जाँदा अमेरिकीहरूको जीवन खतरामा परेको र उनीहरूको जीविकोपार्जनमा असर पुगेको भन्दै विदेशमन्त्री रुबियोले चिन्ता व्यक्त गरेका छन् ।

उनले सामाजिक सञ्जालमा लेखेका छन् 'हाम्रा सडकमा हरेक चालकले उच्चतम मापदण्ड पूरा गरेको सुनिश्चित गर्नु, अमेरिकी ट्रक चालकहरूको जीविकोपार्जनको रक्षा गर्न र सुरक्षित, लचिलो आपूर्ति शृंखला कायम राख्नका लागि महत्त्वपूर्ण छ।'

यता काउन्सिल अन फरेन रिलेसन्सका वरिष्ठ फेलो एडवर्ड एल्डेनले भने विदेशी कामदारहरूले व्यावसायिक ट्रक चालकहरूको अभावलाई सम्बोधन गर्न सहयोग पुऱ्याएको बताएका छन् ।

सरकारले सुरुमा प्यालेस्टाइन समर्थक वा इजरायल विरोधी गतिविधिमा संलग्न भएको ठानेका विद्यार्थीहरूलाई लक्षित गरेको थियो। तर, अहिले सबै भिसावाहकहरूको समीक्षा प्रक्रियालाई व्यापक विस्तार गरेको छ। अधिकारीहरूका अनुसार यो समीक्षामा सबै भिसावाहकहरूको सामाजिक सञ्जाल खाताहरू, उनीहरूको देशको कानुन प्रवर्तन तथा अध्यागमनसम्बन्धी रेकर्डहरू, साथै अमेरिकामा रहँदा गरिएका कुनै पनि अमेरिकी कानून उल्लंघनका जानकारीहरू समावेश हुनेछन् ।

यो समीक्षाका लागि विगत, वर्तमान र भविष्यका भिसा आवेदकहरूको तथ्यांक संकलन गर्न नयाँ उपकरणहरू प्रयोग गरिनेछ। यसमा यस वर्षको सुरुमा लागु गरिएका नयाँ नियमअनुसार सामाजिक सञ्जालको पूर्ण जाँच पनि समावेश छ।

अमेरिका प्रवेश गर्न चाहने विशेष गरी लामो समयसम्म अध्ययन वा काम गर्न चाहने अधिकांश विदेशीहरूलाई भिसा आवश्यक पर्छ। छोटो अवधिको पर्यटक वा व्यावसायिक भ्रमणका लागि भने करिब ४० देशका नागरिकहरूलाई अपवाद दिइएको छ। जसमा मुख्यतया युरोपेली र एसियाली देशहरू पर्छन् ।

यी देशका नागरिकहरूले 'भिसा छुट कार्यक्रम' मार्फत भिसा आवेदन नदिई तीन महिनासम्म अमेरिकामा बस्न पाउँछन्। विश्वका ठूला देशहरू चीन, भारत, इन्डोनेसिया, रुस र अफ्रिकाका अधिकांश देशहरू यो कार्यक्रममा समावेश छैनन्। अल जजीराको रिपोर्टअनुसार ट्रम्प सरकारले सुरुमा केवल खतरनाक अपराधीहरूलाई लक्षित गर्ने भनेको थियो तर हाल दैनिक हजारौं मानिसहरूलाई पक्राउ गरिएको छ।

न्यूयोर्क टाइम्सका अनुसार सरकारले सन् २०२५ मा चार लाख मानिसहरूलाई उनीहरूको देशमा फिर्ता पठाउने तयारी भइरहेको र ६ हजार विद्यार्थीको भिसा रद्द गरिएको बताएको थियो।

# फोहोरको सट्टा खाना : विश्वभर फैलिँदै प्रेरणादायी सोच

**एजेन्सी, भदौ ६**

तीव्र विकाससँगै बढ्दो प्लास्टिक फोहोर र खाद्य असुरक्षाको दोहोरो चुनौती आज विश्वका धेरै शहरले खेपिरहेका छन्। यस्तो समस्यालाई एकैसाथ सम्बोधन गर्ने सन्दर्भमा भारतको अम्बिकापुर शहरले देखाएको उपाय अनुपम उदाहरण मात्र नभई एउटा व्यावहारिक र मानवकेन्द्रित समाधान देखिएको छ।

**'गार्बेज क्याफे' : फोहोरका बदलामा सम्मानसहितको खाना**

सन् २०१९ मा अम्बिकापुर नगरपालिकाले सुरु गरेको 'गार्बेज क्याफे' योजनाले यो शहरका आर्थिक रुपमा कमजोर वर्गलाई खाना र आत्मसम्मान दुवै प्रदान गर्दै आएको छ। यहाँ एक किलो प्लास्टिक फोहोर ल्याउँदा भात, तरकारी, दाल, रोटी, सलाद र अचारसहितको स्वच्छ र ताजा खाना दिइन्छ भने आधा किलो फोहोर ल्याए नास्ता/खाजा खान सकिन्छ। योजानाले घरबारविहीन, मजदूर, फोहोर संकलन गर्नेहरूजस्ता वर्गको जीवनमा सकारात्मक परिवर्तन ल्याएको छ।

**परोपकार होइन, सशक्तीकरण**

यो योजना परोपकारका लागि होइन। समस्या समाधान गर्ने बुद्धिमत्तापूर्ण प्रयास हो। अम्बिकापुर नगरपालिकाले आफ्नो स्वच्छता बजेटबाट यो क्याफे सञ्चालन गर्दै आएको छ। दैनिक दर्जनौं मानिसहरू परिश्रमका साथ संकलन गरेका प्लास्टिक लिएर यहाँ खाना खान आउँछन्।

**फोहोर व्यवस्थापनमा दीगो मोडेल**

अम्बिकापुरको फोहोर व्यवस्थापन प्रणालीलाई ध्यान दिएर हेर्दा यो केवल क्याफेसम्म सीमित छैन। 'शून्य ल्यान्डफिल शहर' बन्ने यात्रामा शहरले फोहोर थुपार्ने प्रवृत्तिलाई विस्थापित गर्दै पुनःप्रयोग, रिसाइक्लिङ र कम्पोस्टिङमा जोड दिएको छ।

शहरभरि रहेका २० वटा फोहोर व्यवस्थापन केन्द्रहरूमा फोहोरलाई ६० भन्दा बढी वर्गमा छुट्याइन्छ। पुनःप्रयोगयोग्य सामग्रीहरूबाट थप आर्थिक आम्दानी र वचत पनि गरिन्छ।

**महिला सशक्तीकरणसँगै सामाजिक न्याय**

यी केन्द्रहरूमा काम गर्ने चार सय ८० महिला (जसलाई 'स्वच्छता दिदी' भनेर चिनिन्छ) दैनिक घर-घरबाट फोहोर संकलन गर्छन्। उनीहरूको मासिक आम्दानी आठदेखि दस हजार रूपैयाँसम्म छ। यस योजना अन्तर्गत फोहोर व्यवस्थापनले महिलाको आर्थिक स्वतन्त्रता, सामाजिक हैसियत र आत्मविश्वासमा उल्लेखनीय सुधार ल्याएको छ।





**तथ्यांकमा देखिएको प्रभाव**

सन् २०१९ यता गार्बेज क्याफेमा २३ टनभन्दा बढी प्लास्टिक फोहोर संकलन गरिएको छ। ल्यान्डफिलमा जाने प्लास्टिकको मात्रा ५.४ टनबाट घटेर दुई टनमा झरेको छ। संकलित प्लास्टिकबाट ग्रान्युल बनाई सडक निर्माणमा प्रयोग गरिन्छ, कुहिने फोहोरबाट मल तयार पारिन्छ र पुनःप्रयोग नहुने फोहोर सिमेन्ट उद्योगमा इन्धनका रूपमा प्रयोग गर्न पठाइन्छ।

**अन्य देशका अनुभव**

अम्बिकापुरको यो उदाहरण आज विश्वका विभिन्न भूभागमा देखिएका समान प्रयोगहरूसँग मेल खान्छ। कम्बोडियामा प्लास्टिक फोहोर साटेर चामल पाइन्छ। इन्डोनेसियामा विद्यार्थीहरूले स्कुल शुल्क फोहोर दिएर तिर्न सक्छन्। नाइजेरियामा संस्थाहरूले फोहोर संकलन गरी खाद्यान्न वा मोबाइलमा पैसा (रिर्चाज) दिन्छन्।

चीनको शाघांईमा स्मार्ट डस्टबिन प्रयोगकर्ताले 'डिजिटल क्रेडिट' पाउँछन्। संयुक्त राज्य अमेरिका, जापान, दक्षिण कोरिया लगायतका देशहरूले दशकौंदेखि शून्य फोहोर रणनीति अपनाउँदै आएका छन्।

यी अभ्यासहरूबाट फोहोर व्यवस्थापन सफाइको विषय मात्र नभई यो सामाजिक र वातावरणीय न्यायसँग पनि गहिरो रूपमा गाँसिएको विषय हो भन्ने देखाएको छ।

**नेपाली सन्दर्भ : चुनौती र अवसर**

नेपालका शहरहरू पनि फोहोरको जटिल समस्याबाट अछूतो छैनन्। काठमाडौं उपत्यकादेखि पोखरा, भरतपुर, वीरगञ्ज, विराटनगर लगायतका ठाउँहरूमा प्रत्येक दिन सयौं टन फोहोर उत्पादन हुन्छ। सो फोहोरको ठूलो अंश प्लास्टिक हो। तर, फोहोरको उचित वर्गीकरण, रिसाइक्लिङ संरचना र दीगो व्यवस्थापनको अभावमा समस्या झन गहिरिंदै गएको छ।

**यो मोडेल नेपालमा सम्भव छ ?**

अम्बिकापुर मोडल नेपालमा लागू गर्न सम्भव छ। स्थानीय सरकार र समुदायको सक्रियता भयो भने यो मोडेललाई नेपाली सन्दर्भमा सरल, सस्तो र उपयोगी ढंगले लागू गर्न सकिन्छ।

त्यसका लागि नगरपालिकाहरूले फोहोर साटासाट केन्द्र, सामुदायिक रिसाइक्लिङ युनिट, महिला स्वयंसवेक समूहमार्फत फोहोर संकलन र व्यवस्थापनको योजनालाई प्रवर्द्धन र कार्यान्वयन गर्न सक्छन्। यस्ता प्रयासले अति विपन्नको पेट भर्न सक्छ। महिलालाई रोजगारी दिन सक्छ। नगर सफा राख्न सक्छ। र वातावरणीय प्रदूषणलाई पनि घटाउन मद्दत पुग्छ।

नेपालले पनि फोहोरलाई समस्या होइन, स्रोतका रूपमा हेर्दै अभियान अगाडि बढायो भने मात्रै भन्न सकिन्छ - 'फोहोर साटौं, पेट भरौं, सहर सफा राखौं।'



काठमाडौंको भृकुटीमण्डपमा जारी नाडा अटो शो २०२५मा प्रदर्शनमा राखिएका भिन्टेज कार। यी भिन्टेज कारहरु व्यवसायी राजबहादुर शाहका हुन्। नाडामा राखिएका ९ वटा भिन्टेज कार बिक्रीका लागि भने होइनन्। *तस्बिरः नेपाल फोटो लाइब्रेरी*

## फोर्थिङको पाँच वर्षे अफर



**काठमाडौं (संवाददाता)** – प्रिमियम इलेक्ट्रिक भेहिकल ब्रान्ड फोर्थिङ फ्राइडेले नेपालमा 'फ्राइडे टु फ्राइडे, २०२५-२०३०' नामक पाँच वर्षे विशेष अफर सार्वजनिक गरेको छ। यो योजनाले ग्राहक सन्तुष्टि, दीर्घकालीन मूल्य र दिगो गतिशीलताप्रति कम्पनीको प्रतिबद्धता झल्काउने कम्पनीको दाबी छ।

नेपालमा फोर्थिङ फ्राइडे इभीको आधिकारिक वितरण लक्ष्मी ई-मोबिलिटी प्रालिमार्फत भइरहेको छ। कम्पनीले फ्राइडे टु फ्राइडे स्किमअन्तर्गत थप वित्तीय सुरक्षाका लागि ५ वर्षसम्म निःशुल्क अटो प्लस इन्स्योरेन्स, सवारी मर्मतका लागि ६ वर्षसम्म निःशुल्क सर्भिस सुविधा र घरमै चार्जिङ समाधानका लागि ७ किलोवाटको चार्जर उपलब्ध गराउनेछ।

लक्ष्मी ई-मोबिलिटीले फ्राइडे टु फ्राइडे अफर नेपाली ग्राहकलाई इभी स्वामित्वमा थप लाभदायी बनाउन तयार गरिएको जनाएको छ। यसले ग्राहकको विश्वास बढाउनेछ र नेपालमा दिगो गतिशीलताको स्वीकृति विस्तार गर्न सहयोग पुर्‍याउने विश्वास कम्पनीले लिएको छ। यस घोषणासँगै, फोर्थिङ फ्राइडेले आफूलाई नवप्रवर्तन, सुरक्षा र ग्राहक-केन्द्रित अनुभवमा केन्द्रित प्रिमियम इभी ब्रान्डका रूपमा प्रस्तुत गरेको कम्पनीले जनाएको छ। लक्ष्मी समूहअन्तर्गतको लक्ष्मी ई-मोबिलिटी प्रालि नेपालमा फोर्थिङ फ्राइडे इभीको आधिकारिक वितरक हो।

# आठ अर्ब ८४ करोडको लगानी स्वीकृत

news24
**काठमाडौं, भदौ ६**

तल्लो अप्सुवा जलविद्युत परियोजनाका लागि लगानी स्वीकृत भएको छ। लगानी बोर्डको शुक्रबार बसेको बैठकले ५४ मेगावाट उत्पादन क्षमताको जलविद्युत् परियोजनाका लागि आठ अर्ब ८४ करोड रुपैयाँ बराबरको लगानी स्वीकृत गरेको हो। लगानी बोर्डको कार्यालयका प्रवक्ता प्रद्युम्नप्रसाद उपाध्यायले बोर्डको ६५औं बैठकले लगानी स्वीकृत गर्ने निर्णय गरेको जानकारी दिए।




बैठकले आठ सय मेगावाट क्षमताको पश्चिमसेती जलविद्युत् परियोजनाको परियोजना विकास सम्झौताको मस्यौदा तयारी, वित्तीय ढाँचालगायतका विषयमा विकासकर्तासँग छलफल गरी बोर्डमा प्रस्ताव पेस गर्ने कार्यका लागि प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा वार्ता समिति गठन गर्ने निर्णय पनि गरेको छ।

प्रधानमन्त्री तथा लगानी बोर्डका अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा सम्पन्न बैठकले पाँचखाल विशेष आर्थिक क्षेत्रको विकास तथा सञ्चालनसम्बन्धी परियोजना र काठमाडौं-हेटौंडा-वीरगञ्ज पोडवे परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन पेस गर्न तथा सर्वेक्षण अनुमतिपत्र प्रदान गर्ने अख्तियारी लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृतलाई दिने निर्णय गरेको छ।

त्यसैगरी, नौ सय मेगावाट क्षमताको माथिल्लो कर्णाली जलविद्युत् परियोजनाको विद्युत् प्रसारण लाइनको नयाँ रुट 'अलाइनमेन्ट'को सम्भाव्यता तथा वातावरणीय अध्ययन गर्नका लागि प्रवर्द्धक कम्पनी कर्णाली ट्रान्समिसन कम्पनी प्रालिलाई सहमति प्रदान गर्ने निर्णयसमेत बैठकले गरेको छ।

बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री तथा बोर्डका उपाध्यक्ष विष्णुप्रसाद पौडेल, भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा डा शिवराज अधिकारी, मुख्यसचिव एकनारायण अर्याल, नेपाल राष्ट्र बैंकका गभर्नर डा विश्वनाथ पौडेल, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव राजकुमार श्रेष्ठलगायत उच्चपदस्थ अधिकारीहरूको उपस्थिति थियो।

## उदयपुरका विद्यालयहरूमा शौर्य सिमेन्टको सहयोग



काठमाडौं (संवाददाता) - शौर्य सिमेन्ट इण्डष्ट्रिज लिमिटेडले आफ्नो कर्पोरेट सामाजिक उत्तरदायित्वअन्तर्गत उदयपुर जिल्लाका विद्यालयहरूमा शैक्षिक किट तथा विद्यार्थीहरूलाई शैक्षिक सामग्रीहरू वितरण गरेको छ। यस अभियानमार्फत कुल चार सय ५० विद्यार्थी प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्।

शिक्षा क्षेत्रको सशक्तीकरणमा टेवा पुगोस् भन्ने उद्देश्यले सो कार्यक्रम अन्तर्गत विद्यार्थीहरूलाई कापी, कलम, झोला र विद्यालयहरूलाई डस्टबिन, वाटर फिल्टर, जग, पाठ्यपुस्तक लगायत आवश्यक शैक्षिक सामग्रीहरू प्रदान गरिएको कम्पनीले जनाएको छ।

रुपैरानी आधारभूत विद्यालय-आहाले, जनता आवासीय विद्यालय-थलियाटार, वीरेन्द्र आवासीय विद्यालय- भन्टाबारी र श्री आधारभूत विद्यालय- बबेलालाई सो सहयोग प्रदान गरेको हो। यसअघि पनि शौर्य सिमेन्टले कटारी नगरपालिका वडा नं. ७, मर्जेतपुरस्थित श्री सरस्वती आधारभूत विद्यालयको उद्घाटन कार्यक्रममा शैक्षिक सामग्री वितरण गरेको थियो। सहयोग वितरण कार्यक्रममा विद्यालयका प्राचार्य, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, स्थानीय जनप्रतिनिधि तथा शौर्य सिमेन्टको खानी तथा ब्राण्ड टीमको उपस्थितिमा सम्पन्न भएको थियो। साथै, कटारी नगरपालिका वडा नं. ८ का वडा अध्यक्ष नविन्द्रकुमार तामाङको पनि उपस्थिति थियो।

विद्यालयहरूलाई उपलब्ध गराएको सहयोगले विद्यार्थीहरूको सिकाइ वातावरणलाई थप सुदृढ गर्ने विश्वास व्यक्त गरेका छन्। यस अवसरमा शौर्य सिमेन्टका प्रतिनिधिले शिक्षा नै दिगो विकासको आधार रहेको बताए। शैक्षिक सामग्रीमार्फत विद्यार्थीहरूलाई अझ राम्रोसँग पढ्न र आफ्नो भविष्य निर्माण गर्न प्रेरित गरेको पनि कम्पनीले बताएको छ।

शौर्य सिमेन्टले निरन्तर रूपमा शिक्षा, स्वास्थ्य, संस्कृति तथा सामुदायिक विकासमा विभिन्न सामाजिक उत्तरदायित्व गतिविधिहरू सञ्चालन गर्दै आएको छ।

# बैंकिङ प्रणालीमा करिब तीन अर्ब पठाउँदै राष्ट्र बैंक

news24
**काठमाडौं, भदौ ६**

नेपाल राष्ट्र बैंकले बैंकिङ प्रणालीमा दुई अर्ब ७७ करोड ६७ लाख रुपैयाँ निक्षेप लगानी गर्ने भएको छ। केन्द्रीय बैंकले विभिन्न कोषहरूमा रहेको रकम बैंक तथा वित्तीय संस्थामा राख्न लागेको हो।

निक्षेप लिन इच्छुक तोकिएको शर्तहरू पुरा गरेका बैंक तथा वित्तीय संस्थाले आफूले लिन चाहेको रकम र दिन चाहेको ब्याज खुलाइ भदौ ८ गतेभित्र प्रस्ताव पेश गर्न सक्नेछन्। राष्ट्र बैंकले सेप्टेम्बर ११, २०२५ देखि सेप्टेम्बर ११ २०२६ सम्म ३६६ दिनका लागि मुद्दति निक्षेपमा सो पैसा राख्न लागेको हो।

राष्ट्र बैंकले वाणिज्य बैंकहरूमा २ अर्ब २२ करोड १४ लाख रुपैयाँ, राष्ट्रिय स्तरका विकास बैंकमा ४१ करोड ६५ लाख र राष्ट्रिय स्तरका वित्त कम्पनीमा १३ करोड ८८ लाख रुपैयाँ राख्ने जनाएको छ।

निक्षेप लिन चाहने बैंक तथा वित्तीय संस्था सञ्चालनमा आएको कम्तिमा २ वर्ष पुरा भएको, न्यूनतम कुल पुँजीकोष अनुपात कायम गरेको, निष्क्रिय कर्जा ८ प्रतिशत र खुद निष्क्रिय कर्जा अनुपात ३ प्रतिशत ननाघेको हुनुपर्नेछ। यस्तै, खुद तरल सम्पत्ति अनुपात निर्धारण गरेको सीमाभित्र रहेको, कर्जा निक्षेपको अनुपात सीमाभित्र रहेको, अघिल्लो वर्षको नाफा नोक्सान हिसाब अनुसार खुद नाफामा रहेको हुनुपर्नेछ। बैंक तथा वित्तीय संस्था शीघ्र सुधारात्मक कारवाहीमा परेको भए कारबाही फुकुवा भएको कम्तीमा ६ महिना पुरा भएको, समस्याग्रस्त घोषणा भए कारबाही फुकुवा भएको ६ महिना अवधि पुरा भएको र सर्वसाधारणलाई छुट्याएको शेयर जारी गरिसकेको हुनुपर्नेछ।

निक्षेप लिन चाहने बैंक तथा वित्तीय संस्थाले प्रस्ताव गरेको ब्याजदर लगानी गरिने मितिसम्म मान्य हुनेछ। संस्थाको ब्याजदर परिवर्तनसँग सम्बन्धी सार्वजनिक सूचनाले प्रस्तावित ब्याजदरलाई कुनै असर गर्न नहुने पनि केन्द्रीय बैंकले जारी गरेको सूचनामा उल्लेख छ।

**बैंकहरूसँग ९ खर्ब अधिक तरलता**

बैंकिङ प्रणालीमा करिब दुई वर्षयता अधिक तरलताको स्थिति छ। बैंक तथा वित्तीय संस्थाले हालसम्म ७२ खर्ब ३७ अर्ब निक्षेप संकलन गरेका छन्। यसमध्ये ५५ खर्ब ८८ अर्ब रुपैयाँ ऋण लगानी गरेका छन्।

बैंक तथा वित्तीय संस्थाले कर्जा-निक्षेप अनुपात (सीडी रेसियो) ९० प्रतिशत कायम गरेर ऋण लगानी गर्न पाउने व्यवस्था छ। तर अहिले बैंकहरूको सीडी रेसियो ७६.२३ प्रतिशत छ। बैंकिङ प्रणालीमा अहिले पनि ९ खर्ब २५ अर्ब रुपैयाँ लगानीयोग्य पैसा छ।

निक्षेप संकलन तिव्र बढीरहेको छ भने कर्जाको माग न्यून छ। यहीकारण बैंकहरूसँग लगानीयोग्य रकम थुप्रिदै गएको हो। निक्षेप निरुत्साहित गर्दै कर्जामा आकर्षण बढाउन बैंकहरूले ब्याजदर घटाएका छन्।

अहिले बैंकहरूले सवारी कर्जाको ब्याजदर ७ प्रतिशतभन्दा तल अफर गरिरहेका छन्। मार्जिन प्रकृतिको कर्जाको ब्याजदर पनि ८ प्रतिशत हाराहारी झरिसकेको बैंकर बताउँछन्। तर पनि कर्जाको माग बढ्न सकिरहेको छैन। अर्थशास्त्रीहरूले उपभोग नबढ्दासम्म कर्जाको माग समेत बढ्न नसक्ने बताउँदै आएका छन्।

## नेपाल बैंक र न्यूरो कार्डियो एण्ड मल्टिस्पेसियालिटीबीच सम्झौता



काठमाडौं (संवाददाता)- नेपाल बैंकका ग्राहकले विराटनगरको न्यूरो कार्डियो एण्ड मल्टिस्पेसियालिटी हस्पिटलमा छुट पाउने भएका छन्। बैंक र हस्पिटलबीच यससम्बन्धमा सम्झौता भएको बैंकले जनाएको छ। यो हस्पिटल मोरङ जिल्ला विराटनगर महानगरपालिका वडा नं. १०मा रहेको छ।

सम्झौता अनुसार अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवामा लाग्ने शुल्कमा ५ प्रतिशत देखि ५० प्रतिशतसम्म छुट हुने छ। छुट पाउनका लागि बैंकको डिजिटल माध्यमबाट भुक्तानी गर्नुपर्नेछ। अस्पतालले दिने सेवामा मोबाइल बैंकिङ तथा कार्डहरुबाट भुक्तानी गर्दा छुट पाउन सकिने बैंकले जनाएको छ।

सम्झौतापत्रमा यही भदौ २ गते बैंकका कोशी प्रादेशिक कार्यालयका प्रमुख सुर्यप्रकाश भट्ट र हस्पिटलका निर्देशक राजेश भट्टराइले हस्ताक्षर गरेका छन्।

# लर्डबुद्धको सूचना प्रविधि प्रदर्शनी

news24
**काठमाडौं, भदौ ६**

लर्डबुद्ध एजुकेशन फाउण्डेशन (एलबीइएफ)ले सूचना प्रविधिसम्बन्धी प्रदर्शनी सम्पन्न गरेको छ। स्नातक छैटौं तहमा आइटी अध्ययनरत विद्यार्थीहरूले विकास गरेको सफ्टवेयर, एआई आधारित उपकरण, साइबर सुरक्षा सम्बन्धी प्रणाली, क्लाउड लगायतका विभिन्न ५२ वटा आविष्कारहरू प्रदर्शन गरिएको थियो।



लर्डबुद्ध एजुकेशन फाउण्डेशन परिसरमा भएको उक्त प्रदर्शनीको अवलोकन गर्दै नेपाली कंग्रेसका नेता एवं सांसद गगन थापाले नेपाली विद्यार्थीहरू सूचना प्रविधिको क्षेत्रमा अव्वल रहेको प्रतिकृया दिए। विद्यार्थीहरूले विकास गरेको आइटी सफ्टवेयरहरूको व्यवसायिकरण र बजारीकरणका लागि सरकारसँग समन्वय गर्नुपर्ने थापाले बताए। सूचना प्रविधिको तीव्र गतिमा विकास र विस्तार भइरहको अवस्थामा विभिन्न प्रकारका सफ्टवेयरहरू सरकारलाई नै आवश्यक पर्ने भएकाले नेपालमा आइटीको भविश्य उज्वल रहेको उनले बताए। नेपालमा दक्ष जनशक्ति उत्पादन गर्न आइटी क्षेत्रमा थप लगानी बढाउनुपर्नेमा थापाले जोड दिए।

विद्यार्थीहरूले विकास गरेको एआई प्रविधी, साइबर सेक्युरिटी, क्लाउड, तथा आइओटी प्रविधिमा अवलोकनकर्ताहरूको चासो देखिएको लर्ड बुद्ध एजुकेशन फाउण्डेशनका अध्यक्ष पंकज जालाने बताए। फाउण्डेशनले विद्यार्थीको सिर्जनात्मक पक्षलाई अघि ल्याउने प्रयास गरेको अध्यक्ष जालानले जानकारी दिए। विद्यार्थीलाई आत्मविश्वासी र व्यवसायिक रूपमा सक्षम बनाउन आइटी प्रोजेक्ट एक्स्पो आयोजना गरिएको उनको भनाइ छ।

प्रदर्शनीमा विद्यार्थी, अभिभावक, शिक्षक तथा सूचना प्रविधिमा रुचि राख्ने विभिन्न क्षेत्रका व्यक्तिहरूको उपस्थिति थियो। प्रदर्शनीमा कलेजका विद्यार्थीहरूले आर्टिफिसियल इन्टेलिजेन्स (एआई) मा आधारित प्रविधिको विकास, ह्याकिङबाट बच्ने सुरक्षात्मक प्रणाली, शैक्षिक व्यवस्थापन प्रणाली जस्ता नविनतम प्रविधिको सफल प्रदर्शन गरेका थिए।

लर्डबुद्ध एजुकेशन फाउण्डेशनले हरेक वर्ष सिर्जनात्मक गतिविधिको माध्यमबाट विद्यार्थीलाई नयाँ खोज र प्रयोगमा प्रेरित गर्दै आएको छ। पछिल्लो प्रदर्शनीले पनि नेपालको आइटी शिक्षामा निहित क्षमतालाई उजागर गर्दै देशभित्रै नवप्रवर्तन गर्न सकिने सम्भावनालाई बलियो बनाएको फाउण्डेशनको विश्वास छ।

# फोटोनको नयाँ इलेक्ट्रिक पिकअप

news24
**काठमाडौं, भदौ ६**

टनल्याण्ड जी७को सफलतापछि फोटोनले बहुप्रतिक्षित इलेक्ट्रिक पिकअप इटनल्याण्ड नेपाली बजारमा भित्र्याएको छ। यो गाडी नाडा अटो शोको अवसरमा सार्वजनिक गरिएको नेपालका लागि आधिकारिक बिक्रेता एमएडब्लू कमर्शियलले जनाएको छ। यो पिकअपमा फोटोनले विश्वकै अग्रणी ब्याट्री निर्माता सीएटीएलको अत्याधुनिक प्रविधि जोडिएको कम्पनीले जनाएको छ।

पिकअपको केन्द्रमा रहेको ८८ किलोवाट सीएटीएल लिक्विड-कुल्ड लिथियम ब्याट्रीले ३५० किमी (डब्लूएलटीपी) को ड्राइभिङ रेन्ज दिन्छ। ब्याट्रीमा ८ वर्ष/४ हजार किमी र मोटर तथा पावर इलेक्ट्रोनिक युनिटमा ५ वर्ष/२ हजार किमी वारेन्टी उपलब्ध छ। सीएटीएलको तेस्रो पुस्ताको प्रविधिले सुरक्षा, भरपर्दोपन र दीर्घकालीन प्रदर्शन सुनिश्चित गरेको कम्पनीले जनाएको छ।

इटनल्याण्डले १३० किलोवाट पावर र ३५०एनएम टर्क उत्पादन गर्दै बलियो पर्फर्मेन्स दिन्छ। ३० प्रतिशत ग्रेडेबिलिटीसहित यसले उकालो बाटो सहजै पार गर्छ। ८८.०२ किलोवाटहर्ज ब्याट्रीमार्फत ४३०




किमीसम्मको रेन्ज प्राप्त हुने भएकाले यो दैनिक प्रयोगदेखि लामो यात्रासम्म उपयुक्त हुने कम्पनीको दाबी छ।

पिकअपमा २०० मिमि ग्राउन्ड क्लियरेन्स, २६५/६५ आर १७ टायर र १५२०एक्स १५८०आर ४४० मिमिको विशाल कार्गो स्पेस छ, जसले असजिला बाटोहरू पार गर्न र भारी सामान ढुवानीमा सहजता दिने कम्पनीले जनाएको छ। यसले कामकाज र जीवनशैली दुवैका लागि भरोसायुक्त साथीको काम गर्नेछ।

एमएडब्लू वृद्धि कमर्शियल नेपालमा फोटोनको आधिकारिक वितरक हो, जसले व्यावसायिक र यात्रुवाहक सवारीसाधन तथा नयाँ ऊर्जा समाधानमा विशेषज्ञता हासिल गरेको छ। कम्पनीले देशव्यापी नेटवर्क र उत्कृष्ट सेवामार्फत दिगो गतिशीलतामा योगदान दिइरहेको छ।

# लगानीका क्षेत्रमा सामर्थ्य बढाउन वैकल्पिक विकास वित्त विधेयक



काठमाडौं। प्रतिनिधिसभाको शुक्रबारको बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले पूर्वाधारका क्षेत्रमा लगानी गर्न नेपालको सामर्थ्यलाई बढाउनुपर्नेमा जोड दिएका छन्। त्यसका लागि वैकल्पिक विकास वित्त परिचालनसम्बन्धी कानुन आवश्यक रहेको उनले बताए।

बैठकमा 'वैकल्पिक विकास वित्त परिचालन विधेयक'माथि सांसदहरूले राखेको जिज्ञासाको जवाफ दिँदै उनले भने, 'अहिले जुन किसिमको सहुलियत दलको ऋण अन्तरराष्ट्रिय वित्तीय संस्थाबाट प्राप्त गर्छौं, त्यसको ब्याजदर बढ्ने स्थिति रहन्छ। यो समस्या समाधान गर्न पूर्वाधारमा लगानी गर्ने हाम्रो सामर्थ्यलाई बढाउनुपर्ने हुन्छ, यस दृष्टिकोणले पनि वैकल्पिक विकास वित्त परिचालन विधेयक आवश्यक छ।'

अर्थमन्त्री पौडेलले नेपाललाई अल्पविकसित राष्ट्र (एलडिसी) मा मात्रै स्तरोन्नति नगराएर विकसित राष्ट्रका रूपमा अगाडि बढाउने सरकारको संकल्प रहेको प्रष्ट पारे। 'सन् २०२६ पछि हामी एलडिसी ग्राजुयसन (स्तरोन्नति)मा जाँदै छौं, यो राष्ट्रका लागि एउटा गौरवको विषय हो। यो हाम्रा लागि गौरवको विषय हुनुका साथै अर्कोतिर अभिभारा र जिम्मेवारी थप्छ। हामीमा जस्तोसुकै अभिभारा थपिए पनि एलडिसी ग्राजुयसनको यात्रा अब हामी तय गर्छौं।'

अर्थमन्त्री पौडेलले पूर्वाधारका महत्वपूर्ण संरचना निर्माण गरिरहँदा ती संरचनाको नेतृत्व राजनीतिक तहबाट हुनुपर्ने उद्देश्यले सञ्चालन समितिका साथै राजनीतिक तहबाट अनुगमन र नियमनका लागि अर्थमन्त्रीको नेतृत्वमा अनुगमन, नियमन र निर्देशन समिति गठन गर्ने व्यवस्था गरिएको जानकारी दिए।

उनका अनुसार सो समितिमा योजना आयोगका उपाध्यक्ष, राष्ट्र बैंकका गभर्नर, लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत र सरकारका मुख्य सचिव सदस्य रहनुहुने छ। समितिमा एक जना महिला विज्ञ सदस्य अनिवार्य गरिएको उनले बताए।

पारदर्शिताबारे सांसदले उठाउनुभएको प्रश्नको जवाफ दिँदै अर्थमन्त्री पौडेलले भने, 'यो विधेयक सम्पूर्ण रूपमा पारदर्शी छ, यसको कार्यान्वयन पारदर्शी ढंगले हुन्छ, यसको लेखा प्रणाली, प्रतिवेदन प्रणालीलगायत सबै विषयलाई सुत्रबद्ध तरिकाले गरेका छौं, त्यसकारण पारदर्शिताको बारेमा चिन्ता गर्नुपर्ने अवस्था छैन।' उनले वैकल्पिक विकास वित्त परिचालनसम्बन्धी कानुन सहकारीतर्फ आकर्षित नहुने प्रष्ट पारे।

सो विधेयकमाथिको छलफलमा सांसद वर्षमान पुन, राजेन्द्रकुमार केसी, किरणकुमार शाह, नारायणी शर्मा र माधव सापकोटाले आ-आफ्नो धारणा राखेका थिए। बैठकले विधेयकलाई सर्वसम्मतिले पारित गरेको छ। संसदको अर्थ समितिमा छलफल सम्पन्न भएपछि विधेयकलाई प्रतिनिधिसभामा पेश गरिएको थियो। वैकल्पिक स्रोत जुटाएर धेरै प्रतिफल दिने ठूला पूर्वाधारका आयोजनामा लगानी गर्ने विधेयकको मुख्य उद्देश्य छ।

# तीन नयाँ परियोजनामा कोरियाको २९ मिलियन सहयोग

news 24
**काठमाडौं, भदौ ६**

कोरिया अन्तर्राष्ट्रिय सहयोग एजेन्सी (कोइका)ले नेपालमा आफ्नो विकास साझेदारीको ३० वर्ष पूरा गरेको छ। यही अवसरमा शुक्रबार तीन वटा महत्वपूर्ण परियोजनामा सहयोग गर्ने सम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ।

पहिलो सम्झौताअनुसार गण्डकी प्राविधिक संस्थान स्थापना गर्न सन् २०२५ देखि २०३० सम्म कार्यान्वयन हुनेगरी नौ मिलियन अमेरिकी डलर सहयोगमा कार्यक्रम अघि बढाइने छ। उक्त सम्झौतामा अर्थ मन्त्रालयका सचिव घनश्याम उपाध्याय र नेपालस्थित दक्षिण कोरियाली राजदूत पार्क ते-यङ्गले हस्ताक्षर गरेका छन्।

त्यस्तै 'फ्रुट्स एण्ड भेचिटेबल भ्यालु चेन डेभलपमेन्ट प्रोजेक्ट' दोस्रो चरण हस्ताक्षर भएको छ। सन् २०२५ देखि २०३१ सम्म सञ्चालन हुने यस परियोजनाको बजेट १० मिलियन डलर रहेको छ। सम्झौतामा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव डा हरिबहादुर केसी र कोइका नेपालका देशीय निर्देशक मूहन कोङले हस्ताक्षर गरेका छन्।

सुदूरपश्चिम पोलिटेक्निक इन्स्टिच्युट स्थापनाको अर्को परियोजनामा पनि हस्ताक्षर भएको छ। सन् २०२५ देखि २०३० सम्म कार्यान्वयन हुने यस परियोजनाको बजेट १० मिलियन डलर छ। सम्झौतामा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव शिवकुमार सापकोटा र कोइका नेपालका निर्देशक मूहनले हस्ताक्षर गरेका थिए।

समारोहमा निर्देशक मूहनले नेपाल र कोरियाबीचको दीर्घकालीन साझेदारी, समावेशी र दिगो विकासप्रतिको दृढ प्रतिबद्धता व्यक्त गर्दै शिक्षा, स्वास्थ्य, कृषि र सुशासनजस्ता क्षेत्रमा



कोइकाको प्राथमिकता रहेको बताए।

कार्यक्रममा परराष्ट्र मन्त्रालयका सहसचिव भृगु ढुङ्गानाले द्विपक्षीय सम्बन्धलाई अझ मजबुत बनाउन कोइकाले पुर्याएको योगदानप्रति धन्यवाद ज्ञापन गर्दै नेपालका दिगो विकास लक्ष्य हासिल गर्न यसले खेलेको भूमिकाको प्रशंसा गरे।

नेपालका लागि कोरियाली राजदूत ते-यङ्गले कोइकाको ३० वर्षे यात्रा नेपाल-कोरिया मित्रताको प्रतिविम्ब भएको बताउँदै नयाँ परियोजना सम्झौतालाई साझेदारी र प्रगतिका प्रतीकका रूपमा औंल्याए।

पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले कोइकालाई यस ऐतिहासिक अवसरमा बधाई दिँदै नेपाल सरकार आगामी कार्यक्रमहरूको पहुँच र दिगोपन विस्तारमा सहकार्य गर्न तत्पर रहेको बताउनुभयो।

सन् १९९१ देखि कोइकाले नेपालमा स्वास्थ्य, शिक्षा, कृषि, प्राविधिक तालिम, ग्रामीण विकास, सूचना प्रविधि र पर्यटनलगायत क्षेत्रमा सहयोग पुर्याउँदै आएको छ। हालसम्म कोइकाले दुई हजार ९२१ जना स्वयंसेवकलाई नेपालमा परिचालन गरेको छभने दुई हजार २३० जना नेपाली निजामती कर्मचारीले क्षमता अभिवृद्धि कार्यक्रममा सहभागिता जनाएका छन्।

सन् २०१० मा नेपाललाई प्राथमिकतामा राखेपछि दक्षिण कोरियाली सरकारमार्फत नेपालमा सहयोग उल्लेख्य रूपमा बढेको छ। सन् २०२५ सम्म आइपुग्दा कोइकाको कुल सहयोग २०० मिलियन अमेरिकी डलर नाघेको छ। विकास सहयोगसम्बन्धी नयाँ रूपरेखा सम्झौता प्रक्रियामा रहेको र यसले नेपाल-कोरिया मित्रतालाई अझ सबल बनाउने अपेक्षा गरिएको छ।

# नेपाल लाइफको सहयोगमा सगरमाथाको फोहोर संकलन

news 24
**काठमाडौं, भदौ ६**

नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले राउन्ड टेबल नेपालसँगको सहकार्यमा प्रोजेक्ट केयर अभियान अन्तर्गत सगरमाथामा थुप्रिएको ५ हजार किलोग्राम फोहोर संकलन गरेको छ। नेपाल लाइफ इन्स्योरेन्सको केन्द्रीय कार्यालय कमलादीमा आयोजित एक विशेष समारोहका बीच राउन्ड टेबल नेपालका अध्यक्ष प्रवेश अग्रवालले फोहोर संकलन सम्बन्धि प्रतिवेदन इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत प्रवीण रमण पराजुलीलाई हस्तान्तरण गरेका हुन्।

नेपाल लाइफले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सगरमाथा सफाइ अभियान सञ्चालन गर्न राउण्ड टेबल नेपाल तथा प्राविधिक पार्टनर सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपिसिसी) सँग सहकार्य गरेको प्रमुख कार्यकारी अधिकृत पराजुलीले बताए। पहिलो चरणमा पाँच हजार किलोग्राम फोहर संकलन गर्न सफल भएकोमा यससँग आबद्ध सबै सरोकारवालाहरूलाई उनले धन्यवाद दिए। आगामी दिनमा पनि वातावरणको रक्षाका निम्ति र नेपालको धरोहर र पहिचानको रूपमा स्थापित सगरमाथाको सौन्दर्यतालाई कायम राख्न नेपाल लाइफ तयार रहेको पनि उनले बताए। प्रमुख कार्यकारी अधिकृत पराजुलीले सगरमाथा नेपाल मात्र नभइ विश्वकै गहना भएकाले यसको संरक्षण गर्न आवश्यक रहेको बताए।

राउन्ड टेबल नेपालका अध्यक्ष प्रवेश अग्रवालले सगरमाथा क्षेत्रमा यसपटक ५ हजार किलो फोहोर



संकलन गरिएको र आगामी दिनमा २५ हजार किलो फोहोर व्यवस्थापन गर्ने योजना बनाइएको बताए। साथै उनले राउन्ड टेबल नेपालले शिक्षा, स्वास्थ्य तथा वातावरणका क्षेत्रमा काम गर्दै आएको उल्लेख गर्दै यो अभियानलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे।

सगरमाथा विश्वकै आकर्षण भएकाले आरोहीहरूको संख्यासँगै फोहोर बढ्ने क्रम तीव्र रहेको अग्रवालले बताए। नेपाल सरकार र अन्तर्राष्ट्रिय जगतले पनि सफाइ प्रयास जारी राखिरहेको भएपनि प्रभावकारी हुन नसकेको भन्दै यस अभियानले ठूलो परिवर्तन ल्याएको विश्वास व्यक्त गरे। संकलन गरिएको फोहोरमध्ये कुहिने फोहोरलाई आधार शिविर भन्दा तल पुरिएको र नकुहिने फोहोरलाई ३० किलोको झोला बनाई काठमाडौं ल्याइको बताए। काठमाडौं ल्याइको फोहोरलाई खालिसीसीको सहकार्यमा रिसाइकलिङ गर्ने योजना रहेको बताए। साना प्रयासहरूले नै ठूलो प्रभाव पार्ने भन्दै अग्रवालले नेपाल लाइफलाई अभियानमा सहभागी भएकोमा धन्यवाद दिए।

सगरमाथा, संसारको सबैभन्दा अग्लो हिमाल, हरेक वर्ष हजारौं पर्वतारोहीहरूलाई आकर्षित गर्ने गरेको तर, मानव गतिविधिको वृद्धिसँगै सगरमाथा फोहोरको डंगुर बन्दै गएको छ। त्यागिएका टेन्टहरू, अक्सिजन सिलिन्डरहरू, खानेकुरा प्याकेजिङ, मानव फोहोर र पर्वतारोहण उपकरणहरू हिमालमा छोडिएको कारण यो विश्वकै सबैभन्दा अग्लो फोहोर थलो नबनोस् भन्ने अभिप्रायका साथ राउन्ड टेबल नेपालसँगको सहकार्यमा प्रोजेक्ट केयर अभियानलाई सहयोग गरेको इन्स्योरेन्सले जनाएको छ।

प्रतिवेदन हस्तान्तरण गर्न आयोजित कार्यक्रममा कम्पनीका नायव प्रमुख कार्यकारी अधिकृत अमितकुमार कयाल, राउन्ड टेबल नेपालका निवर्तमान अध्यक्ष नितेशकुमार अग्रवाल, राउन्ड टेबल नेपालका पदाधिकारीहरू, प्रोजेक्ट केयरको प्राविधिक साझेदारको रुपमा रहेको सगरमाथा प्रदूषण नियन्त्रण समितिका प्रतिनिधिहरू, फोहोर व्यवस्थापन, रिसाइकलिङ, र वातावरणीय संरक्षणमा योगदान पुऱ्याउँदै आएको संस्था खालिसीसीका प्रतिनिधिहरूको उपस्थिति थियो।

# उद्यमशीलता विकासका लागि 'काठमाडौं युथ कन्क्लेभ' हुँदै




**संवाददाता**
**काठमाडौं, भदौ ६**

युवामा उद्यमशीलता विकास, युवाको नेतृत्व, व्यवस्थापन र औद्योगिक सीप विकासमा सहयोग पुऱ्याउने उद्देश्यले शनिबार राजधानीमा 'काठमाडौं युथ कन्क्लेभ २०२५' आयोजना गरिने भएको छ। युवाहरूलाई जोड्न र आवश्यक नेतृत्व, उद्यमशीलता विकास, व्यवस्थापकीय र औद्योगिक सीपहरूद्वारा सशक्त बनाउनको लागि कन्क्लेभले कार्य गर्ने आयोजकको दाबी छ।

युनिभर्सल कलेज, फिनिक्स कलेज अफ म्यानेजमेन्ट र आर्यन स्कूल अफ इन्जिनियरिङ तथा म्यानेजमेन्टको संयुक्त आयोजनामा हुने कन्क्लेभले युवालाई उद्यमशीलता, नेतृत्व विकास, नेपालमा अवसर सिर्जना गर्ने, बौद्धिक पलायन रोक्ने र प्राज्ञिक विकासमा सहयोग पुग्ने कन्क्लेभका संयोजक राजु टण्डनले जानकारी दिए।

विद्यार्थीहरूलाई सही करियरको बाटो खोज्न मद्दत गर्ने, आशाजनक स्टार्टअप उद्यमहरूलाई प्रवर्द्धन गर्ने, सामाजिक संलग्नता र पहुँचलाई प्रोत्साहन गर्ने, परम्परागत शैक्षिक प्रणालीमा आवश्यक परिवर्तनहरू ल्याउने, सेलिब्रेटीहरू र सरोकारवालाहरूलाई फराकिलो युवा स्रोताहरूसँग जोड्ने युथ कन्क्लेभको प्रमुख उद्देश्य रहेको आयोजकले जनाएको छ।

राजधानीको कमलादीस्थित नेपाल प्रज्ञा-प्रतिष्ठानको सभाहलमा शनिबार बिहान १० बजे सुरू हुने कार्यक्रममा कलाकार हरिवंश आचार्य प्रमुख अतिथिको रूपमा उपस्थित हुनेछन्।

एक्सपर्ट एजुकेशनको शीर्ष प्रायोजनमा करिब पाँच हजार विद्यार्थी सहभागी हुने उक्त कार्यक्रम कलेजद्वारा आयोजित सबैभन्दा ठूलो नेतृत्व मञ्च हुने आयोजकको अपेक्षा गरेको छ। विद्यार्थीलाई सही दिशानिर्देश गर्न, सामाजिक संलग्नतामा उत्प्रेरित गर्न र परम्परागत शिक्षण विधिमा आवश्यक परिवर्तन ल्याउन कन्क्लेभ सहयोगी बन्ने आयोजकले जनाएकोछ। युवा विद्यार्थीहरूलाई उत्प्रेरित र प्रेरित गर्ने कार्यक्रम केवाइसी कन्क्लेभमा काठमाडौं उपत्यकासहित देशका मुख्य शहरवाट पनि विद्यार्थीले सहभागिता जनाउने भएका छन्।

परम्परागत शिक्षण विधिमा आवश्यक परिवर्तन ल्याउँदै नयाँ विधिको प्रवर्द्धन गर्ने कार्यक्रमको उद्देश्य रहेको छ। यस्तै युवा विद्यार्थीहरूलाई पढाइका साथै उद्यमशीलता र व्यवसायिक विकासमा सघाउने तथा विभिन्न सेलिब्रेटी र अन्य विशिष्ट व्यक्तिको ज्ञान र अनुभवलाई युवावर्गसँग जोड्ने लक्ष्य कार्यक्रमको छ।

कार्यक्रममा गीत, संगीत, हास्यव्यङ्ग्यसहित देशका ख्यातिप्राप्त व्यक्तित्वहरूले आफ्ना सफलताका कथा, ऊर्जा र उत्प्रेरणाका विचारहरू प्रस्तुत गर्ने छन्।

कार्यक्रमबाट सरकारलाई युवा विद्यार्थीका माग र सरोकारका विषयमा गम्भीर बन्न आग्रह गरिने कार्यक्रम संयोजक टण्डनले बताए। सम्मेलनबाट विद्यार्थीलाई देशप्रेमी बनाउन मद्दत गर्ने विश्वास लिइएको छ। युवामा विदेश मोह बढ्दै गइरहेका बेला स्वदेशमै प्रशस्तै सम्भावना छन् भनेर उत्प्रेरणा थप्ने काम गरिने आयोजकको दाबी छ।

# ग्यास भण्डारको उत्पादकत्व निर्धारण गर्न 'जिटुजी'मार्फत अनुरोध

काठमाडौं। उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले दैलेखमा भेटिएको प्राकृतिक ग्यासको भण्डारको उत्पादकत्व निर्धारण गर्न चीन सरकारको सहयोगका लागि 'जिटुजी' मार्फत अनुरोध गरिएको बताएका छन्।

राष्ट्रियसभाको शुक्रबारको बैठकमा सांसदहरूको प्रश्नको जवाफ दिँदै उनले भण्डारको उत्पादकत्व निर्धारण गर्न उत्पादन परीक्षणसम्म आवश्यक पर्ने भएकाले सो कार्य पनि चीन सरकारकै सहयोगमा सम्पन्न गर्न सो अनुरोध पठाइएको जानकारी दिएका हुन्।

चीन सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा २०८१ माघमा दैलेखको भैरवी गाउँपालिका वडा नं. १, जलजलेमा चार हजार १३ मिटर ड्रिलिङ सम्पन्न गरिएको थियो। सो कार्यमा संलग्न चाइना जियोलोजिकल सर्भेबाट प्राप्त प्रारम्भिक प्रतिवेदनअनुसार हालको ड्रिलिङ साइटमा करिब एक सय १२ दशमलव एक अर्ब घनमिटर प्राकृतिक ग्यास (मिथेन) रहेको अनुमान गरिएको छ।

त्यसैगरी खानी तथा भूगर्भ विभागको तथ्याङ्कानुसार जाजरकोट, दैलेख र अछामसहितका विभिन्न स्थानमा काइनाइट र तुर्मालिनलगायतका महत्त्वपूर्ण पत्थरी धातुहरू रहेको प्रष्ट भएको छ। ती धातुहरूको औद्योगिकीकरण तथा व्यापारीकरणका लागि सरकार प्रयत्नशील रहेको मन्त्री भण्डारीको भनाइ छ। आर्थिक वर्ष २०८१/८२ मा सुर्खेतको वीरेन्द्रनगरस्थित भूकम्प मापन केन्द्र परिसरमा जेमोलोजी तथा मिनरलोजी ल्याब स्थापना गरी काट्ने र चम्काउने उपकरण जडान गरिएको छ। उनले भविष्यमा यसलाई विस्तार गर्दै व्यवसायीलाई सीप हस्तान्तरण गरी मूल्य अभिवृद्धि गरेर निकासी गर्ने प्रबन्ध मिलाउन सरकार क्रियाशील रहेको बताए।

यसैगरी नेपाल सरकारले निजी क्षेत्रसँग सहकार्य गरेर पूर्वी र पश्चिमी नेपालमा पत्थरी धातु संकलन केन्द्र स्थापना गर्ने बाह्य निकासी हुने दररेटमै संकलन गर्न व्यवसायीलाई उत्प्रेरित गर्नुका साथै अन्तर्राष्ट्रियस्तरको जेम प्रशोधन केन्द्र स्थापनाका लागि पहल गर्ने योजना रहेको बताए।

# नेपाल र भूटानका दुई संस्थाबीच सम्झौता

काठमाडौं। पर्यटन सहकार्यलाई सुदृढ पार्ने उद्देश्यका साथ नेपाल र भूटानबीच सम्झौता भएको छ। नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) र एसोसिएसन अफ भूटानिज टुर अपरेटर्स (एब्टो) बीच दुई देशको पर्यटन सहकार्यलाई सुदृढ पार्ने उद्देश्यका साथ सम्झौता भएको हो।

सम्झौतापत्रमा नाट्टाका अध्यक्ष कुमारमणि थपलिया र एब्टोका अध्यक्ष किन्ले ग्याल्त्सेनले हस्ताक्षर गरेका छन्। सहमतिपत्रले दिगो पर्यटन प्रवर्द्धन गर्ने साझा दृष्टिकोणसहित पर्यटन विकासमा सहकार्यलाई संस्थागत गर्ने आधार निर्माण गरेको नाट्टाद्वारा आज जारी विज्ञप्तिमा जनाइएको छ।

दुवै संस्था आपसी जानकारी आदान-प्रदान, विचार र सीपको साझेदारी गर्दै यात्रा व्यापार उद्योगलाई सुदृढ पार्ने र नेपाल–भूटानका साथै दक्षिण एसियाली क्षेत्रमा दिगो पर्यटन प्रवर्द्धन गर्ने विषयमा सहमत भएका छन्। सम्झौताले सांस्कृतिक संरक्षण, वातावरणीय दायित्व र सामुदायिक सहभागितालाई प्राथमिकता दिने र पर्यटनलाई सकारात्मक परिवर्तनको शक्तिमा रूपान्तरण गर्ने विश्वास लिइएको छ।

नाट्टका अध्यक्ष थपलियाले उक्त सम्झौताले नेपाल र भूटानबीचको आपसी पर्यटन प्रवर्द्धनलाई अझ बलियो बनाउँदै हिमाली क्षेत्रलाई दिगो पर्यटनको विश्वस्तरीय गन्तव्यका रूपमा स्थापित गर्ने विश्वास व्यक्त गरे।

# गुगलको नयाँ स्मार्टफोनमा उन्नत एआई प्रयोग

काठमाडौं । गुगलले बुधबार आफुनो नयाँ स्मार्टफोन सिरिज पिक्सेल १० सार्वजनिक गरेको छ। यसमा अत्याधुनिक कृत्रिम बुद्धिमत्ता (एआई) सुविधा थपिएको छ, जसले फोन प्रयोगलाई अझ सहज, स्मार्ट र आकर्षक बनाउने गुगलको दाबी छ। कम्पनीले स्मार्टफोनको यो मोडलमा भएका सुविधाले हालसम्म प्रयोगकर्ताका लागि 'खेल नै बदल्ने' प्रविधिको अनुभव हुने बताएको छ।

यसपटकको पिक्सेल १० सिरिजमा चार मोडल छन्। यी हुन् पिक्सेल १०, पिक्सेल १० प्रो, पिक्सेल १० प्रो एक्सएल र फोल्डेबल मोडल। यीमध्ये महँगो मोडल किन्ने ग्राहकलाई गुगलले एक वर्षको एआई प्रो प्लान निःशुल्क दिने घोषणा गरेको छ। यो प्लानमार्फत प्रयोगकर्ताले गुगलको जेमिनी एआई टुलकिट प्रयोग गर्न सक्नेछन्।

नयाँ फोनमा धेरै रोचक सुविधा थपिएका छन्। सबैभन्दा ठूलो आकर्षण हो 'म्याजिक क्यू। यो सुविधा फोनमा भएका जानकारी स्वचालितरूपमा निकालेर प्रयोगकर्तालाई आवश्यक समयमा देखाउँछ। उदाहरणका लागि, यदि प्रयोगकर्ता वायुसेवा कम्पनीका काउन्टरमा फोन गर्दैछन् भने यो फिचरले तुरुन्तै जीमेल वा गुगल क्यालेन्डरमा भएको उडान जानकारी देखाउँछ।



यसका साथै, फोनमा 'क्यामेरा कोच' नामक सुविधा पनि छ, जसले फोटो खिच्दा कुन कोण, प्रकाश र मोड प्रयोग गर्ने भनेर सुझाव दिन्छ। यसले फोटो अझ राम्रो र व्यावसायिक स्तरको बनाउन मद्दत गर्छ।

उच्चस्तरीय मोडलहरू- पिक्सेल १० प्रो र प्रो एक्सएलमा 'सुपर रेज' फिचर पनि छ। यसको माध्यमबाट फोनले सफ्टवेयर र एआईको प्रयोग गरेर १०० गुणासम्म जुम गर्न सक्छ। यसले धेरै टाढाका वस्तुहरू पनि स्पष्ट देखाउन सक्छ। साथै, यो स्मार्टफोनले फोन कुराकानीलाई तुरुन्तै विभिन्न भाषामा अनुवाद गर्न सक्छ। अनुवाद गर्दा आवाज पनि सहभागी व्यक्तिहरूकै जस्तो राखिनेछ।

यी सबै सुविधाहरूका बावजुद गुगलले मूल्य भने बढाएको छैन। मूल्य गत वर्षजस्तै राखिएको छ। सामान्य मोडल करिब ८० हजार रुपैयाँ (८०० अमेरिकी डलर), प्रो मोडल करिब १ लाख रुपैयाँ, प्रो एक्सएल करिब १ लाख २० हजार रुपैयाँ र फोल्डेबल मोडल करिब १ लाख ८० हजार रुपैयाँ पर्छ। गुगलका अनुसार पिक्सेल १० र अन्य सामान्य मोडलहरू आगामी अगस्त २८ देखि बजारमा आउनेछन् भने फोल्डेबल मोडल अक्टोबर ९ देखि उपलब्ध हुनेछ।

गुगलले आफ्नो प्रस्तुतीकरणमा एप्पलको नाम नलिए पनि विज्ञापनमार्फत आइफोनको कमजोरीलाई व्यंग्य गर्दै भनेको छ, 'हाम्रो एआई सुविधा तुरुन्तै उपलब्ध छ, वर्षौं पर्खनुपर्दैन।' वास्तवमा एप्पलले अझै धेरै एआई सुविधा ल्याउन सकेको छैन र सिरीलाई अझ स्मार्ट बनाउन गरिएको वाचा पनि पूरा गर्न सकेको छैन।

प्रविधि विश्लेषकहरूका अनुसार पिक्सेल १० सिरिज गुगललाई स्मार्टफोन बजारमा बलियो बनाउनेछ। विशेषगरी एआईको प्रयोगले यो स्मार्टफोनलाई प्रतिस्पर्धीहरूमध्ये अग्रस्थानमा पुर्याउने अनुमान गरिएको छ। एप्पलले अर्को महिनामा नयाँ आइफोन ल्याउने तयारी गरेको छ, तर त्यसमा एआई सुविधाहरू सीमित रहने सम्भावना छ।

गुगलले यो नयाँ प्रोडक्टमार्फत प्रयोगकर्तालाई स्मार्टफोनमा एआइको प्रयोगमा नयाँ अनुभव दिने लक्ष्य राखेको छ। कम्पनीको भनाइमा, पिक्सेल १० केवल फोन मात्र होइन, एआई प्रविधिको भविष्य हो।

# व्यवसायीलाई करसम्बन्धी तालिम

चितवन। आन्तरिक राजस्व कार्यालय चितवनले नयाँ करदातालाई आयकर, अन्तशुल्क, मूल्य अभिवृद्धि कर(भ्याट)बारे जानकारी दिन सुरु गरेको छ। कार्यालयले चालु आर्थिक वर्ष सुरु भएपछि कार्यालयमा दर्ता भएका करदातालाई शिक्षा दिन थालेको हो।

कार्यालयका प्रमुख पुण्यविक्रम खड्काका अनुसार आर्थिक ऐन २०८२ ले गरेका व्यवस्थाबारे करदातालाई शिक्षा दिन सुरु गरिएको हो। व्यवसायीलाई आयकर, अन्तशुल्क, मूल्य अभिवृद्धि करबारे जानकारी दिइएको छ। उनले भने, 'बिलबिजकको प्रयोग, करसम्बन्धी 'पोर्टल'सञ्चालनबारे सिकाएका छौं।'

उक्त कार्यालयमा गत आर्थिक वर्षमा दुई हजार ३२५ व्यवसाय दर्ता भएका थिए भने चालु आवको पहिलो महिनामा ३५७ व्यवसाय दर्ता भएका छन्। चालु आवको पहिलो महिनामा १५ लाख ३३ हजार ९ सय ११ रुपैयाँ राजस्व संकलन भएको छ। गत आवमा २५ अर्ब नौ करोड सात लाख ३२ हजार रुपैयाँ संकलन भएको थियो। रासस

# दर्शकलाई बेलामौका हँसाउँछ




**अच्युत कोइराला**

अचानक कसैले अकूत सम्पत्ति फेला पाऱ्यो भने ७० प्रतिशत मान्छेहरू पाँच वर्षभित्र नै कंगाल हुन्छन् भन्ने एउटा अध्ययनले देखाएको छ। अमेरिकामा गरिएको अनुसन्धान, नेशनल इन्डोअमेन्ट फर फाइनान्सियल एडुकेशन २०१८ को निष्कर्षअनुसार यस्ता मान्छेमा पैसाको व्यवस्थापनबारे सोच्न सक्तैनन्। असावधानीपूर्वक खर्च गर्ने, ठूलो ऋण लिने र ठगिने सम्भावना भरपूर हुन्छ।

त्यसो त, सबै चिठ्ठा पाउनेको अन्त्य त्यस्तै हुन्छ भन्ने छैन। स्वीडेनमा सन् २०१६ मा इन्स्टिच्यूट फर इभाल्युएशन अफ लेबर मार्केट एन्ड एडुकेशन पोलिसीले दशकौंसम्म त्यहाँका ३ हजार ५ सय भन्दा बढी चिठ्ठा विजेताको बानी बेहोरा हेऱ्यो। अध्ययनमा तिनको आय, सम्पत्ति र जीवनस्तर सामान्यभन्दा राम्रै रह्यो। अध्येताले अध्ययनको निष्कर्षमा भनेका छन्, 'सबै चिठ्ठा विजेता गरीवै भएर मर्दैनन्। आर्थिक व्यवहार उनीहरूले कसरी सल्टाउँछन्, त्यसमा उनीहरूको आर्थिक स्वास्थ्य भर पर्छ।'

यसैगरी बेलायत र क्यानडामा गरिएका केही अध्ययनले भने ठूलो रकमका विजेताहरूले व्यवसाय शुरु गर्ने र सुरक्षित लगानी गर्छन्। तर अधिकांशको पारिवारिक समस्या हुने, सम्बन्ध विच्छेद, मानसिक तनाव तथा ठगिनेजस्ता समस्याहरू बढेर जान्छन्।

पैसा नटिक्नुमा अचानक धनी भएपछि खर्च नियन्त्रण हुँदैन। आफन्त र साथीभाइहरूले सापट मागेरै हैरान पार्छन्। लगानीको ज्ञान अभावका कारण जोखिमपूर्ण ठाउँमा लगानी हुने गर्छ। त्यसपछि उनीहरूको जीवनमा नयाँ नयाँ व्यसन पनि थपिन्छ। उनीहरू रक्सी जुवा र क्लबमा बढी समय बिताउन थाल्छन्।

यो मेरो होइन, 'द साइकोलजी अफ मनी' पुस्तकका लेखक मोर्गन होसलको अध्ययन निष्कर्ष हो।

नेपालमा चाहिँ अचानक कोही धनी भयो भने के हुन्छ? त्यसको झल्को हिजोबाट देशभरि नै रिलिज भएको फिल्मले बुझाउने प्रयास गरेको छ। नेपालीसँग पैसा भयो भने उसले बाँडेरै सक्छ तर पनि ऊ कंगाल हुँदैन। बरु ऊ राजनीतितर्फ आकर्षित हुन्छ।

फिल्म समीक्षक डान हेचिङले हालै 'सुपरम्यान' फिल्ममाथि टिप्पणी गर्दै सीएनएनमा भनेका थिए- द सिल्ली, सटिस्फाइङ एन्ड सेन्टिमेन्टल क्यामियोस् इन् सुपरम्यान। 'सुपरम्यान' हेर्दाका सिल्ली, सटिस्फाइङ र सेन्टिमेन्टल क्यामियो बारे चर्चा गर्दै उनले फिल्ममा ब्राडली कूपर, विल रिभ, जोन सिना, माइकल रुकर र पोम क्लमेन्टिफजस्ता कलाकार देख्न पाउँदा कसरी दर्शक खुशी भए भन्ने टिप्पणी गरेका थिए।

'माग्ने बूढा'ले पनि हामीलाई यस्तै 'सिल्ली, सटिस्फाइङ र सेन्टिमेन्टल' बनाउने गरी केही क्यामियो चरित्रहरू देखा पर्छन्। तिनको पर्दामा हुने उपस्थितिले दर्शकलाई 'अहो फलानो पनि रै'छ' भन्ने महसूस गराउँछ।

अन्य आम नेपाली फिल्मजस्तै यसको कथा पनि गाउँबाट शुरु हुन्छ। कुनै गाउँमा मगन्ते नारायण उसकी आमासँग बसिरहेको छ। उसका बुवा हराएकाले हजुरबाले खाएको ऋण ऊ अहिले पनि तिर्दैछ। गाउँभरिको ऋण भएकाले ऊ भाग्दै हिँडिरहेको छ। यस्तै भाग्ने क्रममा एक दिन मगन्ते उर्फ कुबेरले एउटा गाडधन फेला पार्छ।

गाडधनलाई नगदी गर्न ऊ काठमाडौं आउँछ। काठमाडौंमा टाढाको भान्जा पर्नेसँग ऊ शहर डुल्छ र गाडधनलाई नगद बनाउँछ। नगद आएपछि ऊ मन परेकाहरूलाई पैसा बाँड्दै हिँड्छ, गाउँमा ऋण तिर्छ।

अब एउटा दरिद्रको हातमा पैसा आएपछि उसले त्यो रकमलाई 'डाइभर्सिफाई' गर्दै विभिन्न ठाउँमा लगानी गर्छ। उसको दुश्मनी अचानक काठमाडौंको मेयरसँग चुलिन्छ। मेयरका कारण सम्पत्ति शुद्धिकरण मुद्दामा फस्छ। उसले यति दुःख पाउँछ कि त्यसपछि ऊ राजनीतिमा घुस्न बाध्य हुन्छ।

यसपछि मगन्तेले 'नो भोट'को क्याम्पेन चलाउँछ। सारा जनता उसको कुरामा लागेर 'नो भोट' सफल बनाउँछन्। त्यसपछि मगन्ते गाउँ फर्कन्छ।

घुमाउरो पाराले फिल्मले एउटा निर्दयी सत्य बताउँछ, राजनीति अब सर्वसाधारणको बुताको कुरा रहेन। यदि सर्वसाधारण राजनीतिमा आउँछ भने पनि उसले गाडधन फेला पारे मात्र सम्भव छ।

यो फिल्म हेर्न पंक्तिकार उत्सुक हुनुको एउटै कारण थिए, केदार घिमिरे अर्थात् माग्ने बूढा। उनमा कुनै नायकत्व छैन र पनि उनी फिल्मका नायक हुन्। फिल्मले केही दृश्यमा मनग्य हँसाउँछ। खासगरी केही संवाद कुत्कुत्याउने छन्। तर फिल्म निर्माण समूहले माग्ने बूढालाई मूल भूमिकामा लिएर निर्माण टोलीले एउटा जोखिम मोलेको छ।

अब माथिको कुरामा आऊँ, क्यामियोबारे। यो फिल्ममा उषा खड्गी राष्ट्रिय भाउजू बनेकी छन्। एकै दृश्य भए पनि उनले आफ्नो उपस्थिति देखाएकी छन्। केही दृश्यमा चकलेटी नायक आर्यन सिग्देल पनि छन्। उनी अमेरिकाबाट नेपालमा 'केही गर्न' फर्किएका पात्रका रुपमा देखिन्छन् तर कुनै उनी जमेका छैनन्। मन नलागी काम गरेजस्तो देखिन्छ, उनको अभिनयमा। यसैगरी फिल्ममा पुराना केही कलाकारहरू पनि देखिन्छन्। यी सबै क्यामियोहरूले दर्शकलाई सुखद् आश्चर्य दिन्छन्। फिल्ममा वर्षा सिवाकोटीले फिल्ममा आफ्नो क्षमता देखाउने काम पाएकी छैनन्। विल्शन विक्रम राईको चरित्र फिल्मको अन्त्यतिर अचानक उल्टो गतिमा हिँड्दा दर्शक आश्चर्य मान्छन्। यसरी व्यैयक्तिक रुपमा फिल्मका कलाकारहरूले आफ्नो भूमिकामा न्याय गरेका छन् तर फिल्मको मूलकथा बरालिने र छिपछिपे रुपमा कथा कहने नेपाली फिल्मको पुरानै रोगले यसलाई पनि थला पारेको छ।


यसको छायाँकन नरेन्द्र मैनालीले गरेका छन्। उनका केही ड्रोन सटहरू सुन्दर देखिएका छन्। अहिले सबैभन्दा सजिलो नेताहरूलाई गाली गर्नुमा छ। त्यही कुरा अदालतको दृश्यमा होस् कि अन्यत्र यो फिल्ममा पर्याप्त प्रयोग गरिएको छ। केही सामाजिक टिप्पणी र संवादमा सामीप्य तिमल्सेना प्रभावकारी देखिन्छन्। यसरी हेर्दा हतारमा लेखिएको फिल्मको छनक दिन्छ।

समग्रमा यो राम्रो सम्भावना बोकेको एउटा औसत फिल्म बन्न पुगेको छ। फिल्मले मध्यम आकारको व्यापार गर्ने छनक दिए पनि निर्देशक ऋषि लामिछानेले राम्रो फिल्म बनाउने अवसर गुमाएका छन्।

**चलचित्रः** माग्ने राजा
**निर्देशकः** ऋषि लामिछाने
**कलाकारहरूः** केदार घिमिरे, वर्षा सिवाकोटी, विल्सन विक्रम राई, शिशिर वाङ्देल र अन्य
**गुणस्तरः** *****



# शेक्सपियरको घरेलु विवाद



१७औँ शताब्दीको एउटा वसीयतले विलियम शेक्सपियरको ठूलो घर स्ट्र्याटफर्ड-अपन-एभनमा पारिवारिक विवाद निम्त्याएको रहस्य यतिबेला खुलेको छ।

वसीयतलाई २५ अगस्ट १६४२ मा थोमस नासले तयार पारेका थिए। यो वसीयत बेलायतको नेशनल आर्काइभ (राष्ट्रिय अभिलेखागार)का इतिहासकार डा. ड्यान गोसलिङले फेला पारेका हुन्। उनले सयौँ कानूनी कागजपत्र भएको तर सूचीबद्ध नगरिएका बाकसहरू खोज्दै गर्दा फेला पारिएको हो।

डा. गोसलिङका अनुसार, यो वसीयतलाई १९औँ शताब्दीको अन्त्यतिर फाइल गरिएको थियो। त्यसैले करीव १५० वर्षदेखि कसैले यसलाई ध्यान दिएर हेरेको थिएन। उनले भने, 'यो प्रमाणले के देखाउँछ भने शेक्सपियरले आफू मर्नुअघि बनाएको वसीयत कार्यान्वयन सहज र विवादरहित अवस्थामा थिएन।'

नासे भनेर चिनिने वकिल थोमस नास शेक्सपियरकी नातिनी एलिजाबेथ हलका पति थिए। उनीहरू शेक्सपियरको घर न्यू प्लेसमा बस्थे। यो घर त्यो बेलाको गाउँभरिकै ठूलो घर मात्र नभई शहरकै दोस्रो ठूलो घर थियो।

तर, नासले वसीयतमा आफू बसेको घरलाई आफ्ना काकाका छोरा एडवर्डलाई दिए। उनलाई त्यस्तो उपहार दिने अधिकार कानूनी रुपमा थिएन।

यो सम्पत्ति शेक्सपियरले पहिले नै आफ्नी जेठी छोरी सुजानालाई दिएका थिए। सुजाना त्यतिबेला जीवित थिइन्। उनी छोरी एलिजाबेथ र ज्वाई नाससँगै त्यही घरमा बस्थे।

नासको मृत्यु सन् १६४७ मा भएपछि, सुजाना र एलिजाबेथले कानूनी कागजपत्र हात पारे। त्यतिबेला पनि उनीहरूको सम्पत्तिको स्वामित्व उनीहरूसँगै रहेको देखिन्छ। तर, अर्को वर्ष एडवर्डले अदालतमा मुद्दा हाले र आफ्नो दिवंगत दाइको इच्छालाई मान्नुपर्ने माग गरे।

यो मुद्दा च्यान्सरी अदालतमा पुग्यो। एलिजाबेथले आफ्ना दिवंगत श्रीमान् थोमस नासले आफ्नो अधिकारमै नभएको शेक्सपियरको घर कसैलाई दिन नपाउने प्रमाण देखाइन्। त्यसपछि हजुरबाबाट उपहारमा आफ्नी आमा सुजानालाई दिइएको यो घरको अधिकार आफूमा हुनुपर्ने भनी एलिजाबेथले प्रमाण पेश गरिन्।

इतिहासकार डा. गोसलिङ भन्छन्, 'पछि एलिजाबेथले अदालतबाहिरै मिलापत्र गरेर १६७० मा आफ्नो मृत्यु नहुञ्जेल त्यही घरमा बस्ने अवसर पाइन्।'

यसरी डा. गोसलिङले एउटा अञ्जान वसीयत पढ्दै गर्दा त्यो वसीयत प्रख्यात नाटककार विलियम शेक्सपियरसँग जोडिएला भन्ने कल्पनै गरेका थिएनन्। उनले बीबीसीलाई भने, 'जब म यो वसीयत पढ्न थालेँ, पढ्दै गर्दा चकित भएँ। हेर्दाहेर्दै यो च्यान्सरी अदालतको मुद्दामा शेक्सपियर परिवार र उनका सन्तानहरूसँग कसरी प्रत्यक्ष जोडिएको रहेछ भन्ने पत्ता लाग्यो। यसरी एउटा सम्पत्ति विवाद एउटा कागजले छताछुल्ल बनाइदियो।'



# 'उरमाल'लाई मदन पुरस्कार, गिरीलाई 'जगदम्बाश्री'




नेपालकै प्रतिष्ठित साहित्य पुरस्कार मानिने मदन पुरस्कार यस वर्ष छुदेन काविमोको 'उरमाल'ले प्राप्त गरेको छ। यस्तै पाँच दशकदेखि लोक-संस्कृतिका क्षेत्रमा सक्रिय प्रेमदेव गिरीलाई 'लोकभाका संकलन र संरक्षणमा विशिष्ट योगदान गरेबापत' २०८१ सालको जगदम्बाश्री अर्पण गरिने भएको छ।

भदौ ६ गते मदन पुरस्कार गुठीको साधारण सभाले सो निर्णय गरेको गुठीका अध्यक्ष कुन्द दीक्षितद्वारा हस्ताक्षरित विज्ञप्तिमा जनाइएको छ।

पुरस्कारका लागि २०८१ सालभरि प्रकाशित २९९ पुस्तक प्राप्त भएको जनाउँदै गुठीले यसअघि सात पुस्तकलाई छोटो सूचीमा राखेको थियो। तीमध्ये रमेश भुसालको 'छालबाटो', कुमारी लामाको 'दर्ज्यु संलाप', मनप्रसाद सुब्बाको 'पञ्चतत्वको पालाम', श्रेयज सुवेदीको 'बहुरुपी', 'सुधीर शर्माको 'भिक्षु, व्यापार र विद्रोह,' र तीर्थ गुरुङको 'हिउँको गीत' सूचीमा परेका थिए।

२०१२ सालमा स्थापित मदन पुरस्कार पहिलो पटक २०१३ सालमा गद्यविधामा सत्यमोहन जोशीको 'हाम्रो लोक संस्कृति', सामाजिक शास्त्रमा चित्तरञ्जन नेपालीको जनरल भीमसेन थापा र तत्कालीन नेपाल' तथा विज्ञान विधामा बलराम जोशीको 'अधिकविभव स्थिरविद्युत् उत्पादक' पुस्तकलाई प्रदान गरिएको थियो। २०४५ सालमा रानी जगदम्बाको निधनपछि उहाँको सम्झनास्वरुप जगदम्बाश्री पुरस्कार स्थापना गरिएको थियो। यो सम्मान पहिलो पटक नारायण गोपाललाई अर्पण गरिएको विज्ञप्तिमा जनाइएको छ।

नेपाल तथा बाहिरबाट नेपाली भाषामा प्रकाशित पुस्तकहरूमध्येबाट एउटा पुस्तकलाई मदन पुरस्कार तथा विभिन्न माध्यमबाट नेपाली भाषा, वाङ्मय र संस्कृतिको श्रीवृद्धिका लागि योगदान गर्नेहरू व्यक्ति वगा संस्थालाई जगदम्बाश्री अर्पण गर्ने गरिएको गुठीका अध्यक्ष कुन्द दीक्षितले जनाएका छन्।



फ्रान्सको प्रख्यात भर्साइल्स दरबारमा आतिशबाजी प्रदर्शन गर्दै। *एपी फोटो/अरेलियन मोरिसार्ड*

# गोविन्दा र सुनिताको पारपाचुके



बलिउडका लोकप्रिय अभिनेता गोविन्दाले पत्नी सुनीता आहुजासँग पारपाचुके गर्ने भएका छन्। केही महिनायता उनीहरूको दाम्पत्य जीवन सुखद् नरहेको चर्चा चलिरहेका बेला गोविन्दाले पारपाचुकेका लागि अदालतमा मुद्दा हालेको सार्वजनिक भएको छ।

अर्को एक खबरअनुसार पारपाचुकेका लागि सुनीताले मुद्दा दर्ता गराएकी हुन्। उनले सन् २०२४ को डिसेम्बर ५ मा नै बान्द्रास्थित पारिवारिक अदालतमा पारपाचुकेका लागि निवेदन दिएकी थिइन्। सुनीताले हिन्दू म्यारिज एक्ट १९९५ को धारा १३ (१) अनुसार दायर गरिएको बताइएको छ।

पारपाचुकेको मुख्य कारण गोविन्दाले गरेको व्यभिचार, क्रूरता र लामो समयसम्म गरेको अपमान रहेको बताइएको छ।

अदालतले गोविन्दालाई यस विषयमा थप जानकारीका लागि हाजीर हुन आदेश दिएको भए पनि उनी हाजीर नभएको बताइएको छ। यसपछि गएको मे २०२५ मा उनीविरुद्ध कारण देखाऊ आदेश जारी गरिएको थियो।

गएको जून महिनामा यो जोडीबीच सुलह गराउनेबारे छलफलसमेत भएको थियो। सुलहका बारेमा आफू चासो राख्ने भएकाले अदालत पुगे पनि गोविन्दा नपुग्ने गरेको आरोप लगाइएको हटरफ्लाई नामक समाचार संस्थाले जनाएको छ। यसपछि भने अब उनीहरूबीच सुलह हुने सम्भावनाको अन्त्य भएको मानिदैछ।

नेपाल न्यूज पब्लिकेशन्स् प्रा.लि. द्वारा प्रकाशित, बालुवाटार, काठमाडौं, फोन नं. : ०१-४५००७७७, इमेलः news@news24dainik.com, अध्यक्षः अनिल जोशी, प्रबन्ध निर्देशकः अदिश जोशी, प्रधान सम्पादकः तीर्थ कोइराला